# रातो खबर साप्ताहिक

Ratokhabar weekly

वर्ष ५, अङ्क २६, पूर्णाङ्क २२१ | २०७६ पुस ९ गते बुधबार | Wednesday, 25 Dec 2019 | www.eratokhabar.com | मूल्य रु. १०


## नेता दीपेश र सुरेन्द्रलाई बेपत्ता बनाएकोमा नेकपाको गम्भीर चेतावनी




नेपाल कम्युनिस्ट पार्टी सगरमाथा ब्युरोले पार्टीका नेता दीपेश र सगरमाथा ब्युरो सदस्य एवम् उदयपुर जिल्ला पार्टी सेक्रेटरी सुरेन्द्र थापालाई उदयपुर कटारी नगरपालिकाको वडा नं. ७ रिस्कुबाट गैरन्यायिक तरिकाले गिरफ्तार गरी बेपत्ता बनाएको भन्दै सरकारलाई चेतावनी दिएको छ। ब्युरो इन्चार्ज अनुभव क्रान्तिले विज्ञप्ति ... बाँकी पृष्ठ ३ मा

# देउवा–वली रहस्यमय गठबन्धन

## अमेरिकी सैन्य गठबन्धनमा धकेलिँदै नेपाल, एमसीसी सम्झौता सैन्य अखडा कायम गर्ने अमेरिकी षड्यन्त्र

■ **रातो खबर संवाददाता**/काठमाडौं

सन् १९४७ मा अमेरिकाले साम्यवादको बढ्दो प्रभाव रोक्न 'हिन्द-प्रशान्त रणनीति-१९४७' को गठन गरेको थियो। उक्त सैन्य गठबन्धन चीनको बढ्दो शक्तिसँगै सन् २००४ मा नेपालमा पनि लागू गर्ने निर्णय अमेरिकाले गर्‍यो। सैन्य गठबन्धनमा समावेश हुन आलटाल गर्ने देशहरूलाई उक्त सैन्य गठबन्धनमा समावेश गर्न अमेरिकाले पूर्वाधार निर्माण र विकासका नाममा संलग्न गराउने नीति लिएको छ। त्यसका लागि अमेरिकाले 'मिलिनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी)' गठन गरेको छ। उसले नेपालको 'सडक र ट्रान्समिसन लाइन निर्माण' मा लागू गर्नेछ। यो लगानी हिन्द-प्रशान्त रणनीतिको नै अङ्ग भएको कुरा १ जुन २०१९ को पेन्टागन (संयुक्त राज्य अमेरिका, रक्षा मन्त्रालय) को विज्ञप्तिले स्पष्ट गरेको छ। त्यसैले अमेरिकाको एमसीसी परियोजना सैन्य गठबन्धन हो कि होइन ? भन्ने बहस नै निरर्थक छ। सत्तारूढ पार्टीको बैठकमा नै अमेरिकी सैन्य गठबन्धनमा सहभागी नहुन व्यापक दबाब आएपछि उक्त पार्टीका कनिष्ट अध्यक्ष दाहालले 'इन्डो-प्यासिफिक रणनीतिअन्तर्गत भए अमेरिकाको मिलिनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) सम्झौता स्वीकार नगर्ने' बताएका छन्। 'इन्डो प्यासिफिक रणनीतिअन्तर्गत भए' भन्ने भनाइ नै गलत छ। पेन्टागनले नै स्पष्ट गरिसकेको विषय फेरि के अध्ययन हो ? स्पष्ट छ, बैठक टार्ने र अमेरिकी सैन्य गठबन्धनमा देशलाई धकेल्ने षड्यन्त्र भैरहेको छ।



**सम्झौताका केही बुँदाहरू**

*धारा ३, दफा ३.८ (क) :* एमसीसी परियोजनाको लेखा परीक्षण अमेरिकाको लेखा परीक्षण कम्पनीले गर्ने।

*धारा ५, दफा ५.१ (क) :* अमेरिकी सरकारले चाहेमा सम्झौतालाई जुनसुकै बेला लिखित पूर्वसूचना नदिईकन भङ्ग गर्नसक्ने।

*धारा ७, दफा ७, उपदफा १ :* **प्रस्तुत सम्झौता लागू भएपछि सम्झौता र नेपालको राष्ट्रिय कानुन बाझिएमा सम्झौता लागू हुनेछ।**

नेपाललाई अमेरिकी सैन्य गठबन्धनमा धकेल्ने सरकारी रणनीतिका विरुद्ध आवाज चर्किँदै गएपछि परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीले एमसीसी हिन्द-प्रशान्त रणनीतिको अङ्ग नभएको कमजोर तर्क गरेका छन् जब कि पेन्टागनको १ जुनको विज्ञप्तिले ज्ञवालीको तर्कलाई खण्डन गरिसकेको छ। त्यति मात्र होइन, वली सरकार संलग्न नभए पनि नेपाल 'इन्डो प्यासिफिक स्टाटेजी' मा संलग्न भैसकेको खुलासा गरिसकेको छ।

२०७४ भदौ २९ गते नेपाल सरकार र एमसीसीबीच सम्झौता भएको हो। त्यसपछि २०७५ असार ३० गते परराष्ट्र मन्त्रालयका तर्फबाट सरकारले सदनमा अनुमोदनका लागि पेस गर्‍यो तर तत्कालीन सभामुख बाँकी पृष्ठ ७ मा

## सरकारलाई धम्क्याउँदै एनसेल

नेपालमा व्यापार गरिरहेका कम्पनीहरूले नेपालको कानुन र राज्यलाई कसरी कठपुतली बनाउँछन् र समानान्तर गतिविधि गरेर ब्रह्मलुट गर्छन् भन्ने उदाहरण बनेको छ दूरसञ्चार सेवा प्रदायक विदेशी कम्पनी एनसेल। निर्वाचनमा संसदीय पार्टीहरूलाई मोटो रकम दिएर तथा न्यायालयलाईसमेत प्रभावित गरेर ठूला करदाता कार्यालयले तोकेको भन्दा आधा कर असुल गरे हुने गरी एनसेलले आफ्ना पक्षमा फैसला गराएको भन्दै सर्वोच्च अदालतले गतवर्ष एनसेललाई आयकर, लाभकर, विलम्ब शुल्क र जरिबानासहित झन्डै ६२ अर्ब तिर्नुपर्ने निर्णय गरेको थियो। झन्डै १ वर्षपछि अदालतले उक्त ... बाँकी पृष्ठ ३ मा

## भारतमा धार्मिक-साम्प्रदायिक आगो

■ **भीम प्रसाद चापागाई**/काठमाडौं

भारतीय जनता पार्टी (भाजपा) हिन्दु उच्चजातीय वर्गको पार्टी मानिन्छ जो हिन्दु सम्प्रदायभित्रकै गरिब, दलित, आदिवासी र महिला समुदायका विरुद्ध रहेको छ। हिन्दु उच्चजातीय अतिवादी स्वार्थको रक्षा, छिमेकीप्रति उग्र तोडफोड र एकाधिकार पुँजीवादको उग्र चाकरी भाजपा र मोदी सरकारको विशेषता हो। मोदी सरकारले कालो धन, ... बाँकी पृष्ठ ७ मा

## नेता वीरजङ्गसहित नेकपाका २१ जना नेता–कार्यकर्ता जेल चलान



■ **रातोखबर संवाददाता**/दाङ

नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य एवम् मध्यपश्चिम कमान्ड इन्चार्ज चन्द्रबहादुर चन्द 'वीरजङ्ग' सहित २१ जना नेता-कार्यकर्तालाई सोमबार कारागार चलान गरिएको छ।

जिल्ला अदालत दाङले जनही १५/१५ हजार रुपैयाँ धरौटीमा रिहा गर्न आदेश दिए पनि प्रहरीले पुनः गिरफ्तार गर्ने तयारी गरेपछि नेकपा नेताहरूले धरौटी नबुझाएका कारण कारागार चलान गरिएको बताइएको छ। ... बाँकी पृष्ठ ५ मा

## माफिया पोस्ने शिक्षानीति

■ **रातोखबर संवाददाता**/काठमाडौं

**समाचार विश्लेषण**

नेपालको संविधानमा प्रत्येक नागरिकलाई राज्यबाट माध्यमिक तह (कक्षा १२) सम्म निःशुल्क शिक्षा प्रदान गर्नुपर्ने र आधारभूत तह (कक्षा ८) सम्म अनिवार्य भनिएको छ। अनिवार्य शिक्षाको अर्थ नागरिकले अध्ययन गर्दिनँ भन्न नपाउने र राज्यले व्यवस्था गर्न सक्दिनँ भन्न नपाउने अवस्था हो। तर हालै शिक्षा मन्त्रालयद्वारा जारी शिक्षानीतिमा कक्षा ८ सम्म मात्र निःशुल्क गर्ने प्रावधान छ। आधारभूत तह (कक्षा ८) सम्म निजी विद्यालयले के गर्ने भन्ने प्रश्नमा मौन बसेर निजी क्षेत्रलाई व्यापार गर्ने बाटो दिइएको छ। प्रम केपी वलीकै निर्देशन र दबाबमा त्यसप्रकारको शिक्षानीति जारी गर्न शिक्षामन्त्री गिरिराजमणि पोखरेल बाध्य भएको स्रोतको दाबी छ। संविधानको धारा ३१ अनुसार 'माध्यमिक तहसम्मको शिक्षा निःशुल्क र आधारभूत तहसम्मको शिक्षा अनिवार्य हुने' व्यवस्था छ। संविधानको मौलिक हकअन्तर्गत धारा ३१ मा 'आधारभूत विद्यालय उमेरसमूहका सबै बालबालिकालाई विद्यालय ल्याई अनिवार्य तथा निःशुल्क शिक्षाको व्यवस्था सुनिश्चित गरिनेछ' भनिएको उक्त 'समाजवाद उन्मुख' संविधानको शिक्षानीति तर्जुमा गर्न शिक्षामन्त्री गिरिराजमणि पोखरेलकै नेतृत्वमा 'उच्चस्तरीय शिक्षा आयोग' गठन भई सुझावसमेत पेस गरेको अवस्थामा त्यसलाई लत्याएर सरकारले शैक्षिक माफिया पोस्ने शिक्षानीति जारी गरेको छ।

शिक्षानीतिमा आधारभूत तह (कक्षा ८) सम्मका ... बाँकी पृष्ठ ५ मा

## जागरण मञ्चको काठमाडौंमा अन्तरक्रिया

### सीमा अतिक्रमणका बिरुद्ध एकजुट हुन दलहरुलाई वक्ताहरुको आग्रह




■ **प्रकाश डुम्रे**/काठमाडौं

भारतले नेपालको सीमा अतिक्रमण गरेको विरुद्ध एकताबद्ध हुन विभिन्न राजनीतिक दलका नेताहरुले अपिल गरेका छन्।

राष्ट्रिय जागरण मञ्चले काठमाडौंमा आयोजना गरेको कार्यक्रममा सत्ता पक्ष, प्रतिपक्ष लगायतका दलका नेताहरुले आफ्ना मतभेद र सिद्धान्तहरुलाई एक ठाउँमा राखेर राष्ट्रियताको बिषयमा एकजुट हुनुपर्नेमा जोड दिएका हुन्। उनीहरुले भारतीय अतिक्रमणका विरुद्ध साझा धारणा बन्न नसक्नु दुखद भएको बताए।

सत्तारूढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का नेता बाँकी पृष्ठ ५ मा

## मन्त्री नै बिचौलिया नाइके

### प्रम र उपप्रम नै नीतिगत भ्रष्टाचारमा



■ **रातोखबर संवाददाता**/काठमाडौं

राजा वीरेन्द्रका परिवारको स्वामित्वमा रहेको गोकर्ण रिसोर्टले भाडामा लिएको जग्गा राजा वीरेन्द्रको परिवारकै हत्यापछि ज्ञानेन्द्र शाहको स्वामित्वमा गएको थियो। तर सरकारले राजा वीरेन्द्र र उनको स्वामित्वमा रहेको सम्पत्ति राष्ट्रियकरण गर्‍यो र 'नेपाल राष्ट्र' नामको संस्थामा राखियो। त्यसको अध्यक्ष गृहमन्त्री रहने कानुनी प्रावधान थियो। २७ सय ९३ ... बाँकी पृष्ठ ४ मा

## मेडिकल कलेजका विद्यार्थीको सङ्घर्षबारे

**देश/परिवेश**

■ विप्लव



निजी मेडिकल कलेज मालिक र सरकारी अति अत्याचारविरुद्ध मेडिकल कलेजका विद्यार्थीहरू सेतो ड्रेससहित सङ्घर्षमा उत्रिएका छन्। सुरुमा भैरहवा र चितवनमा उठेको विद्यार्थी सङ्घर्ष यतिबेला जनकपुर, विराटनगर, वीरगन्ज र काठमाडौँसम्म फैलिएको छ। विद्यार्थीहरूको पीडा कति रहेछ भने ज्ञान आफ्नो महत्वपूर्ण परीक्षासमेत बहिष्कार गरेर सङ्घर्ष गरिरहेबाट स्पष्ट हुन्छ। विगतमा सरकारी कलेजहरूमा देखिने आन्दोलनको राप-ताप निजी, त्यो पनि मेडिकल कलेजहरूमा देखापरेको छ। अर्थात् यतिबेला वास्तविक विद्यार्थी आन्दोलन मेडिकल कलेजहरूमा विस्फोट भएको छ जो वास्तविक विद्यार्थी हकहित र समस्यासँग सम्बन्धित छ। सरकारले विद्यार्थीलाई धोका दिएपछि विद्यार्थीका अभिभावकसमेत आन्दोलनलाई साथ दिन पुगेका छन्। सायद यस्तो आन्दोलन कमै भएको छ।

मेडिकल कलेजका विद्यार्थीहरूका माग धेरै पनि छैनन्। उनीहरूको मुख्य माग कलेज मालिकहरूले सरकारले तोकिदिएको शुल्कभन्दा लाखौँलाख अतिरिक्त शुल्क (एमबीबीएसमा २५ लाखसम्म बढी) लिन बन्द गर्नुपर्‍यो, लिएको रकम फिर्ता गर्नुपर्‍यो वा समायोजन गर्नुपर्‍यो भन्ने छ। अन्य मागहरूमा विद्यार्थीले अध्ययन सुविधा, गुणस्तरीय अध्यापन पाउनुपर्ने रहेका छन् जो एकदमै जायज छन्। जायज सङ्घर्ष भएकाले विद्यार्थीले हार्ने सवाल उठ्दैन।

विगतमा निजी कलेजका विद्यार्थी, त्यसमा पनि मेडिकल कलेजका विद्यार्थीबारे एउटा भ्रामक धारणा थियो- मेडिकल शिक्षा पढ्ने विद्यार्थी हुनेखाने र माथिल्लो वर्गका हुने भएकाले उनीहरूलाई पैसाको मतलब छैन, पैसाका लागि सङ्घर्ष गर्न तयार हुँदैनन्, डक्टर बन्नबाट रोकिन चाहँदैनन् वा आन्दोलनको जोखिम उठाउन सक्दैनन् तर यो आन्दोलनले त्यो भ्रमलाई भताभुङ्ग पार्दै के साबित गर्‍यो भने मेडिकल शिक्षा पढ्ने विषय केवल पैसा धेरै भएर, पैसाको कुनै मतलब नै नहुनेले पढ्ने, पैसाको बलमा मात्र लिनेदिने विषय होइन। यो शिक्षा पढ्नका लागि प्रभाव पार्ने तत्वहरू धेरै हुन्छन्। कैयौँको अभीष्ट डाक्टर बन्नेसँग हुन्छ, कैयौँको अध्ययनमा रुचि र आत्मविश्वास दुवै हुने हुँदा घरखेत गरेर पनि पढ्ने हुन्छन्। निजी भविष्यलाई नै हेरेर पनि ऋणधन गरेर पढ्ने हुन्छन्। हो, केही धनाढ्य पनि ...बाँकी पृष्ठ ३ मा

## सम्पादकीय

# कमरेड माओ लालसलाम

संसारभरका मालेमावादीहरू २६ डिसेम्बरमा विश्व-सर्वहारा वर्गका महान् नेता अध्यक्ष माओलाई स्मरण गर्दै माओ दिवस मनाइरहेका छन् । नेपालमा पनि नेपाल कम्युनिस्ट पार्टीले १२७ औँ माओ दिवस मनाउने घोषणा गरेको छ । १ अक्टोबर १९४९ मा बेइजिङको स्वतन्त्रता चोक अर्थात् तियान मेन स्क्वायरमा पार्टी सदस्य, जनसेना र जनताका बीचमा चिनियाँ कम्युनिस्ट पार्टीका अध्यक्ष माओ त्सेतुङले जनगणतन्त्र चीनको घोषणा गर्नुभएको थियो । संसारका एक चौथाइ अर्थात् ६० करोड जनता सामन्तवाद र साम्राज्यवादको जुवाबाट मुक्त भए । उक्त भव्य समारोहमा अध्यक्ष माओले घोषणा गर्नुभयो, 'चिनियाँ जनता जऱ्याकजुरुक उठेका छन् ।' आज चिनियाँ क्रान्तिको ७१ वर्ष हुँदै गर्दा चिनियाँ क्रान्ति र माओका योगदानहरू उत्तिकै सामयिक छन् ।

जनताले जब मार्क्सवाद लेनिनवादलाई अर्थात् दर्शनलाई ग्रहण गर्छन् तब त्यो भौतिक शक्तिमा बदलिन्छ । चिनियाँ क्रान्तिले त्यसलाई एकपटक फेरि पुष्टि गरिदियो । आफूलाई अजम्मरी ठान्ने सबै देउता, भूतप्रेत धुलोपीठो भए । पुरानो सत्ता, मूल्य, मान्यता तथा संस्कृति चिहानमा पुरिए । महान् हिंसा र अराजकताका बीचबाट महान् केन्द्रीकरण र जनताको शासनप्रणालीको जन्म भयो । समाजवादी समाज र कम्युनिस्ट मानवसमाजको भ्रुण बीजरोपण भयो ।

चिनियाँ क्रान्तिको ऐतिहासिक क्रान्तिकारी महत्व छ । दीर्घकालीन जनयुद्ध त्यसको महत्वपूर्ण आयाम हो । मान्छेका अकल्पनीय बलिदान, असफलता, धक्का, असफल विद्रोह र सफलताको महान् महाकाव्य हो । जनताका महान् छोराछोरीको रगतले लेखिएको क्रान्तिले जनतालाई सूर्यको किरणसामु ल्यायो । जनताले आफ्नो इतिहास आफैँ लेखे, सुदिन फर्काए । यसलाई अध्यक्ष माओले इतिहासमा जनताले छलाङ मारेको बताउनुभयो । मार्क्सवाद सबै विज्ञानको नेतृत्वकारी दर्शन साबित भयो ।

चिनियाँ क्रान्तिको केन्द्रीय कार्य जनताको हितको रक्षा गर्नु थियो । उहाँले भन्नुभयो, 'जनताको सेवा गर ।' राजनीतिक कामको केन्द्रमा जनसाधारणको सेवा थियो । उहाँले 'राजनीतिलाई अग्राधिकार देऊ, वर्गसङ्घर्षलाई कहिल्यै नभुल, निजी स्वार्थका विरुद्ध सङ्घर्ष गर, मार्क्सवाद लागू गर, संशोधनवाद होइन' भन्नुभयो । यी नीतिहरू माओका सिद्धान्तका आधारहरू हुन् । माओको नेतृत्वमा विश्वमा क्रान्तिहरू भए । राष्ट्रिय स्वतन्त्रता प्राप्त गरे । चीनले अणुबम बनायो । संयुक्त राष्ट्रसङ्घमा विशेषाधिकार (भिटो) पायो र आजको शक्तिशाली चीन बन्न गयो ।

अध्यक्ष माओको मृत्युपछि चीनमा प्रतिक्रान्ति भयो । उक्त घटनाले व्यक्तिभित्र हजारौँ वर्षदेखि जकडिएर बसेको पुँजीवादी संस्कार, पुँजीवादी चेतना, पुँजीवादी विश्वदृष्टिकोणका विरुद्ध सङ्घर्षको महत्व टड्कारो देखियो । चिनियाँ क्रान्ति र प्रतिक्रान्तिका सकारात्मक तथा नकारात्मक पक्षहरूको वस्तुगत संश्लेषण गरेर नै अबका क्रान्तिहरू अघि बढ्न सम्भव छ । आज चिनियाँ क्रान्तिको ७१ वर्षपछि चिनियाँ क्रान्तिबाट सिक्न र प्रतिक्रान्तिको आन्तरिक कारण खोज्न क्रान्तिकारीहरूलाई प्रेरित गरिरहेको छ । पछौटे उत्पादन सम्बन्ध, गैरसर्वहारा मनोवृत्ति र चेतना, उच्च प्रविधिमार्फत प्राप्त हुनसक्ने उपभोक्तावादी चेतना र लालस, नयाँ समाजप्रतिको अविश्वास र यथास्थितिवादी चेतना पनि प्रतिक्रान्तिका आधारहरू हुन सक्छन् । यसको जगमा संशोधनवाद मौलाउन सक्थ्यो । चिनियाँ प्रतिक्रान्तिको कारण नखोज्ने, विचारधारात्मक सङ्घर्षमा मौनता साध्ने, संशोधनवादको गीत मात्र गाउने समस्या समाधान होइन । नकारात्मक शिक्षालाई बेवास्ता गरेर बस्नु पनि समाधान होइन ।

ल्यु साओ चीको दक्षिणपन्थी तोडफोड, सोभियत सङ्घमा प्रतिक्रान्तिको धक्का र अमेरिकी युरोपेली साम्राज्यवादको अन्तर्राष्ट्रिय घेराबन्दीबाट उम्कन अध्यक्ष माओले चीनमा निरन्तर क्रान्तिको सिद्धान्त प्रतिपादन गर्नुभयो । महान् सर्वहारा क्रान्ति सन् १९६६ देखि सन् १९७६ सम्म चालू भयो । अध्यक्ष माओको मृत्युपछि निरन्तर क्रान्ति जारी रहेन र प्रतिक्रान्ति भयो । आजका क्रान्तिकारीहरूले दर्शन, राजनीतिक अर्थशास्त्र र सैन्य विज्ञानमा माओवादी सिद्धान्तबाट सिक्न आवश्यक छ र क्रान्तिको प्रारम्भदेखि सर्वहारा सांस्कृतिक क्रान्ति चलाउन आवश्यक छ । अध्यक्ष माओ त्सेतुङप्रति हाम्रो लालसलाम !

**लेखकहरूलाई सूचना**

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ – रातो खबर साप्ताहिक

# कालापानीको बहस र नेपाल–भारत सम्बन्ध



धर्मेन्द्र बास्तोला 'कञ्चन'

*कास्मिर लद्दाखको विषयसँग जोडेर नेपालको सीमा पनि भारतमा गाभिनु र सीमाबारे आफ्नो योजनामा सधैँ निदाएको नेपाल सरकार यतिबेलै एकाएक वक्तव्यबाजीमा उठ्नु एउटा संयोगजस्तो बनेको छ । यसबाट एउटा खतरनाक सङ्केत देखापर्छ । त्यो खतरनाक सङ्केत भनेको सीमासम्बन्धी विषय अब नउठ्ने गरी पूर्ण रूपले र सदाका लागि आत्मसमर्पण गर्ने हुनसक्छ । हामी सबैलाई थाहा छ- कोसी, गण्डकी, महाकाली बेच्ने शासकहरु यिनै हुन् । कर्णाली र अरुण तीन बेच्ने पनि यिनै हुन् ।*

ज्युँदा प्रमाणहरूबाटै दुनियाँलाई थाहा छ- कालापानी लिम्पियाधुरा नेपालको भूभाग हो । सन् १९६२ मा भएको भारत-चीन युद्धमा भारत पराजित हुँदै पछि हटेको समयदेखि भारतले नेपालको कालापानीमा आफ्नो सैन्य ब्यारेक राख्दै आएको हो । त्यस समयदेखि भारतले आफ्नो सेना हटाएको छैन । भारतले कालापानीबाट सेना हटाउनुपर्छ र नेपालको सार्वभौमिकताको सम्मान गर्नुपर्छ । जसरी भारतले आफ्नो सिमाना विषयमा अरू देशसँग सार्वभौमिकताको सम्मानको अपेक्षा गर्छ, त्यसैगरी उसले अरूको सार्वभौमिकताको पनि रक्षा गर्न सक्नुपर्छ । नेपालको भूभाग हडप्दै जाने, 'साउथ ब्लक र काठमाडौँको सीधा सम्बन्ध' ले नेपाल-भारत सम्बन्ध सुमधुर हुन्छ भन्दै नेपालका शासकहरूलाई भारतको साउथ ब्लकको कठपुतली बनाउँदै जाने र नेपाली सार्वभौमिकता, स्वाधीनता र स्वतन्त्रतामा हस्तक्षेप गर्ने व्यवहारले नेपाल र भारतका बीचको मात्र होइन, कुनै पनि दुई देशहरूको सम्बन्ध राम्रो हुन सक्दैन । दुवै देशहरूको आपसी सम्मान र समान व्यवहारले मात्र नेपाल-भारतबीचको सम्बन्धलाई 'राम्रो सम्बन्ध' भनेर परिभाषित गर्न सकिन्छ ।

भारतले नेपाली भूभागबाट सेना हटाउनुपर्छ भन्ने माग जनताको स्तरमा पञ्चायत कालदेखि सशक्त रूपमा उठ्दै आएको थियो । नेपाली जनताको त्यो मागका विरुद्ध एकातिर नेपाली शासकहरूले दमन गर्दै आए, अर्कोतिर जनतामाथि भएको त्यो दमनको फाइदा उठाउँदै भारतीय शासकले नेपालको तमाम भूभाग एकपछि अर्को गर्दै हडप्दै गऱ्यो । यो नै नेपाल-भारत सम्बन्धको एउटा तीतो इतिहास हो । भारतले नेपालको सीमा मिच्ने काममा कहीँ चोरीछिपी गरेको देखापर्छ र कहीँ नेपालका शासकहरूको लाचारीको प्रयोग गर्दै गऱ्यो । तर नेपालका शासकहरूले नेपालमा बनेका सबै संविधानहरूमा 'नेपाल सार्वभौमसत्ता सम्पन्न राष्ट्र हो' भनेर लेख्नेबाहेक सार्वभौमिकताको रक्षा गर्न कोही पनि बोलेनन् ।

संयोगबस करिब सात दशकपछि नेपालको सरकारमा रहेका व्यक्तिहरूले सार्वजनिक रूपले यतिसम्म बोलेका छन्- सरकारले नेपालको राष्ट्रियताको रक्षा गर्नेछ र 'नेपालको एक इन्च जमिन पनि विदेशीलाई दिइनेछैन ।' त्यस्तै संसद्भित्र प्रतिपक्षमा रहेको पार्टीले पनि पहिलोपटक यो राष्ट्रियताका पक्षमा मुख खोलेको छ । सत्तामा रहेका सरकार र प्रतिपक्षी दुवैले यसप्रकारको अभिव्यक्ति दिएकोमा धेरै मानिसहरूले प्रशंसा गरिरहेका छन् र यसप्रकारको बोलीको स्वागत गर्नु बिल्कुल अस्वाभाविक होइन । तर सरकारप्रमुख र उनका समर्थकहरूले कालापानी र संसद्भित्रको प्रतिपक्ष भनिने नेपाली काङ्ग्रेस पार्टीले समेत लिम्पियाधुरा र लिपुलेकबारे जे भनिरहेका छन् वा जसरी बोलिरहेका छन् त्यसको खास अर्थ बुझिएको छैन । यस विषयमा दुईवटा कुराहरू अझै अस्पष्ट छन् र रहस्यको गर्भमा छन् : पहिलो कुरा हो, उनीहरूले जे बोलिरहेका छन् त्यो त्यति प्रस्ट छैन । मानिसलाई भ्रमित पार्ने कुरा मात्र होइन, हल्ला एकातिर गर्ने र तीर अर्कोतिर चलाउने प्रकारको छ । दोस्रो कुरा हो, भारतले कास्मिरको जटिल मुद्दा नेपालतर्फ मोड्न र देशभित्रको द्वन्द्व कमजोर छिमेकीतर्फ फर्काउन गरेकोको हर्कत प्रस्टै छ तर सात दशकदेखि लिम्पियाधुरा कालापानीदेखि सुस्ता-महेशपुर हुँदै सयौँ स्थानमा सीमा मिचिँदा पनि चुपचाप बसेको नेपाली शासक यतिबेला सीमाका बारेमा किन बोल्न विवश भएको हो, त्यो पनि प्रस्ट भैसकेको छैन । यी प्रश्नहरूको जबाफ खोज्न र उनीहरूको बोलीको प्रस्टताका लागि सरकारी कदमको स्वागत गर्ने तमाम बुज्रुकहरूका विचारहरू हेर्दा व्यक्तिगत रूपमा लेखकका राष्ट्रप्रेम जोडदार रूपमा अभिव्यक्त हुन्छन् तर बोलीको आधिकारिकता प्राप्त गर्ने सरकारी मनसाय र भित्री कुरा प्रस्ट हुन सक्दैन । सरकारी कदमको स्वागत गर्ने नेपाली बौद्धिक क्षेत्रका अभिव्यक्तिमा सरकारी बुझाइको गहिराइ मापन गरेको देखिँदैन परन्तु शासकहरूको बोलीलाई आफ्नो राष्ट्रप्रेमको बुझाइमा रूपान्तर गरेको मात्र देखिन्छ ।

नेपाली काङ्ग्रेस र एमालेका नेताहरूले सामान्यतया लिम्पियाधुरा र कालापानीको मुद्दा उठाउने गरेका छन् तर खासखास समयमा लिपुलेकको मात्र मुद्दा उठाउने गरका छन् । गहिराइमा हेऱ्यो भने उनीहरूका अभिव्यक्ति 'कूटनीति' का नाममा द्विअर्थक, वैचारिक हिसाबले भुत्ते र व्यावहारिक हिसाबले बुमऱ्याङ खालका छन् । विषयहरूलाई यसरी हेर्न सकिन्छ : प्रथम, उनीहरूले लिपुलेकलाई नै त्रिदेशीय सिमाना भनेका छन् । किन उनीहरूले कुटियाङ्दी (काली नदी) को मुहान लिम्पियाधुरा छाडेर लिपुलेक त्रिदेशीय सिमाना भन्दैछन् ? त्रिदेशीय सिमाना लिपुलेक हो भन्ने अभिव्यक्तिमा कालापानी र लिम्पियाधुरा भारत भएको स्वीकार गर्छ । यसप्रकारको स्वीकारोक्ति उनीहरूको भित्री मनसायको अभिव्यक्ति हो भन्ने कुरामा कुनै द्विविधा हुन सक्दैन । दोस्रो, भारतबाट मिचिएका नेपालका अन्य भूभागहरूबारे उनीहरूले कुनै छलफल गरेका छैनन् । विज्ञहरूको पछिल्लो भनाइअनुसार भारतले नेपालका ९०० भन्दा बढी स्थानमा सीमा मिचेको छ, सीमास्तम्भ भत्काएको छ र दसगजा क्षेत्रमा बसोबास वा खेतीपाती गराएको छ । यसले के देखाउँछ भने उनीहरूले अहिले कुनै खास समस्या वा स्वार्थका कारण मात्र सीमाविवादको कुरा उठाएका हुन् । तेस्रो, उनीहरूले भारतको नियन्त्रणप्रयास कहिलेदेखि भयो र कुन कारणले भयो भन्नेबारेमा केही पनि बोलेका छैनन् । यसको पछाडि यो तथ्य सबैका लागि सुझबुझको विषय हो भन्ने भाव दिन खोजिन्छ । तर सरकारले बोलेको कुरा नै आधिकारिक मानिने र सरकारले सही तथ्य जनतासामु नराख्ने भएका कारण विषय अझ अन्योलपूर्ण बन्दैछ । यसप्रकारको अन्योलले उनीहरूले 'कूटनीतिक लचकता' को भ्रम देशमा छर्ने र दलालीको सन्देश भारतलाई दिने गरेका छन् । चौथो, प्रधानमन्त्री स्वयम्ले भारतीय सेना नेपालमा छ भन्ने थाहै नपाएजस्तो गरी 'नेपालमा कसैको सेना छ भने फिर्ता लैजान' सार्वजनिक अपिल गरेका छन् । विषयप्रति सरकारको हलुका र 'डनक्वग्जोटको युद्ध' जस्तै हावामा तरबार चलाउने व्यवहारले देशको राष्ट्रियतासम्बन्धी आन्दोलन, सचेतना र भूभाग फिर्ता गर्ने प्रक्रियालाई कमजोर बनाउने गरेका छन् । पाँचौँ, केपी वलीकै सरकारको समयमा निशानछापमा देशको नक्सा नै अधुरो देखिने गरी प्रयोग गरेका थिए । यसबाट उनीहरूले नेपाली जनताको मनोविज्ञानलाई सीमा साँघुरिएकोमा अभ्यस्त गराउन खोजेको देखिन्छ । छैटौँ, नेपालका शासकहरूले भारतले प्रकाशित गरेको नक्कली नक्सा सरकारी कार्यालय तथा मन्त्रालयहरूमा पनि प्रयोग गरेका थिए । यसबाट उनीहरूले नेपाललाई खुम्चिएको देश नै आफ्नो बनाउन स्वीकार गरेको देखिन्छ । सातौँ, सरकारी पक्षबाट जुन प्रकारले सीमा रक्षाका लागि सर्वपक्षीय समन्वय गर्नुपर्ने हो त्यो गरेका छैननू, बरु राष्ट्रियताको रक्षाका लागि जागरुक नेपाली जनतामाथि धरपकड र गिरफ्तारी गरिएको छ । यी सबै कुराहरू जसरी यहाँ आएका छन् ती निकै पेचिला विषय छन्, सोचनीय विषय हुन् ।

जतिबेला भारत र चीनले लिपुलेकलाई भारत-चीन जोड्ने नाकाका रूपमा प्रयोग गर्ने सहमति गरे त्यतिबेला हाम्रो पार्टी नेपाल कम्युनिस्ट पार्टीले नेपाल, भारत र चीन सरकारको ध्यानाआकर्षण गर्न नेपाली जनतामा एकताबद्ध आवाज बुलन्द गर्ने नेपाल बन्दको आह्वान गरेको थियो र सानदार रूपमा राष्ट्रिय एकताको प्रदर्शन भएको थियो । तत्काल हामीले सुन्यौँ, चिनियाँ प्रतिनिधिमण्डल नेपाल आयो र तत्कालीन प्रधानमन्त्री सुशील कोइरालालाई भेटेर लिपुलेकबारे कुरा पनि गऱ्यो । तर नेपाल सरकार त्यतिबेला मौन बस्यो । त्यसबाट के देखिन्छ भने नेका र एमाले मिलेर कुनै न कुनै भित्री सम्झौता भारतसँग गरेका छन् जसको प्रभाव त्यस क्षेत्रको राष्ट्रघातसँग जोडिएको छ ।

लिम्पियाधुरा, कालापानी नेपालको भूभाग हो कि होइन भनेर बहस गर्नुपर्ने र धेरै विज्ञहरूले सरकारलाई सुझाव दिएजस्तो प्रमाण जुटाउनुपर्ने कुरा पनि केही छैन । किनभने नेपालको इतिहास जगजाहेर छ नेपालको पश्चिम सिमाना भारतको कम्पनी सरकारसँग १८१६ को सुगौली सन्धिअनुसार काली नदीपारिसम्म हो । त्यसमाथि त्यो भूभागको उपयोग र अधिकार नेपाल सरकारले कायम गरेका यथेष्ट प्रमाणहरू अहिले पनि ज्युँदै छन् । तत्कालीन स्रेस्ता, तत्कालीन कर्मचारी र कागजातहरूले त्यसको यथेष्ट प्रमाणहरू दिएका छन् ।

अब कुरा रह्यो भूभाग फिर्ता गर्ने । भारतसँग नेपालको सीमा समस्या अत्यन्त धेरै स्थानमा रहेको छ । विज्ञहरूले भन्ने गरेअनुसार नेपालका लिम्पियाधुरा कालापानी, सुस्ता महेशपुरलगायत मेचीदेखि महाकालीसम्म यी समस्याहरू रहेका छन् र करिब एक हजार स्थानमा भारतसँग समस्याहरू जोडिएका छन् । जति नेपालमा सीमा रक्षाको कुरा उठ्छ त्यति नै नेपालको सिमाना भारतले च्याप्दै गरेको अवस्था विगतमा रह्यो । जनताको प्रतिरोधलाई सीमा अद्यावधिक गर्ने अवसरका रूपमा सरकारले कहिल्यै व्यवहार गरेन, बरु राष्ट्रियताका मुद्दालाई सत्तामा चिप्कने र उप्किने चुनौतीका रूपमा लिने काम भयो । यसप्रकारका जनताका आवाजहरूमाथि दमन गर्ने काम भयो । जनताका जायज मागमाथि सरकारबाट दमन हुनु नेपालको सिमाना मिच्नका लागि भारतका लागि सुनौलो अवसर थियो र त्यो अवसरलाई उसले प्रयोग पनि गऱ्यो । अब त्यो सिमाना सजिलै नेपालमा फर्कने लक्षण देखिँदैन । यसका लागि नेपालले ठूलो कसरत गर्नुपर्ने निश्चित छ । लामो समयदेखि सीमासम्बन्धी सरकारको चासो हुन सकेको थिएन । अहिले संयोगले यो विषय उठेको छ र त्यसको निराकरण सरकारले गर्नुपर्छ । त्यसका लागि सरकारले भारतसँग कूटनीतिक, एकपक्षीय छलफल र आवश्यक पर्दा बहुपक्षीय छलफल गर्नुपर्छ र त्यो भूभागबाट भारतीय सेना हटाउनुपर्छ ।

तर सरकारका गतिविधिहरू संदिग्ध देखिएका छन् । पहिलो कुरा सरकार र संसद्वादी दलहरूले जनताको देशभक्तिपूर्ण आन्दोलनलाई 'सडकबाजीले सीमा फर्कँदैन' भनेका छन् । दोस्रो कुरा सीमा रक्षाका लागि चासो गर्नेहरूमाथि दमन गरिएको छ । तेस्रो कुरा, सरकार आफैँले सीमा रक्षासम्बन्धी कतिपय कामहरू केवल औपचारिकताका लागि गरेको देखिन्छ । यसले प्रस्ट गर्छ- सरकारका कामहरू संदिग्ध प्रकारका छन् ।

यसबाट सरकारले भन्ने गरेको 'समस्या सुल्झाउने' प्रक्रियामा लागेको देखापर्छ । समस्या सुल्झाउने कसरी ? सामान्य नियम नै हो- जसको जस्तो नीति रहेको हुन्छ, समस्या सुल्झाउने विधि पनि त्यस्तै हुने गर्छ । नेपालको दलाल पुँजीवादी सत्ताको समस्या सुल्झाउने नीति र विधि पनि त्यही प्रकारको हुन पुग्छ । नेपाली सत्ताको दलाल पुँजीवादी चरित्रअनुसार सुल्झाउने केही प्रक्रिया हुन सक्छन् जो सरकारको संदिग्ध गतिविधिमा देखा पर्दैछन् र केही 'विज्ञ' हरूका विचारहरू पनि त्यस्तै तरिकाले अभिव्यक्त भएका छन् । पहिलो तरिका, अहिलेसम्म जे भयो-भयो, अबआइन्दा सीमा भारतले नमिच्ने र नेपालले पनि यो विषय नउठाउने भनेर अहिलेको यथास्थितिमा डिसमिस गर्ने । भारतले च्यापेका नेपालका सबै भूभाग भारतकै भूभागका रूपमा कायम गर्ने । दोस्रो तरिका, भारतले नेपालका लागि केही सहुलियतको घोषणा गर्ने, विकासका प्याकेजहरू घोषणा गर्ने, अनुदान र ऋणमा वृद्धि गर्ने, जुनबापत नेपालले सीमाबारे कुरा नउठाउने । जस्तो पारवहन, रेल लाइन, जलविद्युत् जडान आदि । तेस्रो तरिका, भारतले इजरायल र अमेरिकाको प्यालेस्टाइनविरुद्धको नजिर प्रयोग गर्ने र कब्जा गरिएको इलाका भारतको भनी बलपूर्वक प्रयोग गर्ने र त्यसको समर्थन नेपाल सरकारले गर्ने । त्यसबापत नेपालका सामाजिक दलाल पुँजीवादीहरूमाथि सरकारमा बसिरहन भारत सरकारले ग्यारेन्टी गर्ने । यी सम्भावनाहरू सतहमा देखा पर्छन् ।

कास्मिर लद्दाखको विषयसँग जोडेर नेपालको सीमा पनि भारतमा गाभिनु र सीमाबारे आफ्नो योजनामा सधैँ निदाएको नेपाल सरकार यतिबेलै एकाएक वक्तव्यबाजीमा उठ्नु एउटा संयोगजस्तो बनेको छ । यसबाट एउटा खतरनाक सङ्केत देखापर्छ । त्यो खतरनाक सङ्केत भनेको सीमासम्बन्धी विषय अब नउठ्ने गरी पूर्ण रूपले र सदाका लागि आत्मसमर्पण गर्ने हुनसक्छ । हामी सबैलाई थाहा छ- कोसी, गण्डकी, महाकाली बेच्ने शासकहरू यिनै हुन् । कर्णाली र अरुण तीन बेच्ने पनि यिनै हुन् । देशका प्राकृतिक सम्पदा लिलाम गर्ने पनि यिनै हुन् । यी राष्ट्रघातीहरूको चलखेल र सक्रियता अत्यन्त रहस्यमयी छ । एकातिर सरकार भएको कारण राष्ट्रको रक्षाका लागि आवश्यक छ तर अर्कोतिर राष्ट्रघाती इतिहास भएका यी पार्टी र व्यक्तिहरू सरकारको बागडोर समातेको अवस्थाका कारण खतरा पनि छ । नेपाली जनताले यी दुवै पक्षमा गहिरो निगरानी गर्नु आवश्यक हुनेछ । देशको राष्ट्रियतामाथि राष्ट्रघाती हातहरू हाबी हुन कदापि दिनु हुँदैन ।

जहाँसम्म नेपाल-भारतबीचको सम्बन्धको कुरा छ, त्यसमा सामाजिक सम्बन्ध र राष्ट्रिय सम्बन्ध फरक विषय छन् । नेपाल र भारतका बीचमा रहेका जातीय समानता, भाषिक निकटता, सांस्कृतिक सामीप्य र खुला सिमानाका कारण जनतका बीचको सम्बन्ध सुमधुर मात्र होइन, 'रोटी र बेटी' को सम्बन्धसमेत रहेको छ । यसलाई संस्थापन पक्षका विज्ञहरूले 'नरम पक्षहरू' भन्ने गरेका छन् । तर राज्यबीचको राष्ट्रिय सम्बन्ध भने हमेसा दास र मालिकको जस्तो रहँदै आएको छ । औपचारिक रूपमा नेपाल आफैँमा कहिल्यै पनि कसैको उपनिवेशमा परेन तर उपनिवेशमा परेको देशको नियन्त्रण र नवऔपनिवेशिकतामा स्वतन्त्र देश पऱ्यो । यो सम्बन्ध राम्रो होइन । समस्या समाधान गर्न देशले धेरै क्षेत्रमा छलाङ लगाउनु आवश्यक हुन्छ । त्यसको सुरुआत भनेको राजनीतिक क्रान्ति हो । त्यसले मात्र सबै क्षेत्रको छलाङलाई लिकमा राख्नेछ र वास्तविक रूपमा नेपाल-भारतबीचको सम्बन्ध राम्रो बन्नेछ ।

# पीत पत्रकारिता

## “मैले श्रीमती दुर्गालाई मन्त्री वा उपसभामुख बनाइदिन भारतीय दूतावास, वली र प्रचण्ड निवास गुहारेको छैन”


मोहविक्रम सिंह

सरकारले प्रेस काउन्सिलसम्बन्धी विधेयक संसद्मा प्रस्तुत गर्दा प्रेस स्वतन्त्रतामाथि अनावश्यक नियन्त्रण गर्ने र पत्रकारहरूमाथि कडा सजायका प्रावधानहरूसमेतको हामीले विरोध गरेका थियौँ र हाम्रो त्यो मत अहिले पनि कायम छ। तर त्यसको अर्थ वा प्रेसको स्वतन्त्रताको अर्थ झूटा र कपोलकल्पित समाचारहरू प्रकाशित गरेर कसैको इज्जत वा चरित्रमाथि आक्रमण गर्नका लागि छूट हुनुपर्दछ भन्ने होइन । त्यसप्रकारका गतिविधिहरूमाथि पूरै नियन्त्रण हुनुपर्छ र त्यसका लागि उनीहरूमाथि आवश्यक र कडा सजाय हुनुपर्छ भन्ने हाम्रो स्पष्ट र दृढ मत छ। नेपालमा पत्रपत्रिकाहरूको उच्छृङ्खल कार्यविधिमाथि नियन्त्रण गर्नका लागि प्रेस काउन्सिलको पनि स्थापना गरिएको छ तर त्यसले पनि नेपालको पत्रकारिता जगत्मा देखापर्ने पीत पत्रकारितामाथि पूरै नियन्त्रण गर्न सकेको देखिन्न। यो गम्भीर दुःख र चिन्ताको कुरा हो।

नेपालमा पहिले ‘आरती’ नामको एउटा साप्ताहिक प्रकाशित हुन्थ्यो। त्यसले बारम्बार मैले दलाई लामाबाट पैसा लिएर चीनको विरोध गरेको समाचार प्रकाशित गर्ने गर्दथ्यो। चीनले दक्षिणपन्थी संशोधनवादी बाटो समातेपछि हामीले त्यसको विरोध गरेका थियौँ । त्यो सैद्धान्तिक विरोधलाई त्यसले दलाई लामासित लगेर जोडेको थियो । अन्य पत्रपत्रिकाहरूले पनि मेराविरुद्ध त्यसप्रकारका निराधार समाचारहरू प्रकाशित गरेको लामो सूची छ । अहिले म ती सबैको चर्चा गर्नेपट्टि लाग्दिनँ । अहिले म यो लेखमा हालसालै मेराविरुद्ध प्रकाशित भएका केही झूट्टा समाचारहरूको चर्चा गर्नेसम्म मात्र आफूलाई सीमित राख्नेछु।

हाम्रो पार्टीको आठौँ महाधिवेशनको तयारी र त्यसपछि पनि एउटा समाचार पत्रपत्रिका वा अनलाइनहरूमा व्यापक रूपले उठ्ने गरेको छ र त्यो समाचार अहिलेसम्म पनि नयाँनयाँ रूपमा दोहोरिने गरेको छ। त्यो समाचारको सारतत्व हो : दुर्गालाई मन्त्री बनाउन मैले प्रधानमन्त्री केप वली वा नेकपाका अध्यक्ष प्रचण्डकहाँ दौडधुप गरेको छु भन्ने । अब त्यो झूटा समाचारमा एउटा कुरा थपिएको छ : मैले उनलाई उपसभामुख बनाउनका लागि खुमलटारमा वा प्रचण्डकहाँ दौडधुप गरेको छु भन्ने।

त्यो झूटा समाचारको दौड कहाँसम्म पुग्यो भने युनाइटेड पोस्ट साप्ताहिकले मैले भारतीय राजदूतसँग दुई घन्टासम्म गोप्य वार्ता गरेको र दुर्गालाई मन्त्री बनाउन सहयोग गर्न अनुरोध गरेको समाचार पनि प्रकाशित गरेको थियो। उनीसित त्यो गोप्य वार्ता कहाँ भयो ? त्यो सन्दर्भ पनि अत्यन्त हास्यास्पद प्रकारको छ । एउटा विवाहभोजमा जहाँ हजारभन्दा बढी मानिसहरू उपस्थित थिए, नै उनीसित देखादेख भएको थियो । त्यति धेरै मानिसहरू उपस्थित भएको विवाहभोजमा कुनै राजदूतसित दुई घन्टासम्म गोप्य वार्ता हुनु के सम्भव थियो ?त्यो विवाहका आयोजक वा पार्टी प्यालेसका प्रबन्धक, कर्मचारीहरू वा विवाहमा आएका मानिसहरूलाई सोधे पनि त्यो कुरा प्रस्ट हुनेछ। ती सबै मानिसहरूका बीचमा त गोप्य वार्ता हुन सक्दैनथ्यो । त्यसका लागि त्यहाँ बेग्लै गोप्य कोठाको व्यवस्था हुनुपर्दथ्यो । के त्यो विवाहका आयोजक वा होटेलका प्रबन्धकहरूले त्यहाँ त्यसप्रकारको गोप्य कोठाको व्यवस्था गरेका थिए ?

उक्त झूटा समाचारबारे आवश्यक छानबिन र त्यसका लागि आवश्यक कारबाही गर्न हाम्रो पार्टीका प्रवक्ता क. रामप्रकाश पुरीले प्रेस काउन्सिलमा आवेदन दिनुभएको थियो । त्यही सिलसिलामा दुर्गाले पनि प्रेस काउन्सिलमा आवेदन दिएकी थिइन् । पछि उनले काठमाडौँको जिल्ला आदालतमा पनि उजुरी दिएकी छिन् तर युनाइटेड पोस्टको ठेगाना पत्ता लाग्न नसकेर अहिलेसम्म अदालतले त्यो पत्रिकाका नामको पुर्जी तामेल गर्न सकेको छैन।

हालै ताजा खबर साप्ताहिक, रिपोर्टर्स नेपाल र रिपब्लिका दैनिक नामका अनलाइनले पनि त्यही प्रकारका झूटा समाचार प्रकाशित गरेका छन्। त्यस सिलसिलामा ताजा खबर लेख्छ : ‘मोहनविक्रमलाई अहिले श्रीमती दुर्गा पौडेललाई मन्त्री बनाउनु छ.... सिंह श्रीमतीलाई मन्त्री बनाइदेऊ भन्दै कहिले खुमलटार पुगेका छन् त कहिले प्रम वलीलाई गुहारेका छन्... । यो समाचार नेकपा (मसाल) ले नपचाउन सक्छ । महामन्त्री मोहनविक्रम सिंहले प्रथमतः सुरु गरेर विज्ञप्ति प्रकाशित गर्दै समाचारलाई झूट भने पनि अनौठो नमाने हुन्छ किनकी उनी पहिला प्रम केपी वलीसँग श्रीमतीलाई मन्त्री बनाइदिन निकै धाए। वलीले बेवास्ता गरेपछि खुमलटार धाउन थालेको प्रमाण समाचारसूत्रले गोप्य राखेको छ।’ उक्त साप्ताहिकले गोप्य राखेको ‘प्रमाण’ के हो ? त्यसरी कुरालाई सन्देहमा राखेर त्यसले बढी भ्रम दिने प्रयत्न गरेको छ।

रिपोर्टर्स नेपाल लेख्दछ : ‘मोहनविक्रम सिंहकी पत्नी दुर्गा पौडेल सांसद छिन् । उनलाई मन्त्री वा उपसभामुख बनाउन मोहनविक्रम सिंहले लबिङ थालेका छन्। त्यसका लागि उनले प्रचण्डलाई समेत भेटेका छन्। सभामुख नेकपाले लिएमा उपसभामुख पद नेकपाले लिन नमिल्ने संवैधानिक व्यवस्था छ। त्यसैले उक्त पद दुर्गाका लागि माग्न मोहनविक्रम सिंहले सक्रियता देखाएका हुन्। उपसभामुख नपाए मन्त्री भए पनि बनाउने गरी सिंहले प्रचण्डलाई भेटेका हुन् । संसद्को अधिवेशन ४ पुसबाट सुरु हुँदैछ । त्यसअगावै सभामुख र उपसभामुखका लागि दौडधुप चलेको छ। यस क्रममा दुर्गालाई उपसभामुख बनाउन मोहविक्रम सिंहले समेत लबिङ थालेका छन्।’

रिपब्लिका दैनिक २०७६ पुस ३ लेख्छ : मोहनविक्रम सिंहले दुर्गा पौडेललाई ‘उपसभामुख वा मन्त्री बनाउन सत्तारूढ नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का दोस्रो तहका कार्यकारी अध्यक्ष पुष्पकमल दाहालसँग आग्रह गरेका छन् ।...दाहालसँगको भेटमा नेता सिंहले पौडेललाई उपसभामुख बनाउन आग्रह गरेका हुन्। उपसभामुख बनाउन नसके मन्त्री भए पनि बनाउन सिंहले दाहालसँग आग्रह गरेको नेकपा निकट उच्च स्रोतले जनाएको छ... । सभामुख नेकपाले लिएमा उपसभामुख पद नेकपाले लिन नमिल्ने संवैधानिक व्यवस्था छ... त्यसैले उक्त पद पौडेलका लागि उपयुक्त हुने सिंहले नेकपाका अध्यक्ष दाहालसँग आग्रह गरेका छन्।’

माथिका सबै समाचारहरू निराधार र कपोलकल्पित हुन्। पहिले दुर्गालाई मन्त्री बनाउका लागि प्रधानमन्त्री वली र भारतीय राजदूतलाई समेत भेटेका समाचारहरू छापिने गर्दथे। पछिल्लो समयमा छापिएका पत्रपत्रिका र अनलाइनहरूले नेकपाका कार्यकारी अध्यक्ष प्रचण्डसित नै त्यसप्रकारको दौडधुप गरेको समाचार प्रकाशित गरेका छन्। त्यस सन्दर्भमा म के स्पष्ट गर्न चाहन्छु भने हालसालका महिनाहरूमा मेरो उनीसित कुनै भेटघाट पनि भएको छैन । फोनमा समेत कुनै सम्पर्क भएको छैन । रिपब्लिका दैनिकले ‘नेकपा निकट उच्च स्रोत’ बाट उक्त समाचार थाहा भएको लेखेको छ। ताजा खबरले ‘उक्त विषको प्रमाण’ समाचारसूत्रले ‘गोप्य राखेको’ बताएको छ। रिपब्लिका दैनिकले नेकपाको जुन ‘निकट उच्च स्रोत’ को उल्लेख गरेको छ त्यसबारे दुईवटा सम्भावनाहरू हुन सक्छन् : कि त त्यसले त्यसप्रकारको जुन स्रोतको कुरा गरेको छ, त्यो नै कपोलकल्पित हो वा नेकपाको नजिकको त्यसप्रकारको कुनै स्रोतले झूटा समाचार प्रसारित गरेको छ। उक्त दुवै समाचारहरूमध्ये जुन कुरा सत्य भए पनि अन्ततः त्यो समाचार पूरै झूटा भएको कुरा हामी दाबीपूर्वक भन्दछौँ । जहाँसम्म ताजा खबरले उल्लेख गरेको तथाकथित प्रमाणको प्रश्न छ, त्यो पनि पूरै निराधार छ। हामी उक्त दुवै पत्रिका वा अनलाइनसित उक्त स्रोत वा प्रमाण प्रस्तुत गर्नका लागि चुनौती दिन्छौँ। पत्रकारिताको गोप्यतामाथि ध्यान दिँदै उनीहरू त्यसप्रकारको प्रमाण वा स्रोत खुलाउन तयार नभएको अवस्थामा पनि त्यसप्रकारको समाचारको सत्यता प्रमाणित गर्नु उनीहरूको जिम्मेवारी हुन्छ। अन्यथा झूटा समाचार प्रकाशित गरेर कसैको इज्जत वा चरित्रमा आक्रमण गर्ने उनीहरूलाई कुनै अधिकार हुँदैन। पत्रकारिताको आचारसंहिताले पनि उनीहरूलाई त्यसप्रकारको कुनै अधिकार दिँदैन । कुन कुरा बताइरहनु आवश्यक छैन भने त्यो अत्यन्त नीच स्तरको र अनैतिक पीत पत्रकारिता हो । हामी उनीहरूलाई हाम्रो यो आलोचनालाई गलत साबित गर्न चुनौती दिन्छौँ।

उक्त पत्रिका वा अनलाइनहरूले पहिले दुर्गा पौडेललाई मन्त्री बनाउन ‘उनी पहिला प्रम केपी वलीसँग श्रीमतीलाई मन्त्री बनाइदिन निकै धाए, वलीले बेवास्ता गरेपछि खुमलटार धाउन’ थाले (ताजा खबर साप्ताहिक) सत्यता के हो भने चुनावपछि वलीसित मेरो भेटघाट वा टोलिफोनमा कुनै वार्तासमेत भएको छैन। त्यसरी दुर्गालाई मन्त्री बनाउन वलीकहाँ धाएको भन्ने समाचार पूरै झूट हो। चुनावपछि प्रचण्डसित एकाधपल्ट अवश्य पनि भेटघाट भएको छ तर उपसभामुखको प्रसङ्गपूर्व सभामुख कृष्णबहादुर महराले सभामुख पदबाट राजीनामा दिएपछि नै सुरु भएको हो । तर त्यो कालमा मेरो प्रचण्डसँग कुनै भेटघाट वा फोनमा कुरासमेत भएको छैन।

*उक्त पत्रिका वा अनलाइनहरूले पहिले दुर्गा पौडेललाई मन्त्री बनाउन ‘उनी पहिला प्रम केपी वलीसँग श्रीमतीलाई मन्त्री बनाइदिन निकै धाए, वलीले बेवास्ता गरेपछि खुमलटार धाउन’ थाले (ताजा खबर साप्ताहिक) सत्यता के हो भने चुनावपछि वलीसित मेरो भेटघाट वा टोलिफोनमा कुनै वार्तासमेत भएको छैन । त्यसरी दुर्गालाई मन्त्री बनाउन वलीकहाँ धाएको भन्ने समाचार पूरै झूट हो । चुनावपछि प्रचण्डसित एकाधपल्ट अवश्य पनि भेटघाट भएको छ तर उपसभामुखको प्रसङ्गपूर्व सभामुख कृष्णबहादुर महराले सभामुख पदबाट राजीनामा दिएपछि नै सुरु भएको हो ।*

उक्त झूटा समाचारहरू सिलसिलेवार प्रकारले प्रकाशित हुने गरेका छन् । उक्त झूटा समाचार हरूभन्दा महत्वपूर्ण प्रश्न यो हो : त्यसप्रकारका झूटा समाचारहरू विभिन्न पत्रपत्रिका वा अनलाइनहरूले सिलसिलेवार प्रकारले किन प्रकाशित गर्ने गरेका छन् ? यसका पछाडिको उद्देश्य वा अभिप्राय के हो ? पत्रकारिताको उद्देश्य सत्य समाचारको खोजबिन गर्नु वा प्रकाशित गर्नु हुन्छ र हुनु पनि पर्दछ। तर कसैले सनियत र योजनाबद्ध प्रकारले झूटा समाचार प्रकाशित गर्दछ भने त्यो सामान्य कुरा होइन। मेरो वा दुर्गा पौडेलका सन्दर्भमा लगातार त्यही कुरा हुने गरेको छ। त्यसबारे यो प्रश्न उठ्छ : त्यसप्रकारको कार्य कसले र के उद्देश्यले गरिरहेको छ।

एकाध पत्रपत्रिकाले त्यसप्रकारको झूटा समाचार प्रकाशित गरेको भए त्यो सामान्य कुरा हुन्थ्यो वा हुन सक्थ्यो । कसैले कतैबाट त्यसप्रकारको झूटा समाचार प्राप्त गरेको हुनाले भूलचुकवस त्यसप्रकारको समाचार प्रकाशित गरेको सम्भावनालाई पनि अस्वीकार गर्न सकिन्नथ्यो होला। त्यो अवस्थामा उनीहरूको नैतिक दायित्व त्यसप्रकारको गल्ती वा कमजोरीलाई सच्याएर सत्य समाचार दिनु नै हुन्थ्यो वा हुनुपर्दथ्यो तर हाम्रो सन्दर्भमा सिलसिलेवार रूपले नै कैयौँ पत्रपत्रिका वा अनलाइनहरूले एकपछि अर्को गर्दै त्यसप्रकारका समाचारहरू प्रकाशित गर्ने गरेको कुरा माथिका केही तथ्यहरूबाट प्रस्ट हुन्छ। त्यो अवस्थामा यो शङ्का गर्नका लागि ठाउँ छ कुनै देशी वा अन्तर्राष्ट्रिय गिरोहले सनियत नै त्यसप्रकारका समाचारहरू प्रकाशित गरेर भ्रम फैलाउने काम गरिरहेको त छैन ? त्यसप्रकारको गिरोह हुन हो ? त्यसबारे स्वयम् पत्रकारजगत्ले पनि ध्यान दिनुपर्ने वा त्यसबारे सत्यतथ्य बाहिर ल्याउन प्रयत्न गर्नुपर्ने आवश्यकता छ किनकि अहिले सिलसिलेवार प्रकारले जुन पीत पत्रकारिता देखापरेको छ, त्यसबारे पत्रकारजगत् पनि बदनाम हुँदै गएको छ। पत्रकारिता जगत्लाई त्यसप्रकारको अमर्यादित व्यवहारबाट बचाउन प्रेस काउन्सिलको व्यवस्था गरिनुका साथै विभिन्न कानुनी व्यवस्थाहरू पनि गरिएका छन् । तर त्यति हुँदाहुँदै पनि नेपालको पत्रकारजगत्मा यसप्रकारको पीत पत्रकारिता किन अनियन्त्रित प्रकारले मौलाउँदै वा फैलिँदै गइरहेको छ ? यो गम्भीर प्रश्न हो । स्वयम् पत्रकारजगत्ले यसबारे प्रकाश हाल्नुपर्ने वा जबाफ दिनुपर्ने आवश्यकता छ।

अहिले पत्रपत्रिकाहरूमा दुर्गा पौडेललाई उपसभामुख बनाउने कुरा निकै चर्चा भइरहेको छ। त्यसबारे हामी के स्पष्ट गर्न चाहन्छौँ भने हाम्रो पार्टीले त्यसबारे कुनै विचार वा छलफलसम्म गरेको छैन। त्यसबारे खुमलटार धाउने कुरा त धेरै टाढाको कुरा भयो । त्यो कुरा कसले उठायो र कहाँ उठ्यो ? त्यो हाम्रो सरोकारको विषय होइन । त्यसकारण त्यसबारे कुनै छलफल गर्नुपर्ने आवश्यकता नै हामीले देखेका छैनौँ । कुनै बेला यसप्रकारको कुनै विषयमा आधिकारिक रूपमा त्यसप्रकारको कुनै प्रस्ताव आएमा हामीले त्यसबारे आवश्यक निर्णय गर्ने गर्दछौँ र त्यसबारे सार्वजनिक रूपले जानकारी पनि दिने गर्दछौँ। त्यसप्रकारको कुनै विषयमा निर्णय गर्दा हाम्रा आफ्नै सिद्धान्त वा नीतिहरू हुन्छन् र तिनीहरूका आधारमा नै हामीले कुनै निर्णय गर्दछौँ।

सत्ता वा कुनै पदका लागि धाउने हाम्रो पार्टीको कुनै चरित्र रहेको छैन । हाम्रो पार्टीको अहिलेसम्मको इतिहासमाथि ध्यान दिने हो भने त्यो कुरा प्रस्ट हुन्छ। त्यसप्रकारको पृष्ठभूमिमा दुर्गालाई मन्त्री वा उपसभामुख बनाउन प्रधानमन्त्री वली वा नेकपाका अध्यक्ष प्रचण्डकहाँ दौडधुप गरेका भन्ने समाचारहरू पीत पत्रकारिताका अत्यन्त निम्न स्तरका नमुनाहरू नै हुन्।

भारतीय शासक वर्गको चाकडी गरेर धेरै राजनीतिक पक्षहरूले सत्तामा पुग्न प्रयत्न गर्दै आएका छन् तर हाम्रो पार्टीले भारतीय साम्राज्यवादप्रति सधैँ दृढ र सम्झौताहीन सङ्घर्षको नीति अपनाउँदै आएको छ । हाम्रो पार्टीको आठौँ महाधिवेशनले भारत अब विस्तारवादी देश नरहेर साम्राज्यवादी देश भएको निष्कर्ष निकालेको छ। नेपालप्रति त्यसले अपनाइरहेका हस्तक्षेप र अतिक्रमणका नीतिहरूका कारणले त्यसप्रतिको हाम्रो विरोध वा सङ्घर्ष अरू बढेर गएको छ। त्यसप्रकारको अवस्थामा भारतीय राजदूतसँग भेटेर दुर्गा पौडेललाई मन्त्री बनाउन प्रयत्न गर्ने कुरा हाम्रो कल्पनाभन्दा बाहिरको कुरा हो। त्यो अवस्थामा हाम्राविरुद्ध लगाइएको त्यसप्रकारको आक्षेप हाम्रो चरित्रहत्या गर्ने कुरा मात्र नभएर हाम्रो पार्टीको उज्ज्वल र गौरवपूर्ण चरित्रमाथि नै हमला गर्ने प्रयत्न हो। त्यसले बताउँछ, कतिपय पत्रकारहरू कति तल्लो स्तरमा गिर्न सक्दारहेछन्।

विभिन्न पत्रपत्रिका वा अनलाइनहरूले हाम्राविरुद्ध जुन प्रकारको झूटा प्रचार गरिरहेका छन्, त्यसमाथि विचार गर्दा के देखिन्छ भने उनीहरूले व्यक्तिगत रूपमा मेरो वा दुर्गाको चरित्रहत्या गर्नका लागि होइन, हाम्रो पार्टीको राजनीतिक चरित्रलाई धमिल्याउनका लागि नै त्यसप्रकारको प्रचार गरिरहेका छन् । नेपालको राजनीति वा कम्युनिस्ट आन्दोलनमा त्यो कुनै नयाँ कुरा होइन। दशकौँदेखि हाम्राविरुद्ध त्यसप्रकारको झूटा प्रचार वा चरित्रहत्या गर्ने काम हुँदै आएको छ । राजनीतिक रूपले हाम्राविरुद्ध सङ्घर्ष गर्न नसकेपछि उनीहरूले व्यक्तिगत गालीगलौज वा चरित्रहत्याद्वारा हामीमाथि हमला गर्ने गर्दछन् । तर त्यसले हाम्रो राजनीतिक भूमिकालाई समाप्त गर्न सक्दैन।

भनिन्छ, पहिले हङकङमा सीआईएको एउटा एजेन्सी थियो । त्यसले माओका विरुद्ध झूटा समाचार बनाएर लगातार प्रसारित गर्ने गर्थ्यो। केही समयपछि एउटा समाचार झूटा साबित भएपछि पुनः अर्को झूटा समाचार बनाएर प्रचार गर्ने गर्दथ्यो । त्यसप्रकारको नयाँ समाचारले केही समयका लागि भ्रम दिन सक्थ्यो। तर त्यसको असर कम भएपछि पुनः नयाँ झूटा समाचार प्रसारित गर्ने गर्दथ्यो । त्यही प्रकारको सीआईए शैली नेपालका कतिपय पत्रपत्रिका वा अनलाइनहरूले पनि अपनाएको देखिन्छ । यस सन्दर्भमा हिटलरको प्रचारमन्त्री गोयबल्सले अपनाएको शैली पनि उल्लेखनीय छ। उसको के मान्यता थियो भने कुनै झूटा समाचारलाई पनि बारम्बार दोहोऱ्याएपछि त्यसलाई सत्य साबित गर्न सकिन्छ । दुर्गा र मेरो सन्दर्भमा पनि त्यही प्रकारको गोयबल्स शैलीलाई प्रयोग गर्न प्रयत्न गरेको देखिन्छ। तर के बताइरहनु आवश्यक छैन भने त्यसप्रकारको शैलीले केही समयका लागि भ्रम दिन सके पनि अन्त्यमा त्यो निष्फल नै हुन्छ।

५ पुस, २०७६

## नेता दीपेश र ...

जारी गर्दै चेतावनी दिएका हुन्।

विज्ञप्तिमा भनिएको छ, ‘नेपालमा यतिबेला केपी-प्रचण्डको दलाल संसदीय व्यवस्थाले नेपाल र नेपाली जनताको सार्वभौमिकता र समृद्धिको बाधकका रूपमा अगुवाइ गरिरहेको छ । जनताको अग्रगामी शक्तिका रूपमा रहेको जनताको जनप्रिय एवम् गौरवशाली पार्टी नेपाल कम्युनिस्ट पार्टी जनपक्षीय एजेन्डाहरूसहित लडिरहेको सर्वविदितै छ। जनपक्षीय एजेन्डाहरूबाट अत्तालिएको सामाजिक दलाल पुँजीवादी सत्ता गिरफ्तारी, धरपकड, हत्या-आतङ्क र बलात्कारसम्म पुगेर जनताको न्यायपूर्ण आवाजलाई बन्देज गर्ने दुस्साहस गरिरहेको छ।’

विज्ञप्तिमा अगाडि भनिएको छ, ‘यसै सन्दर्भमा हाम्रो पार्टीको साङ्गठनिक कामको सिलसिलामा खटिरहँदा मिति २०७६ पुस १ गते बिहान हाम्रो पार्टीका नेता कमरेड दीपेश र सगरमाथा ब्युरो सदस्य एवम् उदयपुर जिल्ला पार्टी सेक्रेटरी कमरेड सुरेन्द्र थापालाई उदयपुर कटारी नगरपालिकाको वडा नं. ७ रिस्कुबाट गैरन्यायिक तरिकाले गिरफ्तार गरी बेपत्ता बनाएको घटनाले हाम्रो पार्टीको गम्भीर ध्यानाकर्षण भएको छ । जनतालाई भ्रम छरेर विभिन्न बहानामा हाम्रो पार्टीका विभिन्न तहका नेता-कार्यकर्ता र समर्थक-शुभचिन्तक जनताको घर खानतलासी गरी आतङ्कित बनाउने कार्यले हाम्रो पार्टीलाई गम्भीर बनाएको छ । सरकारको उक्त रबैयाको सगरमाथा ब्युरो घोर भर्त्सना गर्दछ र जनतामा थोपरिएको श्वेतआतङ्क तत्काल बन्द गर्नसमेत अनुरोध गर्दछ।’

विज्ञप्तिमा भनिएको छ, ‘अहिले देश र जनताको प्रगतिको बाधक नेपाल कम्युनिस्ट पार्टी र एकीकृत जनक्रान्ति नभई दलाल पुँजीवादी संसदीय व्यवस्था हो। अहिले जनता र हाम्रो लडाइँ तिनै दलालहरूसँग हो। दलालहरूको संरक्षण गरी आफ्नो वर्गका विरुद्ध नजान सम्पूर्ण सुरक्षा निकायका मित्रहरूलाई अपिल गर्दै बिनाकारण गैरन्यायिक गिरफ्तार गरेर बेपत्ता बनाइएका नेता-कार्यकर्ताहरूलाई सार्वजनिक गरी सम्पूर्ण बन्दीहरूलाई बिनासर्त रिहा गर्न अनुरोधका साथ देशलाई थप झडप र हिंसातिर जान नदिन सम्बन्धित पक्षको ध्यानाकर्षण गर्दै अन्यथा उत्पन्न हुने परिस्थितिको जिम्मा लिन यसै विज्ञप्तिमार्फत जानकारी गराइन्छ।’

## सरकारलाई धम्क्याउँदै ...

रकममा केही घटाएर रकम असुल गर्न करदाता कार्यालयका पक्षमा फैसला गऱ्यो। त्यसलगत्तै सोही अदालतले पूर्वनजिर उल्ट्याएर उही मुद्दामा आधा घटाएर फैसला सुनाएको थियो । त्यसको औचित्य पुष्टि गर्ने र पारदर्शिता प्रकट गर्न अदालत समर्थ भएन । त्यही झन्डै आधा कर भुक्तानी गर्न पनि एनसेल तयार भएको छैन। सरकार भने एनसेलसमक्ष आत्मसमर्पण गरेको छ, लाचार छ। यसको अर्थ बुझ्न सकिन्छ।

पुस २ गते विश्व बैङ्कको कानुनी पक्ष हेर्ने शाखा इन्टरनेसनल सेन्टर फर सेटलमेन्ट अफ इन्भेस्टमेन्ट डिस्प्युट (आईसीएस आईडी) ले करदाता कार्यालयलाई कर असुली तत्काल लागू नगर्न आदेश दिएको छ। नेपालमा व्यापारव्यवसाय गर्ने संस्थाप्रति नेपालको प्रचलित कानुन लागू हुन्छ। तर एनसेलले नेपालको कानुनविरुद्ध अन्तर्राष्ट्रिय कानुन र निकायमा जाँदा र नेपालको सार्वभौमिकताका विरुद्ध जाँदा पनि राज्यको मौनता र लाचारी अर्थपूर्ण देखिन्छ।

ठूला करदाता कार्यालयले मङ्सिर २० गते १५ दिनको म्याद तोकेर कर भुक्तानी गर्न दिएको समयसीमाभन्दा ३ दिनअगाडि आईसीएस आईडीले उक्त आदेश जारी गरेको छ । सर्वोच्च अदालतले एनसेललाई २२ अर्ब ४४ करोड ५३ लाख रुपैयाँ कर तिर्न आदेश गरेको थियो । नेपाल सरकार उक्त निर्देशन मान्न बाध्य छैन र सरकार र ठूला करदाता कार्यालयले आफूलाई त्यसबारे कसैले जानकारी नगराएकाले आफ्नो पक्षमा फैसला आएको भन्दै सर्वोच्च अदालतको फैसला लागू नगर्ने सङ्केत गरिसकेको छ। सर्वोच्चको फैसलाविरुद्ध एनसेलले २० मे २०१९ मा आईसीएस आईडीमा उजुरी गरेको थियो । यसअघि उक्त विश्व बैङ्कको बिचौलिया संस्थाले नेपालको कर कार्यालय र एनसेलका बीचमा मध्यस्थता गर्न चाहे पनि नेपालले अस्वीकार गरेको थियो। मध्यस्थताका लागि ट्रिब्युनलको अध्यक्षमा विश्व बैङ्कले दक्षिणकोरियाली नागरिक जोङ्गी किमलाई नियुक्त गरेको थियो । एनसेलले आफ्नो प्रतिनिधि नेदरल्यान्डका नागरिक अल्बर्ट जनभान डेनलाई नियुक्त गऱ्यो । नेपालले उक्त प्रयोजनका लागि प्रतिनिधि नदिएपछि नेपालका तर्फबाट बहस गर्न सोही बिचौलिया संस्थाले अमेरिकाका नागरिक पल फ्रेड्ल्यान्डलाई नियुक्त गरेको थियो। एनसेलले दोस्रोपटक सर्वोच्चमा रिट दायर गरेपछि झन्डै १८ अर्ब कम फैसला भएको हो। एनसेलले त्यो आदेशसमेत अस्वीकार गरेको छ।

वर्ष ५, अङ्क २६, पूर्णाङ्क २२१
रातो खबर साप्ताहिक

# नेकपाद्वारा सरकारको आततायी क्रियाकलापको घोर निन्दा एवम् भर्त्सना गिरफ्तार नेता–कार्यकर्ता तत्काल रिहाइको माग

नेपाल कम्युनिस्ट पार्टी सेती-महाकाली ब्युरोले सरकारी आततायी क्रियाकलापको निन्दा र भर्त्सना गरेको छ । ब्युरो इन्चार्ज निर्माणले विज्ञप्ति जारी गर्दै भनेका छन्, 'केपी वलीको दलाल सामाजिक फासिवादी सरकारले सामुदायिक बन उपभोक्ताको इच्छाविपरीत जबर्जस्ती कैलाली, कञ्चनपुरलगायत चुरे र महाभारत क्षेत्रमा समेत जथाभाबी रूख कटानी गरिरहेको छ । यसै सिलसिलामा कैलाली जिल्लाको घोडाघोडी नगरपालिका वडा नम्बर ८ मैनापोखरी सामुदायिक बनमा कथित वैज्ञानिक बनका नाममा रूख काटीरहेको जनगुनासो आएपछि यही पुस ७ गते हाम्रो पार्टीको स्थानीय समितिको नेतृत्वमा रोक्न खोज्दा उल्टै पुलिसले फायरिङ गर्दै र जनतालाई आतङ्कित पार्दै हाम्रो पार्टी निकट दलित मुक्तिमोर्चा नेपालका केन्द्रीय सदस्य तथा सेती-महाकाली संयोजक टेकबहादुर विक र साधारण जनता दिनेश विकलाई गिरफ्तार गरेको छ । हाम्रो पार्टी यसखाले राज्यको आततायी क्रियाकलापको घोर निन्दा एवम् भर्त्सनी गर्दछ र गिरफ्तार गरिएकाहरूलाई तत्काल रिहा गर्न माग गर्दछ ।'

विज्ञप्तिको पूर्ण विवरण यसप्रकार रहेको छ :

हाम्रो जनप्रिय तथा गौरवशाली पार्टी नेपाल कम्युनिस्ट पार्टीले सुरुदेखि नै कथित वैज्ञानिक बन व्यवस्थापनका नाममा भैरहेको बन फडानीको सशक्त विरोध गर्दै आएको छ र यसलाई खारेज गर्ने मत पनि राख्दै आएको छ । विश्वमा असफल साबित भएको र नेपालका लागि झन् निकै उनुपयोगी घातक साबित हुँदै गएको कथित वैज्ञानिक बन व्यवस्थापनका विरुद्ध हाम्रो पार्टी मात्रै नभएर कैयौँ राजनीतिक दल, सामुदायिक बन महासङ्घ, उपभोक्ता समूह, जनता र वातावरण संरक्षणका क्षेत्रमा काम गर्ने सङ्घसंस्थाहरू पनि यसका विरुद्ध छन् । यसलाई रोक्न आन्तरिक पत्र र सार्वजनिक विज्ञप्तिमार्फत हाम्रो पार्टीले सम्बन्धित निकायलाई बारम्बार आग्रह गर्दै आएको छ । सामुदायिक बन महासङ्घले पनि धेरैपटक राष्ट्रिय र स्थानीय स्तरका कार्यक्रम गरी सङ्घर्षका कार्यक्रम अघि सारेको छ । तर केपी वलीको दलाल सामाजिक फासिवादी सरकारले यसको कुनै सुनुवाइ नगरी उल्टै मापदण्डविपरीत कार्ययोजना बनाउदै सामुदायिक बन उपभोक्ताको इच्छाविपरीत जबर्जस्ती कैलाली, कञ्चनपुरलगायत चुरे र महाभारत क्षेत्रमा समेत जथाभावी रूख कटानी गरिरहेको छ । यसै सिलसिलामा कैलाली जिल्लाको घोडाघोडी नगरपालिका वडा नम्बर ८ मैनापोखरी सामुदायिक बनमा कथित वैज्ञानिक बनका नाममा रूख काटिरहेको जनगुनासो आएपछि यही पुस ७ गते हाम्रो पार्टीको स्थानीय समितिको नेतृत्वमा रोक्न खोज्दा उल्टै पुलिसले फायरिङ गर्दै र जनतालाई आतङ्कित पार्दै हाम्रो पार्टीनिकट दलित मुक्तिमोर्चा नेपालका केन्द्रीय सदस्य तथा सेती-महाकाली संयोजक टेकबहादुर विक र साधारण जनता दिनेश विकलाई गिरफ्तार गरेको छ । हाम्रो पार्टी यसखाले राज्यको आततायी क्रियाकलापको घोर निन्दा एवम् भर्त्सना गर्दछ र गिरफ्तार गरिएकाहरूलाई तत्काल रिहा गर्न माग गर्दछ । जनताको सम्पत्ति बन रक्षाका लागि सङ्घर्ष गर्ने, सिमाना मिचिएकोमा विरोध गर्ने, भ्रष्टाचारका विरुद्ध र न्यायका पक्षमा लड्नेहरूका विरुद्ध बन्दुक सोझ्याउने कथित दलाल सरकार र त्यसका आदेशपालक कथित सुरक्षाकर्मीहरूको यस्तोखाले आतङ्ककारी क्रियाकलापले हामीलाई प्रतिरोध गर्न बाध्य पार्दै लगेको छ । जसरी केपी वलीको दलाल सरकारको आडमा अमेरिकाको दक्षिणएसिया प्रशान्त रणनीतिका नाममा नेपालमा सैन्य अखडा राख्ने, मिलेनियम च्यालेन्ज कर्पोरेसनका नाममा बजेट ल्याउने र हाम्रो देशको युरेनियम कब्जा गर्ने रणनीति लिएको छ । त्यसरी नै साम्राज्यवादी पुँजीवादीहरूको योजनामा सामुदायिक बनका नाममा समुदायमा आएको अधिकारलाई कटौती गरी निश्चित दलाल ठेकेदार, भ्रष्ट कर्मचारी, बदमास सामुदायिक बनका पदाधिकारीको निहित स्वार्थ पूरा गर्न र नेपालको पर्यावरण र जैविक विविधतालाई ध्वस्त पारी राष्ट्रलाई परनिर्भर बनाउने खेलअन्तर्गत यो कथित वैज्ञानिक बन व्यवस्थापन ल्याइएको छ । यसलाई निम्नकारणले रोक्नुपर्छ र खारेज गर्नुपर्छ :

१) यो देश र जनताको हितमा भन्दा पनि साम्राज्यवादीहरूको डिजाइनमा पुँजीवादीको फाइदा र दलाल सरकारको राजस्वमुखी छ ।

२) यो सामुदायिक बनलाई खारेज गर्ने र समुदायलाई अधिकार र उपभोगविहीन बनाउने उद्देश्यले आएको छ र सङ्घीयताविरोधी छ ।

३) यो नेपालको जमिन, हावापानी र वनस्पतिको चरित्रविपरीत छ । यसले जनावर, जडीबुटी र पर्यावरण ध्वस्त पार्नेछ ।

४) यसले तत्काल निश्चित वर्ग र पक्षलाई मात्रै फाइदा हुनेछ । दीर्घकालमा हाम्रो भाबी पुस्तालाई सर्वाङ्ग नाङ्गो बनाउनेछ ।

५) यो संसारभरि असफल भएको परियोजना हो र नेपालमा यसलाई केही दलाल वर्गले कमाइखाने भाँडो बनाउन ल्याएको हो । यसमा केही दलाल वर्ग र भ्रष्ट कर्मचारीतन्त्रको स्वार्थ गाँसिएको छ, जनताको होइन ।

६) यसले सामाजिक सद्भाव र समुदायगत विकासलाई समाप्त पार्नेछ र बनलाई निश्चित फटाहाहरूले मात्रै कमाइखाने साधन बनाउनेछन् । जनताको संस्कृति समाप्त हुनेछ ।

७) यो अन्तर्राष्ट्रिय मानकविपरीत जल, जङ्गल र जमिनमा आदिवासी जनजाति र स्थानीय जनताको अधिकारविरोधी छ ।

८) यो दिगो बन व्यवस्थापन र स्थानीय उद्योग विकासको पनि विपरीत छ । यो नेपालको भूगोल सुहाउँदो छैन । यो हरियो बन नेपालको धनविपरीत हरियो बन दलाल र तस्करको धन उन्मुख छ ।

त्यसकारण कथित वैज्ञानिक बनका नाममा भैरहेको बन विनासलाई रोक्न सबै जिल्लाहरूमा सम्पूर्ण पार्टी समितिले प्रतिरोध सङ्घर्षलाई अगाडि बढाउन हार्दिक आह्वान गर्दछौँ । साथै सामुदायिक बन महासङ्घ, सामुदायिक बन उपभोक्ताहरू, नागरिक समाज र सरोकारवाला सङ्घसंस्थालाई पनि संयुक्त सङ्घर्षमा आउन अपिल गर्दछौँ । जनताको आग्रहविपरीत व्यक्तिगत स्वार्थमा पछि लाग्ने सामुदायिक बनका केही पदाधिकारीहरू, कमिसनखोर र भ्रष्टाचारी, बनका कर्मचारी, जनताको छातीमा बुट र गोली बर्साउन आउने कथित सुरक्षाकर्मी, सुराकी गरेर पुलिस बोलाई टेकबहादुर विक र दिनेश विकलाई गिरफ्तार गराउने र दमन गराउने मैनापोखर सामुदायिक बनका अध्यक्ष प्रेम चौधरी, जडै सामुदायिक बनका अध्यक्ष गगन साउद र सदस्य दिलबहादुर साउद, सम्बन्धित क्षेत्रको बन सबडिभिजन प्रमुख र जिल्ला बन अधिकृतलाई हामी जनताको तहबाट सशक्त प्रतिरोध गर्ने र त्यसबाट उत्पन्न परिस्थितिको जिम्मेवारी स्वयम् उल्लेखत व्यक्ति र संस्थाले लिनुपर्ने चेतावनी पनि दिन्छौँ ।

# नक्कली हस्ताक्षर बनाई रकम संकलन गरेको भन्दै जनगणतान्त्रिक सम्पर्क मञ्चको आपत्ति

जनगणतान्त्रिक सम्पर्क मञ्च केन्द्रीय समन्वय समाज काठमाडौँले अध्यक्षको नक्कली हस्ताक्षर बनाई रकम सङ्कलन गरेको भन्दै आपत्ति प्रकट गरेको छ । समाजका सचिव पूर्णबहादुर श्रेष्ठले विज्ञप्ति जारी गरी आपत्ति प्रकट गरेका हुन् ।

उनको विज्ञप्तिमा भनिएको छ, ' जनगणतान्त्रिक सम्पर्क मञ्च केन्द्रीय समन्वय समाजअन्तर्गत केही व्यक्तिले हाम्रो सङ्गठनको बदनामी गर्ने गरी नक्कली सहयोग रसिद बनाई पैसा लेनदेन गराएको पाइएको र उक्त रसिदमा रत्न मगरको नक्कली हस्ताक्षर गरी आर्थिक उठाएको पाइएकाले हाम्रो जनगणतान्त्रिक सम्पर्क मञ्च केन्द्रीय समन्वय समाजले कुनै आर्थिक कारोबार नगरेको र रत्न मगर २०७६ मङ्सिर २३ गतेदेखि उपत्यकाबाहिर रहेको सम्पूर्ण निकायलाई ध्यानाकर्षण गराउँछौँ ।' विज्ञप्तिमा समाजका अध्यक्षको बदनामी गर्ने व्यक्तिलाई मञ्चले कारबाही गर्ने जानकारी गराइएको छ ।

# इलाममा नेकपाको सङ्गठन विस्तार तीव्र

सरकारी प्रतिबन्ध खारेज गर्दै इलाममा तीव्र रूपमा नेकपाको सङ्गठन विस्तार गरिएको समाचार प्राप्त भएको छ । सूर्योदय नगरपालिकाका १४ वटै वडामा समिति निर्माण गरिएको जनाइएको छ ।

वडा नं. १ मा काजीमान शेरेङको अध्यक्षतामा ७ समिति वडा समिति निर्माण गरिएको छ । यसैगरी क्रमशः २ देखि १४ वडासम्म पार्टी समिति निर्माण गरिएको छ ।

रामचन्द्र लिम्बूको अध्यक्षतामा ९ नं. वडा समिति, श्याम खतिवडाको अध्यक्षतामा ११ नं. वडा समिति, विदुर लामिछानेको अध्यक्षतामा ८ नं. वडा समिति, बिर्खबहादुर तामाङको अध्यक्षतामा १३ नं. वडा समिति, सुवास बस्नेतको अध्यक्षतामा ९ नं. वडा समिति, सुकवीर ढकालको अध्यक्षतामा ८ नं. समिति, कुवेर राईको अध्यक्षतामा ९ वडा समिति, चोलेन्द्र राईको अध्यक्षतामा ८ वडा समिति, शङ्कर राईको अध्यक्षतामा ९ समिति, टङ्क आचार्यको अध्यक्षतामा १६ जनाको वडा समिति र बबिन राईको अध्यक्षतामा १४ जनताको वडा समिति निर्माण सम्पन्न भएको जनाइएको छ ।

सङ्गठन निर्माणपछि आयोजित नवनिर्वाचित पदाधिकारीलाई बधाई तथा शुभकामना कार्यक्रममा प्रमुख अतिथि इलाम जिल्ला इन्चार्ज हिमालले एकीकृत जनक्रान्तिमा लामबद्ध भई वैज्ञानिक समाजवाद स्थापना गरेरै छोडिने बताएका थिए । उनले फासिवादी सरकारको दमन, अत्याचार, हस्तक्षेप र गिरफ्तारी तत्काल बन्द गर्न र हस्तक्षेप बन्द नगरे आफूहरू पनि प्रतिकारमा उत्रन बाध्य हुने चेतावनी दिए ।

कार्यक्रमको अध्यक्षता सूर्योदय नगरपालिकाका इन्चार्ज परिवर्तनले गरेका थिए । कार्यक्रममा इलाम जिल्ला कार्यालय सचिव छिरिङ, इलाम-काठमाडौँ मञ्चका संयोजक विपीन, इलाम काठमाडौँ सम्पर्क मञ्चका सचिव विस्फोटलगायत विभिन्न क्षेत्र र जिम्मेवारीका नेताहरूको उपस्थिति थियो ।

# जाजरकोटमा नेकपाका नेता खोज्दै हिँडेका प्रहरी नियन्त्रणमा, घटनास्थलमा व्यापक प्रहरी परिचालन

## दुई प्रहरी घाइते, सुराकी नगर्न चेतावनी दिएर छोडियो

जाजरकोट नलगाडको सिर्केमा नेकपाका नेता तथा कार्यकर्ता खोज्दै हिँडेका दुई प्रहरी घाइते भएका छन् । नेकपाका नेता खोज्दै हिँडेका सेपुखोला प्रहरी चौकीका प्रहरी सहायक निरीक्षक गङ्गाबहादुर चन्द र प्रहरी जवान दिलबहादुर डाँगीलाई नेकपाको सहयोगमा स्थानीय बासिन्दाले नियन्त्रणमा लिने क्रममा भाग्दै गर्दा खुट्टामा सामान्य चोट लागेको जानकारी नेकपा जाजरकोटका सेक्रेटरी राजकुमार राईले दिएका छन् ।

भाग्न लागेका प्रहरीलाई नियन्त्रणमा लिएर आगामी दिनमा नेकपाको कार्यक्रम, र नेता कार्यकर्ताको पिछा नगर्ने चेतावनी दिएर स्थानीय जनसमुदायसमक्ष बुझाइएको राईद्वारा विज्ञप्तिमा जनाइएको छ । प्रहरीहरू घाइते भयपछि सदरमुकामबाट सशस्त्र प्रहरी परिचालन गरिएको जानकारी प्राप्त भएको छ ।

नेपाल कम्युनिस्ट पार्टी जिल्ला समिति जाजरकोटले विज्ञप्ति प्रकाशित गर्दै भनेको छ, 'हाम्रो महान् तथा गौरवशाली पार्टी नेपाल कम्युनिस्ट पार्टी दलाल पुँजीवादी संसदीय व्यवस्थाको भन्डाफोर गर्दै यसको विकल्पमा वैज्ञानिक समाजवाद स्थापना गर्नका लागि एकीकृत जनक्रान्तिको कार्यदिशामा निरन्तर अघि बढिरहेको यहाँहरू सबैलाई अवगत नै छ ।'

विज्ञप्तिमा राईले भनेका छन्, 'देशभक्त, क्रान्तिकारी, प्रगतिशील, नवजवान युवा-विद्यार्थी, सेना, प्रहरीलगायत सम्पूर्ण जनसमुदायहरूमा क्रान्तिलाई साथ, सहयोग र समर्थन गरी स्वाधीन राष्ट्र निर्माण गर्न आह्वान गर्दागर्दै हाम्रो पार्टीका विरुद्ध दलाल केपी-पीके कम्पनीको इसारामा गस्ती, पिछा गर्दै हाम्रो कार्यक्रमस्थल तलगाड नपा ५ सिर्केमा आएको जानकारी पाएपछि हाम्रो पार्टीले सेपुखोला प्रहरी चौकीका प्रहरी सहायक निरीक्षक गङ्गाबहादुर चन्द र प्रहरी जवान दिलबहादुर डाँगीलाई नियन्त्रणमा लिन खोज्दा भाग्दै गर्दा खुट्टामा सामान्य चोट लागेपछि पुनः नियन्त्रणमा लिएर आगामी दिनमा हाम्रो पार्टीको कार्यक्रमको र नेता-कार्यकर्ताको पिछा नगर्ने चेतावनी दिएर स्थानीय जनसमुदायका सामु केही मिनेटभित्रै घटनास्थलमै पुस २ गते छोडेका छौँ ।'

विज्ञप्तिमा चेतावनी दिँदै भनिएको छ, 'आगामी दिनमा कोहीकसैले हाम्राविरुद्ध सुराकी गरेमा स्वयंमले ठूलो मूल्य चुकाउनुपर्ने चेतावनी यही विज्ञप्तिमार्फत दिन्छौँ ।'

# ट्याक्टरले ठक्कर दिँदा छात्राको मृत्यु, विद्यार्थी सङ्गठनद्वारा शोक व्यक्त

अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (क्रान्तिकारी) जिल्ला समिति दाङले शोक वक्तव्य प्रकाशित गरी तुलसीपुर उपमहानगरपालिका ७, शिवनगर निवासी तुलसी आवासीय मावि तुलसीपुरमा कक्षा ८ मा अध्ययनरत १३ वर्षीया छात्रा विजिता केसीको ट्याक्टर दुर्घटनामा परी भएको निधनप्रति दुःख व्यक्त गर्दै श्रद्धाञ्जली प्रकट गरेको छ । सङ्गठनका जिल्ला अध्यक्ष अनिल केसीले जारी गरेको शोक वक्तव्यमा घाइते १४ वर्षीया मीना वलीको शीघ्र स्वास्थ्यलाभको कामना पनि गरिएको छ ।

शोक वक्तव्यमा भनिएको छ, 'ट्याक्टरले ठक्कर दिँदा गम्भीर घाइते भई राप्ती प्रादेशिक अस्पतालमा उपचारका क्रममा भएको विजिता केसीको दुःखद् निधनले हाम्रो सङ्गठनलाई दुःखी एवम् स्तब्ध बनाएको छ ।' पुस ३ गते तुलसीपुर-सल्यान सडकखण्डको तुलसीपुर उपमहानगरपालिका ५ गोदामघरनजिकै विद्यालय जाने क्रममा सडकछेउमा हिँडिरहेको अवस्थामा पश्चिमबाट तीव्र गतिमा आएको रा १ प १४३५ नम्बरको ट्याक्टरले उनीहरूलाई ठक्कर दिएको थियो ।

विज्ञप्तिमा भनिएको छ, 'चालकको लापरबाही र दादागिरीले बर्सेनि सयौँ नागरिकले अनाहकमै ज्यान गुमाउँदा पनि सम्बन्धित निकाय रमिते बस्नु, सम्बन्धित निकायले दुर्घटना न्यूनीकरण गर्न कुनै उपाय नअपनाउनु साथै राज्यको फितलो नियमले गर्दा यस्ता दुर्घटनालाई चालकले सामान्य रूपमा लिनुले दैनिक यस्ता दुःखद् घटना भइरहेको प्रस्टै छ । यस्ता अप्रिय घटनाहरू रोक्न सम्बन्धित निकायलाई अनुरोध गर्दछौँ ।'

विज्ञप्तिमा उक्त घटनामा ज्यान गुमाउने छात्रा विजिता केसीप्रति हार्दिक भावपूर्ण श्रद्धाञ्जली व्यक्त गरिएको छ भने शोकाकुल परिवारजनप्रति गहिरो समवेदना प्रकट गरिएको छ । दुर्घटनामा घाइते छात्रा मीना वलीको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै मृतक विजिताको परिवारलाईलाई न्यायका निम्ति उचित क्षतिपूर्तिसहित दोषीलाई कडाभन्दा कडा कारबाही गर्न र घाइते मीनालाई उपचारमा कुनै कसुर बाँकी नराख्न सम्बन्धित पक्षसँग अनुरोध गरिएको छ ।

# नेकपा कार्यकर्ताले तोडे प्रहरीको घेरा

झापा : नेपाल कम्युनिस्ट पार्टीका झापा जिल्ला सदस्य एवम् दमक नगर सेक्रेटरी सुवास राई र युवा सङ्गठनका जिल्ला सदस्य पुकार लामा प्रहरीको घेरा तोड्दै मुक्त भएका छन् ।

झापा जिल्ला अदालतको आदेशमा प्रतिव्यक्ति तीस हजारका दरले धरौटी बुझाएर निस्कने क्रममा बिहीबार उनीहरुलाई प्रहरीले पुनः गिरफ्तार गर्न खोजेको थियो तर व्यापक जनसमर्थनका कारण नेकपाका नेताहरु घेरा तोड्न सफल भएको जानकारी आफन्तले दिएका छन् ।

प्रहरीले देशभर नेकपाका कार्यकर्तालाई छुट्नेबित्तिकै अन्य मुद्दा लगाएर पुनः गिरफ्तार गर्ने गरेको छ तर झापामा भने नेकपाका दुवैजना कार्यकर्ता एकैपटक घेरा तोड्न सफल भएका छन् ।

गत साउन २० गते झापाको दमकस्थित बेलडाँगीबाट प्रहरीले उनीहरुलाई गिरफ्तार गरेको थियो । साउन १४ र १५ गते झापाका दमक, भद्रपुर, अर्जुनधारा, कमल गाउँपालिकालगायत स्थानमा एनसेलको टावरमाथि भएको आक्रमणमा संलग्न भएको झूट्टा आरोप लगाउँदै नेकपाका कार्यकर्तालाई तीव्र रूपमा खोजी गरेर प्रहरीले उनीहरुलाई गिरफ्तार गरेको थियो । उनीहरुलाई एनसेल टावरमा बम विस्फोट गराएको आरोप लगाउँदै प्रहरीले मुद्दा चलाएर कारागार पठाएको थियो ।

एनसेलले राज्यलाई तिर्नुपर्ने सत्तरी अर्बभन्दा बढी कर नतिरेको भन्दै नेकपाले देशैभर एनसेल टावरमा कारबाही गरेको थियो ।

# दलाल र भूमाफियालाई थारुवान जनसरकारको चेतावनी

थारुवान स्वायत्त प्रदेशले दलाल र भूमाफियाहरूलाई चेतावनी दिएको छ । बर्दगोरिया जनपरिषद् नेपाल कैलालीले चेतावनी सूचना जारी गर्दै जनयुद्धका क्रममा कब्जा गरिएको ग्रामीण विकास बैङ्कको जग्गा गत साउन १५ गते पुनः कब्जा गरिएको तर उक्त जग्गामा केही दलाल तथा भूमाफियाले भवन निर्माण गरी सटर भाडामा दिएर व्यापारी व्यवसायीबाट चर्को सटर भाडा लिइरहेको भन्दै चेतावनी दिएको हो ।

परिषद्द्वारा जारी चेतावनी सूचनामा उक्त जग्गाको सटर १५ दिनभित्र खाली गर्न सम्बन्धित पक्षका लागि सूचना जारी गरिएको बताइएको छ ।

# 'देशका लागि लड्नेहरूलाई झूट्टो मुद्दामा नफसाऊ'

अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (क्रान्तिकारी) सेती-महाकाली क्षेत्रीय समन्वय समितिले भारतीय साम्राज्यवादले नेपाली सीमा मिचेको विरोधमा प्रदर्शनमा उत्रिएका संगठनका नेता-कार्यकर्तालाई गिरफ्तार गरी झूट्टो मुद्दामा नफसाउन सरकारलाई चेतावनी दिएको छ । समितिका संयोजक वीरेन्द्र शाहले विज्ञप्ति जारी गरी यस्तो चेतावनी दिएका हुन् ।

शाहले विज्ञप्तिमा भनेका छन्, 'भारतीय साम्राज्यवादद्वारा सार्वजनिक गरिएको राजनीतिक नक्सामा दार्चुला जिल्लाको भूभाग कालापानी, लिम्पियाधुरा र लिपुलेक समावेश गरिएको विषय र भारतीय हस्तक्षेपका विरुद्ध हाम्रो गौरवशाली सङ्गठन अखिल (क्रान्तिकारी) सेती-महाकाली क्षेत्रीय समन्वय समितिद्वारा २०७६-०८-१० गते दार्चुलाको सदरमुकाम खलङ्गामा विरोध प्रदर्शनको कार्यक्रममा दलाल केपी-बादल गृह प्रशासनद्वारा निर्मम दमन गरी हाम्रो सङ्गठनका ६ जना विद्यार्थी नेता तिलक, सुवास, ध्वनि, ललित, गणेश र दीपकलाई गिरफ्तार गरी झूट्टा मुद्दा लगाइएको थियो ।'

विज्ञप्तिमा अगाडि भनिएको छ, '०७६-०९-०१ गतेका दिन २१ दिनपछि जिल्ला प्रशासन कार्यालय दार्चुलाबाट धरौटीमा रिहा गर्ने आदेश जारी हुँदा अन्य पाँचजना कमरेडहरू रिहा भए पनि सङ्गठनका केन्द्रीय सदस्य क. तिलक कुँवरलाई पुनः गिरफ्तार गरी बझाङ पुऱ्याएर झूट्टो मुद्दामा फसाउने षड्यन्त्र गरिएको छ । यसको घोर भर्त्सना र कडा निन्दा व्यक्त गर्दछौँ ।'


विज्ञप्तिमा अगाडि भनिएको छ, 'यो घटनाले राज्य सञ्चालन तहमा रहेका केपी-बादल कम्पनीको फासिवादी चरित्र सुस्पष्ट झल्किएको छ । देश बेच्ने दलालहरूको भन्डाफोर गर्दै सङ्घर्षमा साथ दिन सम्पूर्ण मानवअधिकारवादी, कानुन व्यवसायी, युवा विद्यार्थीहरू सबैमा हार्दिक अपिल गर्दछौँ । हाम्रो सङ्गठनका केन्द्रीय सदस्य तिलक कुँवरलाई ससम्मान रिहाइको जोडदार माग गर्दछौँ ।'

## मन्त्री नै विचौलिया ...

रोपनी उक्त जग्गा रिसोर्टसँगको पूर्वसम्झौताको ६ वर्ष समयसीमा रहँदारहँदै कानुनी प्रावधान नै मिचेर बिनाप्रतिस्पर्धा कौडीको मूल्यमा दिइएको छ । गृहमन्त्री थापा पदेन अध्यक्ष रहेको नेपाल ट्रस्टको ऐनमा परिवर्तन गरी प्रधानमन्त्रीको विशेष रुचिअनुसार गृहमन्त्रीबाहेक जोकोही अध्यक्ष बन्न-बनाउन सकिने प्रावधान राखियो । गृहमन्त्री थापाबाट यती समूहको जग्गा हडप्ने अभिप्राय पूरा हुने-नहुने अनिश्चित भएका कारण ट्रस्टको ऐन नै परिवर्तन गरेर उपप्रधानमन्त्री ईश्वर पोखरेललाई उक्त ट्रस्टको अध्यक्ष बनाइयो । ईश्वर पोखरेल अध्यक्ष भएपछि नेपाल ट्रस्टको प्रस्ताव र नेपाल सरकारको मन्त्रिपरिषद्को निर्णयअनुसार रिसोर्टको ६ वर्ष म्याद रहँदै हतारतार उक्त निर्णय गरियो । अर्को निर्वाचनपछि नेकपा दोब्बरको सरकार बन्न नसक्ने सङ्केत उपनिर्वाचन परिणामले गरेपछि हतारहतारमा उक्त निर्णय भएको हो । हवाईयात्रा तथा हिमाल आरोहण उद्धारमा भ्रष्टाचारमा चुर्लुम्म डुबेको यती समूहप्रति प्रम वलीको संलग्नता छरपस्ट भएको छ । यसरी प्रम र उपप्रम नै नीतिगत भ्रष्टाचारमा संलग्न देखिन्छन् ।

अचम्मको विषय त के भने राजस्वमारा यती समूहका सञ्चालक सीताराम सापकोटासमेत नेपाल ट्रस्टको पनि सदस्य बनाइएका छन् । पूर्वकानुन तथा न्यायमन्त्री भानुभक्त ढकालले २०७६ को बर्खे अधिवेशनमा ५६ वटा कानुन संशोधन प्रस्ताव सदनमा पेस गरेका थिए । त्यसमध्ये 'नेपाल ट्रस्ट ऐन संशोधन प्रस्ताव- २०७६' पनि थियो । नयाँ संशोधित ऐनमा गृहमन्त्री पदेन अध्यक्ष हुने प्रावधानलाई खारेज गरी प्रमले गृहमन्त्री थापालाई हटाएर ईश्वर पोखरेललाई अध्यक्ष बनाए । त्यसैगरी प्रम वलीकै निर्देशनमा ट्रस्टमा योङ्जोम शेर्पा, प्रवीणराज दाहाल र सीताराम थापा थप गरिएका हुन् । केही वर्षअघिसम्म केही हेलीकोप्टर सेवामा संलग्न यती समूहले अहिले कोइदे हिमालको जग्गा कब्जा गरेको छ । दरबारमार्गमा नेपाल ट्रस्टकै गोकर्ण रिसोर्टको जग्गा थप २५ वर्षका लागि हडपेको छ । प्रम वलीको उदयसँगै उनकै आशीर्वादमा यती समूह एकाएक अर्बपति समूह बन्न गएको छ । प्रधानमन्त्री, उपप्रधानमन्त्री नै नीतिगत भ्रष्टाचारमा संलग्न भएको देखिएकाले अख्तियारले त्यसप्रकारका ह्वेल माछा (ठूला माछा मात्र होइन) समात्न सक्नुपर्छ तर देशको प्रमुख कार्यकारी नै नाङ्गो नीतिगत भ्रष्टाचारमा संलग्न भएपछि भ्रष्टाचार संस्थागत हुन्छ नै । भ्रष्टाचारमा शून्य सहनशीलता भन्ने प्रम वलीको घोषणा भयङ्कर नीतिगत भ्रष्टाचारमा अभिव्यक्त भएको छ ।

# माओलाई सम्झनुको अर्थ


खेम थपलिया

### आमुख

नेपालमा केपी ओली नेतृत्वको सरकारको सामाजिक फासिवादी हर्कतले सीमा नाघ्दै गएको छ। आफूहरू कम्युनिस्ट नै भएको जिकिर गर्ने यो सरकारले विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीमाथि प्रतिबन्ध लगाएको छ। यसले नेकपाल कम्युनिस्ट पार्टीका हजार बढी नेता-कार्यकर्तालाई झुट्टा मुद्दा लगाएर जेल तथा हिरासतमाा राखेको छ। यसले नेताहरूलाई मुठभेडको नाममा इन्काउन्टर गरेको छ। यो सरकारले अखिल नेपाल जनसांस्कृतिक महासङ्घका केन्द्रीय अध्यक्ष एवम् लोकप्रिय जनकलाकार माइला लामालाई समेत झुट्टा मुद्दामा नख्खु जेलमा राखेको छ। नेता/कार्यकर्ताको त कुरै छाडौं, ओली सरकारले सर्वसाधारण जनता, लेखक, कवि, कलाकार तथा साहित्यकारलाई देखिसहेको देखिँदैन। देश तथा विदेशमा सरकारको यस किसिमका फासिवादी कदमको तीव्र विरोध भएको छ। प्रतिबन्धका यी ९ महिनाका अवधिमा एकीकृत जनक्रान्तिको शक्तिशाली प्रवाहलाई रोक्न दलाल तथा सामाजिक फासिवादी सरकारले क्रान्तिकारीहरूका मुख थुन्न, हात बाँध्न, पाइताला रोक्न जे जति अन्यायपूर्ण हर्कत गरे पनि फासिवादी सरकारका हरेक आदेशलाई लत्याउँदै क्रान्तिकारीहरू निरन्तर अघि बढिरहेका छन्। ठीक यस्तो बेला हामी माओ जे-दोङको सम्झना र सम्मानमा १२७ औं माओ दिवस मनाइरहेका छौं। धुमधामका साथ माओलाई सम्झिइरहँदा धेरैको अगाडि एउटा जबर्जस्त प्रश्न उभिएको छ, खासमा माओलाई सम्झनु अर्थ के हो ?

२६ डिसम्बर, सन् १८९३ मा विश्व मानचित्रको एउटा विशाल भू-भाग ओगटेको पुँजीवादी तथा सामन्तवादी शक्तिद्वारा पिल्सिएको जर्जर रोग र भोकले छटपटाएको चीनको सानो गाउँमा रक्तिम किरणले जन्म लिएथ्यो। त्यही किरण महान् योद्धा आज संसारभर माओको नामले प्रसिद्ध छ। उनी शोषक लुटेराहरूको ज्यानीदुश्मन र गरिब मिहिनेतकश जनताका आत्माको धड्कन बनेका छन्। माओ नाम प्रत्येक राष्ट्रको स्वाधीन आन्दोलन र हरेक देशका जनताको मुक्तिकामी आन्दोलनसँग गाँसिएको छ। उनी आज विश्वभरमा श्रमिक तथा उत्पीडित जनताद्वारा चलाइएका तथा चलाइने जनक्रान्तिको पर्याय बनेका छन्। साम्राज्यवादी, दलाल तथा एकाधिकार पुँजीवादी भूमण्डलीकृत शक्तिहरूको प्रभावबाट मुक्त गर्न, उत्पीडित तथा श्रमजीवी जनतालाई सामन्तवादी तथा अन्य विभिन्नखाले प्रतिक्रियावादी तत्वहरूको दमन र शोषणबाट मुक्त गर्न माओ रणनीतिक हतियार बनेका छन्।

### माओको निधनपछि चीन

सेप्टेम्बर ९, सन् १९७६ मा विश्व सर्वहारावर्गका महान् नेता चिनियाँ कम्युनिस्ट पार्टीका अध्यक्ष माओको निधनपछि विश्वभरका शोषितपीडित जनता शोकमग्न भइरहेको बेलामा चीनका केही प्रतिक्रान्तिकारीले भित्रभित्रै विषाक्त हतियारलाई तिखारेर षड्यन्त्रको जालो बुन्न थाले। मालेमावादका सच्चा अनुयायीहरूलाई छान्दै चीनमा पुँजीवादी व्यवस्था लागू गर्नका लागि चिनियाँ संशोधनवादीहरूले माओको मृत्युको महिना दिन पनि नपुग्दै चियाङ चिङ, च्याङ चुङ चियाओ र अन्य क्रान्तिकारीमाथि 'कथित चार गुट' भन्दै गिरफ्तार गरेर प्रतिक्रान्तिको बीजारोपण गरियो। त्यहीक्रममा माओ विचारप्रति अत्यन्तै बफादार, राजनीतिक रूपले परिपक्व तथा सिद्धान्तप्रति निष्ठावान चिनियाँ सेनालाई पुनर्गठन गरेर चिनियाँ जनमुक्ति सेनालाई पार्टी, सरकार र त्यसका नीतिहरूप्रति बफादारीको सपथ लिन लगाइयो।

माओको क्रान्तिलाई लगातार अघि बढाउँदै उत्पादन बढाउने भन्ने क्रान्तिकारी विचारलाई तोडेर 'आधुनिकीकरणको कार्यक्रम' द्वारा 'उत्पादन बढाउने' नारा दिइयो। 'उत्पादन बढाउने' नाउँमा संशोधनवादीहरूले क्रान्तिकारी सिद्धान्तलाई तिलाञ्जली दिएर पुँजीवादी पुनर्स्थापनालाई जोड दिइयो। वर्गसङ्घर्षलाई पूर्ण रूपले परित्याग, महान् सर्वहारा सांस्कृतिक क्रान्ति र त्यसभन्दा अगाडि पनि जफत गरिएका व्यक्तिगत सम्पत्ति ब्याजसहित फिर्ता, व्यक्तिगत स्वामित्वमा चल्ने उद्योगधन्दालाई छुट, ठूलो पैमानामा विदेशी पुँजीलाई चीनमा भित्र्याएर पर्याप्त नाफालाई विदेशमा रकम लैजान छुट, व्यक्तिगत रूपमा जमिनका प्लटहरूको वितरण, विदेशी अश्लील साहित्य नृत्य-फिल्मको प्रदर्शनद्वारा जनताको चेतनालाई विकृत र कुरूप बनाई क्रान्तिप्रति विमुख बनाउने तथा भौतिक प्रलोभनद्वारा जनतालाई भ्रष्ट पार्ने प्रयास आदि कार्यहरू गरेर चीनमा पुँजीवादी अधिनायकत्वलाई स्थापित गरियो। त्यहीक्रममा महान् सर्वहारा सांस्कृतिक क्रान्तिलाई 'गलत', 'दुर्घटनापूर्ण' बताउन थालियो। चिनियाँ सर्वहारा सांस्कृतिक क्रान्तिको विरोध गर्दै उत्पादनलाई जोड दिने चिन्तनलाई नेपालका क्रान्तिकारीहरूले चीनमा प्रतिक्रान्ति भएको ठहऱ्याए।

नेपालका सच्चा कम्युनिस्टहरूले चीनमा प्रतिक्रान्ति भएको ठहर गर्नु क्रान्तिप्रति अटल विश्वास र सिद्धान्तप्रति दृढ आस्था थियो। यो समाजवादी व्यवस्था-साम्यवादी विचारधारा 'असफल' भनेर चिल्लाएका पुँजीवादी-संशोधनवादी तत्वहरूलाई दिइएको चुनौती थियो। यो समस्त शोषित पीडित जनतालाई समाजवादी व्यवस्था तथा साम्यवादी विचारधाराप्रति अटल विश्वास जगाई क्रान्तिको लालझन्डा सदैव उठाइरहन प्रेरित गर्ने दृढ अडान हो। यो कुनै पनि प्रतिक्रियावादी शक्तिको सामु घुँडा नटेक्ने, आत्मसमर्पण नगरी क्रान्तिकारी सही सिद्धान्त र राजनीतिक विचारधारालाई बलियो गरी समातेर क्रान्तिलाई निरन्तर अघि बढाउने साहसिक दूरदर्शिता थियो।

### माओ योगदान

क्रान्तिकारी सिद्धान्तलाई जसरी लेनिन र स्तालिनले रुसमा व्यावहारिक रूपमा लागू गरेका थिए, ठीक त्यसरी नै माओले तेस्रो विश्वको पिछडिएको मुलुक चीनमा लागू गरे। मार्क्सवाद-लेनिनवादलाई उनले सिर्जनात्मक रूपले विकास गरेर सर्वहारा अधिनायकत्वलाई बचाइराख्ने र सुदृढ बनाउने, पुँजीवादी पुनर्स्थापनालाई रोक्ने विधिको विकास गरे। मार्क्सवाद-लेनिनवादको विकसित रूप नै आजको माओवाद हो, जुन जनक्रान्तिको मार्गदर्शक सिद्धान्त हो। सर्वहारावर्गले पुँजीपति वर्गबाट छिनेर सत्ता लिएपछि पनि निकै लामो अवधिसम्म समाजवादतर्फ सङ्क्रमणकालभरि मात्र होइन, समाजवादको निर्माण र विकासको कालभरि वर्गसङ्घर्षलाई मुख्य कडीको रूपमा निरन्तर चलाएर पार्टी र सरकारभित्र तथा बाहिर रहेका पुँजीपन्थीहरूलाई कमजोर, तहस नहस र अन्तमा निर्मूल नपारेसम्म सर्वहारावर्गले राज्यसत्तामाथि प्रतिक्रान्तिकारी हमला हरदम भइरहने खतरा भइरहने वास्तविकतालाई दृष्टिगत गरेर माओ सुरुदेखि नै पार्टीलाई सर्वहाराकरण गर्ने प्रयासमा लागे। स्टालिनको निधनपछि पार्टीभित्र घुसेको नवसंशोधनवादी खुश्चेभले समाजवादी सोभियत रुसलाई पुँजीवादी रुसमा बदलेर मार्क्सवाद-लेनिनवाद र विश्व सर्वहारावर्गप्रति नै गद्दारी गरे। यद्यपि माओले पुँजीवादी बाटो लिएका सत्तासीन व्यक्तिहरूको विरुद्ध सङ्घर्ष गरेर सर्वहारा अधिनायकत्वको सुदृढीकरण र समाजवादी व्यवस्थाको विकासको लागि, समाजवादी ढाँचाअनुरूप नभएका शिक्षा, साहित्य, कला र संस्कृतिलाई सही रूप दिन 'महान् सर्वहारा सांस्कृतिक क्रान्ति' को सूत्रपात गरेर सामाजवादी व्यवस्थामा नयाँ आयाम थपे। महान् सर्वहारा सांस्कृतिक क्रान्ति माओवादको सशक्त व्यावहारिक रूप बन्यो। यो मार्क्सवाद-लेनिनवादमा थप योगदान र विश्व कम्युनिस्ट आन्दोलनमा महान् उपलब्धि थियो। आज माओलाई आक्रमण गर्नेहरूले माओवादमाथि आक्रमण गरेर साम्राज्यवादीहरूलाई सहयोग पुऱ्याइरहेका छन्। यसले विश्वस्तरमा अन्तर्विरोधलाई झन् चर्काएको छ। हरेक देशका शोषित-पीडित जनताले चलाउने क्रान्तिलाई दबाएर साना तथा कमजोर राष्ट्रलाई आफ्नो नियन्त्रणमा राख्ने साम्राज्यवादी शक्तिबिचको होडबाजी झन् बढेको छ। यस सन्दर्भमा माओको "विश्वमा दुईवटा सम्भावनाहरू छन् कि त क्रान्तिले युद्धलाई रोक्नेछ कि युद्धले क्रान्तिलाई जन्माउनेछ" भनाइ सटिक प्रतीत हुन्छ।

माओ चिनियाँ बहुचर्चित लामो अभियान, जापानविरोधी युद्ध र मुक्तियुद्धका नेता एवम् नयाँ जनवादी गणतन्त्र चीनका संस्थापक, चीनलाई समाजवादी बाटोमा लैजाने वा पुँजीवादी बाटोमा भन्ने प्रश्न टड्कारो बनिरहेको बेला सुरु भएको महान् सर्वहारा सांस्कृतिक क्रान्तिको वास्तविक नेता एवम् संसारभरिका राष्ट्रिय मुक्ति आन्दोलनका प्रेरणाका स्रोत हुन्। माओ विश्व इतिहासकै महापुरुषहरूमध्ये एक बन्न पुगेका छन्। माओका दर्शनका क्षेत्रमा विकास गरेको 'विपरीतहरूको एकता-सङ्घर्ष-रूपान्तरण' को नियम, 'दुई एकमा संयोजन होइन, एक दुईमा विभाजन हुन्छ' भनी द्वन्द्ववादको उक्त नियमको विस्तार, राजनीतिक अर्थशास्त्रको क्षेत्रमा रुसी समाजवादी मोडेलका कतिपय नीतिको आलोचना एवम् 'दुई खुट्टामा टेकेर हिंड्ने अर्थनीति', 'राजनीतिलाई पत्र, उत्पादन बढाऊ' भन्ने मान्यता र वैज्ञानिक समाजवादको क्षेत्रमा दीर्घकालीन जनयुद्धको सैनिक रणनीति, नयाँ जनवादी राज्यव्यवस्थाको मोडेल एवम् सर्वहारा अधिनायकत्वअन्तर्गत 'निरन्तर क्रान्तिको सिद्धान्त' आदि मार्क्सवाद-लेनिनवादको विकासमा सार्वभौम योगदान थिए। उनले पार्टी निर्माणको सवालमा 'एउटा क्रान्तिकारी पार्टीबिना, मार्क्सवादी-लेनिनवादी क्रान्तिकारी सिद्धान्तद्वारा निर्मित र मार्क्सवादी-लेनिनवादी पद्धतिमा आधारित पार्टीबिना श्रमजीवी वर्ग र जनसमुदायको व्यापक हिस्सालाई नेतृत्व प्रदान गर्न, साम्राज्यवाद र त्यसका पाल्तु कुकुर हरूलाई पराजित गर्न सम्भव छैन' भन्ने मान्यता अघि सारे। 'वैचारिक तथा राजनीतिक कार्यदिशा सही वा गलत हुनुले सही कुराको निर्धारण गर्दछ' भन्दै उनले नयाँ ढङ्गको क्रान्तिकारी कम्युनिस्ट पार्टी निर्माणका निम्ति माओले 'पुँजीवादी अड्डामाथि बम वर्षाऊ', 'विद्रोह गर्नु जनताको अधिकार हो' लगायत नारा अगाडि सारे। उनले पार्टीको उच्च ओहोदामा पुग्न सफल भएका संशोधनवादी गद्दारहरूका विरुद्ध सन् १९६६ मा महान् सर्वहारा सांस्कृतिक क्रान्तिको सुरुआत गरे। माओले 'मार्क्सवाद लागू गर, संशोधनवाद होइन', 'खुला र स्पष्ट होऊ, छलछाम र षड्यन्त्र नगर', 'एकताबद्ध होऊ, नफुट' अर्थात् 'तीन गर, तीन नगर' भन्ने साङ्गठानिक क्षेत्रमा महत्वपूर्ण प्रस्तावना अगाडि सारे। पार्टीभित्र चल्ने अन्तर्विरोधलाई पार्टीको जीवन बनाउँदै माओले पार्टीमा उत्पन्न भएका दक्षिणपन्थी विसर्जनवाद र उग्रपन्थी दुस्साहसवादका विरुद्ध भीषण दुईलाइन सङ्घर्ष चलाए। विश्व कम्युनिस्ट आन्दोलनभित्र खुश्चोभी नवसंशोधनवादका विरुद्ध महान् बहस चलाउँदै माओले मार्क्सवाद-लेनिनवादको गुणात्मक विकासको तेस्रो र नयाँ चरणमा माओवादको प्रतिपादन गरे। आज संसारभरका कम्युनिस्ट क्रान्तिकारीहरूले मार्क्सवाद-लेनिनवाद-माओवादलाई आफ्नो मार्गनिर्देशक सिद्धान्तको रूपमा अपनाउँदै आएका छन्।

### जनयुद्ध र सांस्कृतिक उत्प्रेरणा

नेपालको माओवादी राजनीतिमा माओ र माओवादसित अभिन्न रहँदै आएका छन्। नेपालमा १० वर्ष माओवादी जनयुद्ध भयो तर त्यो तार्किक निष्कर्षमा पुग्न सकेन, यद्यपि नेपाली जनयुद्ध र जनसंस्कृतिले माओबाट ठूलो उत्प्रेरणा प्राप्त गरेका छन्। फेरि, समकालीन नेपाली राजनीति अत्यन्त चुनौतीका माझ उभिएको छ। सत्तामा दलाल तथा सामाजिक फासिवादीहरूको रजगज छ। यस्तो बेला मार्क्सवादी कवि, कलाकार तथा लेखकहरूको दायित्व कैयौंगुणा बढी हुन्छ। राजनीतिक क्षेत्रमा जस्तै सांस्कृतिक फाँटमा पनि गम्भीर चुनौतीहरू नभएका होइनन्। मार्क्सवादी स्रष्टाहरूले यतिबेला मालेमावादको सैद्धान्तिक पथप्रदर्शनलाई गहिरोसित आत्मसात गरी समकालीन संस्कृति, साहित्य र कलाको क्षेत्रमा सशक्त हस्तक्षेप गर्न आवश्यक छ। सामन्तवाद, भूमण्डलीकृत सांस्कृतिक साम्राज्यवाद, दलाल तथा फासिवादी संसदवादका विरुद्धको विचारधारात्मक सङ्घर्षलाई प्रभावकारी रूपमा निरन्तर अगाडि बढाउनुपर्दछ। वर्गसमाजमा राजनीतिजस्तै साहित्य, कला र संस्कृतिको स्वरूप पनि वर्गीय हुन्छ। आजका कलाकर्मीले वर्गीय प्रतिवद्धतालाई केन्द्रमा राखेर आफ्ना सिर्जनामार्फत फासिवादी शिविरमा विष्फोट गर्न आवश्यक छ। संस्कृतिकर्मीहरूले निरन्तर क्रान्तिको सिद्धान्तलाई आत्मसात गर्दै नै आवश्यक छ। माओले पुँजीवादीको शिरोच्छेदन गर्न सांस्कृतिक क्रान्ति गर्नुपर्नाका कारण निकै मननीय छन्। मध्यमवर्गलाई रूपान्तरणको अभियानमा गोलबन्द गर्दै क्रान्तिको, परिवर्तनको, रूपान्तरणको सेवामा लगाएर मात्र आजको दुनियाँमा हामी अघि बढ्न सक्तछौं। मध्यमवर्गमा रहेको राष्ट्रवादी चेतना र परिवर्तन-आकाङ्क्षालाई मूर्तीकृत गर्न संस्कृतिकर्मीहरूले विशेष ध्यान दिनैपर्दछ।

नेपालका जनपक्षीय लेखक, साहित्यकार तथा कलाकर्मीहरू सांस्कृतिक क्रान्तिबारे धेरथोर परिचित नै छन्। मार्क्सवादी सौन्दर्यचिन्तनको विकासमा प्लेखानोभ गोर्की, लुनाचार्स्की, लु सुन, क्रिस्टोफर कड्वेल, राल्फ फाक्स, ज्दानोभ, हावर्ड फास्ट, जर्ज लुकाच, फिसर थोम्सनजस्ता कला-चिन्तकहरूले पनि महत्वपूर्ण योगदान पुऱ्याएका छन्। यसमा माओले समेत स्पष्ट मार्गदर्शन दिएका छन्। माओले कला-साहित्य र संस्कृतिका क्षेत्रमा पुऱ्याउनुभएको योगदानबारे नेपालका जनपक्षीय संस्कृतिकर्मी अनभिज्ञ छैनन्। माओका 'नौलो जनवादी संस्कृति', 'येनान गोष्ठीमा कला र साहित्यबारे प्रवचन' र 'सांस्कृतिक कार्यमा संयुक्त मोर्चा' जस्ता रचना निकै मननीय छन्। 'नयाँ जनवादी संस्कृति' सम्बन्धी रचना तयार पारेर माओले नयाँ संस्कृति र सांस्कृतिक आन्दोलनको दिशालाई सुस्पष्ट पारेका थिए भने 'येनान गोष्ठीमा कला र साहित्यबारे प्रवचन' द्वारा कला-साहित्यका क्षेत्रमा प्रचलित गलत दृष्टिकोणको चिरफार गर्नुका साथै, लेखक-कलाकारलाई मार्क्सवादको अध्ययन गर्न र सही विश्वदृष्टिकोण अपनाउन जोड दिएका थिए। उनले बुद्धिजीवी क्षेत्रबाट आएका लेखक-कलाकारको भावनात्मक रूपान्तरणमा पनि अत्यधिक जोड दिएका थिए। उनको क्रान्तिकारी मसाललाई आफ्नो सिर्जन, चिन्तन तथा कर्ममा प्रज्वलित गर्दै दलाल तथा सामाजिक फासिवादी सत्ताका विरुद्ध प्रतिरोध गर्नु नै असली रूपमा माओलाई सम्झनु हो। यो लडाइँमा विजयी भएर मात्र हामीले माओको ओज र गरिमालाई उँचो बनाउन सक्नेछौं। माओलाई सम्झनुको अर्थ आमूल परिवर्तनको खातिर सांस्कृतिक क्रान्तिलाई तीव्रता दिनु पनि हो।

### स्वाधीनताको लडाइँ

नेपालमा यतिबेला राष्ट्रिय स्वाधीनताको आवाज प्रवल रूपमा मुखरित भइरहेको छ। भारतीय साम्राज्यवादले कालापानी, लिम्पियाधुरा र लिपुलेकलाई आफ्नो सिमानाभित्र समेटेर गरेको नयाँ नक्साङ्कन सार्वजनिक गरेपछि उसको हददर्जाको हेपाहा र मिचाहा प्रवृत्तिप्रति गम्भीर आपत्ति मुखरित भएको हो। झन्डै छ दसकअघि चीन र भारतबिच युद्ध भएका बेला रणनीतिक महत्वको कालापानीमा भारतीय सेनाले खडा गरेको क्याम्प आज पनि जस्ताको तस्तै रहनु नेपाली शासकहरूलाई निकै लाज लाग्नुपर्ने हो, तर त्यसो हुन सकेको देखिँदैन। उल्टै उनीहरूले अहिले राष्ट्रियताको बहानामा गोहीको आँसु बगाइरहेका छन्। अहिले नेपाली जनमासमा प्रश्न उठिरहेको छ कि तत्कालीन नेपाल सरकार र प्रधानमन्त्रीहरू यो विषयमा किन मौन बसे ? यो मौनताको रहस्य के हो ? आज नेपाली जनताले यसको उत्तर खोजिरहेका छन्। भारतसितको सीमा समस्या समाधानमा पटक्कै ध्यान नदिने नेता, कुटनीतिज्ञ तथा राजनीतिक दलहरू अहिले न्वारानदेखिको बल लगाएर चिच्याउनुको के अर्थ ? २०७२ को नाकाबन्दीपछि नयाँदिल्ली पुगेका बेला प्रधानमन्त्री ओलीले कालापानी समस्यालाई किन गम्भीरतापूर्वक उठाएनन् ? अहिले भारतीय 'नक्साकाण्ड' को सूत्रपात हुनुमा नेपाली शासकहरूको लाचारी र लम्पसारवाद मुख्य कारण हो। अहिले पनि भारतको 'बडिल्याङ्वेज' ले ऊ कुनै पनि हालतमा कालापानी छोड्ने पक्षमा देखिँदैन। त्यति मात्र होइन, उसको विकिपिडियाको अङ्ग्रेजी संस्करणमा कालापानी टेरिटोरी आफ्नो भएको भन्दै निकै अघिदेखि अन्तर्राष्ट्रियकरण गरिसकेको छ। तर, यस्तो गम्भीर र संवेदनशील विषयमा नेपाल सरकार र विशेषतः नेपालको परराष्ट्र मन्त्रालय बेखबर हुन मिल्छ ?

लिम्पियाधुरादेखि कालापानीसम्मको नेपाली भू-भाग समेटेर भारतको नक्सा सार्वजनिक भएपछि यसले नेपाली जनतालाई आक्रोशित बनाउनु अस्वाभाविक होइन। यसले नेपाली सत्तासीनहरूका राष्ट्रघाती अनुहार पनि छर्लङ्ग बनाएको छ। अहिले सडकमा देखिएको 'सरकारी' नक्कली राष्ट्रवादका झाँकीले समस्या समाधानभन्दा पनि भारतीय शासकहरूकै गुलामीको भाव बुझ्न कुनै आइतबार कुर्नुपर्दैन। सबैभन्दा पहिले भारतले कालापानीबाट आफ्नो सेना तुरुन्त फिर्ता गरोस्। नेपाली सत्तासीनहरूको लम्पसारवादी चरित्रका कारण पनि भारतीय शासक निरन्तर नेपाली सीमा अतिक्रमण गर्न हौसिँदै आएको प्रस्टै छ। अझ उदेकलाग्दो कुरा लिम्पियाधुरा नेपालको नक्सामै नहुनु हो। लिम्पियाधुरा नेपालको आधिकारिक भू-भाग रहेको कुरामा कुनै विवाद हुन सक्तैन। यो समस्या यथासक्दो शीघ्र र सम्मानजनक समाधान भएन भने यसलाई तुरुन्त अन्तर्राष्ट्रियकरण गर्नुको कुनै विकल्प छैन। जनयुद्धलाई इतिहासको कष्टकर कथाका रूपमा होइन, अग्रगामी र सुन्दर भविष्यको प्रेरणाका रूपमा लिनैपर्दछ। माओले जापानका विरुद्ध संयुक्त मोर्चा बनाएर लडेका थिए। माओलाई सम्झनुको अर्थ राष्ट्रिय स्वाधीनताको पक्षमा सशक्त रूपमा उभिनु पनि हो।

### उपसंहार

विश्व सर्वहारावर्गका महान् नेता माओको संस्मरण र सम्मानमा विश्वभर १२७ औं माओ दिवस मनाइँदैछ। साम्राज्यवाद र दक्षिणपन्थी संशोधनवादको हैकम बढ्दै गएको यतिबेला क्रान्तिकारी ध्रुवीकरणलाई तीव्रता दिँदै जनक्रान्तिको बाटोमा अघि बढ्नु अपरिहार्य छ। माओलाई सम्झनुको अर्थ एकीकृत जनक्रान्तिको कार्यदिशालाई पकड्नु हो, क्रान्ति पूरा गर्न प्रतिबद्ध हुनु हो। २६ डिसेम्बर अर्थात् माओ दिवसको यस महान् अवसरमा हामी माओ जे-दोङप्रति विशेष स्मरण र सम्मानका साथ अभिवादन गर्न चाहन्छौं। हामी उनको जन्मदिनलाई उत्सवको रूपमा मनाइरहेका विश्वभरका श्रमजीवी तथा उत्पीडित जनसमुदायमा न्यानो अभिवादन गर्न चाहन्छौं। अन्तमा प्रस्तुत छ इच्छुक रचित 'प्रतिबन्ध' कवितांश :

*ओ शासक/प्रशासकहरू !*
*अस्वीकार्य छ हामीलाई*
*तिम्रा निरङ्कुश आदेशहरू*
*तिमी जतिसुकै हुकुम र फरमान जारी गर*
*तिमी जतिसुकै जुलुम र उत्पीडनहरू सुरु गर*
*सक्छौ भने हाम्रा चेतनाहरूमा प्रतिबन्ध लगाऊ*
*र, सत्यलाई कैद गर*
*तर ओ तानाशाहहरू !*
*तिम्रा बर्बर स्वेच्छाचारका विरुद्ध*
*हामी भने निरन्तर आवाज उठाइरहन्छौं ।*

## नेता वीरजङ्गसहित ...

जिल्ला न्यायाधीश रीतेन्द्र थापाको इजलासले वीरजङ्गसहित २१ जनालाई नै १५/१५ हजार धरौटीमा रिहा गर्न आदेश दिएको थियो।

नेताहरू वीरजङ्ग, केशबहादुर बाँठा, सविनलगायत २१ जनालाई दाङको राजपुर, मगराइनाबाट प्रहरीले मध्यरातमा बिनाकारण गिरफ्तार गरेको थियो।

## जागरण मञ्च ...

राम कार्कीले भारतसँग छलफल गर्नका लागि बलियो आधार तयार गर्नुपर्ने बताउनुभयो। उहाँले राष्ट्रियका विषमा सबै ठाउँमा आउनुपर्नेमा जोड दिँदै लिम्पियाधुरा नेपालको हो भन्ने विषयमा ठोस प्रमाण तयार गरेर भारतसँग छलफलमा बस्नुपर्नेमा जोड दिनुभयो। उहाँले भारतीय शासक वर्गलाई हेरेर मात्रै धारणा बनाउन नहुने समेत उल्लेख गर्नुभयो।

कार्कीले भारतीय प्रगतिशील जनताको समर्थन पनि आवश्यक रहेकोमा जोड दिनुभयो। उहाँले भन्नुभयो,' हामीले समस्या मार्क्सवादी दृष्टिकोणबाट पनि समाधान गर्न आवश्यक छ, भारतमा कैयौं प्रगतिशील जनताहरु छन् उनीहरूको साथ लिन आवश्यक छ।' उहाँले जनयुद्धकालमा भारतीय जनताका तर्फबाट भएको समर्थन स्मरण गर्दै भारतीय शासक वर्गलाई मात्रै हेरेर धारणा बनाउन नहुनेमा जोड दिनुभयो।

नेता कार्कीले अहिलेको अवस्थाप्रति सन्तुष्ट नरहेको भन्दै बाध्यात्मक अवस्थामा चुप लाग्नु परेको समेत संकेत गर्नुभयो। उहाँले भन्नुभयो,' हामी अहिलेको अवस्थाबाट सन्तुष्ट छैनौं संघीयतालाई संगीतालाई समाजवादको विकल्पका रुपमा प्रस्तुत गरिएको छ जुन खतरनाक छ, यो वाहियात हो,संघीयता कति दिन टिक्ने हो टुंगो छैन।'

प्रतिपक्षी दल नेपाली कांग्रेसका नेता डाक्टर नारायण खड्काले अहिलेको सरकारमा राष्ट्रप्रतिको भावना नदेखेको बताउनुभयो। उहाँले अहिले सरकारसँग सुगौली सन्धीको मूल दस्तावेज नभएको भन्दै असन्तुष्टी जनाउनुभयो। उहाँले भन्नुभयो,' अहिले सरकारसँग सुगौली सन्धीको मूल दस्तावेज छैन अनि केको आधारमा र कुन आधारमा अर्को देशसँग छलफल गर्न सक्छ।'

भारतले वार्ता गर्न तयार छौं भन्दा पनि नेपाल सरकार मौन रहनु आफैमा अनौठो विश्व भएको नेता खडकाको टिप्पणी छ। सरकारले कुरा उठाए आफूहरु पूर्णरुपमा साथ दिन तयार रहेको पनि उहाँले जानकारी गराउनुभयो। नेता खड्काले अहिलेसम्म सीमा अतिक्रमणका विषयमा दलहरुबीच एउटै धारणा बन्न नसक्नु आश्चर्यको बिषय भएको उल्लेख

गर्नुभयो। उहाँले राष्ट्रियताका विषयमा सबै दलहरु एक ठाउँमा आउन पनि आग्रह गर्नुभयो।

नेपाल कम्युनिष्ट पार्टीका अध्यक्ष ऋषि कट्टेलले भारतले हडपेको नेपाली भूमि फिर्ता ल्याउन नेपाल सरकारले आलटाल गरेको आरोप लगाउनुभयो। अध्यक्ष कट्टेलले भारतले विधिवत रुपमै नेपालको भूमि आफ्नो नक्सामा पारेको बताउनुभयो। 'इतिहासमा पहलो चोटी भारतीय विस्तारवादले जबरजस्ती हडप्दै बसेको नेपाली जमिनलाई अहिले आएर विधिवत रुपमै आफ्नो नक्साभित्र पारेको छ,' उहाँले भन्नुभयो, 'यो विषय नेपालीको लागि अत्यन्तै गम्भीर र पेचिलो विषय बनेको छ।'

नेपालको भूमीमा भारतीय अतिक्रमणका सन्दर्भमा आयोजित अन्तक्रिया कार्यक्रम नेकपा क्रान्तिकारी माओवादीका नेता हरिभक्त कँडेल, नेकपा माओवादी केन्द्रका अध्यक्ष गोपाल किराती, तथा राष्ट्रिय जागरण मन्चका अध्यक्ष गुणराज लोहनीले कार्यक्रममा कार्यपत्र पेश गर्नुभएको थियो भने सञ्चालन नर बहादुर कार्कीले गरेका थिए।

## माफिया पोस्ने ...

सरकारी विद्यालयले मात्र निःशुल्क शिक्षा दिनेछन्। यो सधैं संविधानको बर्खिलाप छ किनकि संविधानमा माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्रदान गर्नुपर्ने प्रावधान छ। चुनावमा लिएको मोटो रकमका कारण निजी क्षेत्रलाई पोस्न र शैक्षिक दायित्वबाट पन्छिन सरकारले यस्तो संविधानविरोधी नीति लिएको देखिन्छ। संविधानमा जेजस्तो व्यवस्था भए पनि अब निजी क्षेत्रका सबै विद्यालयले प्रारम्भदेखि र सरकारी विद्यालयले माध्यमिक तह (कक्षा ९-१२) सम्म शुल्क लिनेछन्। निजी क्षेत्रसँग मोटो रकम लिएर शुल्क वृद्धिमा मौनता साध्ने, मोलतोल गरेर बीचैमा आन्दोलन तुहाउने गरेको आरोप खेप्दै आएका विद्यार्थी सङ्गठनहरूको यसपटकको मौनता भनै रहस्यमय देखिन्छ। शिक्षानीतिले स्थानीय तहको अधिकार कटौती गरेको भए पनि स्थानीय तहका प्रतिनिधि हाइसन्चो मानेर बसेको आरोप छ। वली सरकारले 'उच्चस्तरीय शिक्षा आयोग' को प्रतिवेदन गुपचुप राखेर शैक्षिक माफिया पोस्ने गरी शिक्षानीति लागू गरेको छ।

डायरी

# कमरेड माओका आदर्श पछ्याउँदै चीनको यात्रामा



अशोक सुवेदी

**१८ भदौ, २०७३, बेइजिङ**

'विस्फोटक पदार्थ फेलापर्‍यो' भन्दै चीनको छेन्दु एयरपोर्टमै अलप पारिएको सुटकेस भेटिएको खुसी र बेइजिङ एयरपोर्ट टर्मिनलको रिमझिमसँगै 'फर्स्ट एड' खोज्दै र ब्याग घिसार्दै भौँतारिँदा एउटा पातलो-पातलो केटा स्वागत गर्न आइपुग्छ बास बस्ने होटेलको सिफारिस गर्दै । हामी होटेलको भाडा सोध्छौँ अलि लापर्बाहीपूर्वक किनकि हाम्रो पहिलो ध्यान सहयात्री माणिक लामाको हातको घाउमा मलमपट्टी गर्नेतिर हुन्छ । टर्मिनलमा ट्रान्जिट समय कटाउन यत्रतत्र सफा भुइँमा सुतिरहेका मान्छेहरूले भारततिरका रेल स्टेसनको पनि झझल्को गराउँछन् । प्राथमिक उपचारकले ५० युआन लिनुअघि घाउ पुछेर एउटा टेप बाँधिदिन्छ र केही टेप पनि थमाउँछ । हामी फर्केर जाँदा पनि होटेलवाला हामीलाई पर्खेझैँ हामीतिरै आउँछ । उसले ३०० युआन भन्छ प्रतिरातको । रातको १२ बजिसकेको छ । हामी उसलाई तीन रात बस्दा प्रतिरात २५० युआनसम्ममा हुन्छ कि भनेर सोध्छौँ । ऊ लोभिन्छ र हामीलाई लिएर होटेलको कोठातिर डोर्‍याउँछ । हाम्रा झोलाहरू डिक्कीतिर हालिदिँदै हामीलाई सिटमा राखेर २-४ मिनेट समय मागेर अरू २-३ समूह लिएर आउँछ र हामीलाई होटेलतिर बिदा गरेर अलप हुन्छ । होटेलमा आइपुगेपछि थाहा हुन्छ, बिहान ब्रेकफास्ट पाइने भए पनि खानाको व्यवस्था छैन । काउन्टरमा दर्ता गरिसकेपछि आडैको डिपार्टमेन्टल स्टोरतिर देखाइदिन्छे एउटी युवतीले ।

डिपार्टमेन्टल स्टोरमा गएर १/२ पाउन्ड पाउरोटी र ४ बोतल पानी, एउटा कप आदि लिएर फर्कन्छु । मभन्दा ७/८ वर्ष जेठा माणिक सर थकाइ, तनाव, हातको दुखाइ आदिले लखतरान भइरहेको पाउँछु । मुस्किलले १/२ टुक्रा पाउरोटी चपाएर उहाँ हाँहाँहुँहुँ गर्दै ढल्किनुहुन्छ । पाउरोटीसँग औषधि खाएर म पनि पल्टिन्छु । नेपालको समय १ बजिसकेको छ रातको । बेइजिङको घडीले ३ बजाइसकेको छ ।

बिहान उठ्दा माणिक सरलाई नुहाइधुवाइ तयार र ताजा पाउँछु । बेलुका खाना नखाएकाले माणिक सर भोकले ढल्न मात्र बाँकी हुनुहुन्छ । सामान किन्दाकिन्दै ११ बजिसक्छ । सँगैको होटेलमा गएर दुई ठाउँमा 'राइस' र एक ठाउँमा 'फिस' मगाउँदै माणिक सरको इच्छाबमोजिम एउटा सानो कोक पिउन थाल्छौँ । माओको देशमा बहुराष्ट्रिय कम्पनीको कोक ? एकछिन सोच्छु तर आजको चीन कहाँ महान् माओको समयको चीन हो र ? आफैँ मन बुझाउँछु । थालभरिको तात्तातो सग्लो माछा आउनासाथ माणिक सरका हातका काँटाचम्चा सग्बगाउन थाल्छन् । भुटेको भात आउन्जेल बिचरो माछाका केही काँडा, टाउको र हाडखोर मात्र बाँकी हुन्छ ।

खाना सकेपछि हामी काउन्टरमा पैसा बुझाउन जाँदा तियानमेन स्क्वायर (जहाँ कमरेड माओ त्सेतुङको शव छ र जहाँबाट माओले जनगणतन्त्र चीनको घोषणा गर्नुभएको थियो) मा जान ट्र्याक्सी-कारका लागि अनुरोध गर्छौं । ८०० युआनबाट घटाएर ५०० युआनमा भाउ मिलेपछि माओको शव रहेको भवन, तियानमेन स्क्वायर, ग्रेट हल अफ द पिपुललगायत स्थानका लागि हामी प्रस्थान गर्छौं । १ बजेतिर तियानमेन भवनमा प्रवेशका लागि टिकट लिएर केही तस्बिर खिचाएपछि हाम्रो प्रस्थान माओको शव रहेको भवनतिर हुन्छ । केही अलमल र सोधपुछपछि हामी माओको शव रहेको स्थलतिर अघि बढ्छौँ । तर ८ देखि १२ बजेसम्म मात्र हेर्न पाइने माओको शव भवन हामी पुग्दा बन्द भएको २ घन्टा भइसेकेको हुन्छ । उता राष्ट्रिय सङ्ग्रहालय पनि बन्द भइसकेको हुन्छ । ग्रेट हल अफ द पिपुलको पास वा भ्रमणका लागि अग्रीम बुकिङ गर्नुपर्ने पनि हामीलाई थाहा हुँदैन । बाहिरबाहिर केही फोटो खिचाउँछौँ ।

माओको शव अवलोकन : जीवनको एक सफल क्षण

**१९ भदौ, २०७३, तियानमेन स्क्वायर**


होटेल म्यानेजरसँग निकै लामो भलाकुसारी भयो हिजो बेलुका । कमरेड माओप्रति अगाध स्नेह रहेछ उनको पनि । हामी माओवादी हौँ भन्ने थाहा पाएपछि उनी बारम्बार भनिरहन्छन्- नो माओ नो चाइना, माओ इज द गड अफ इस्ट आदि । उनी पनि बेइजिङदेखि ५०० माइल पूर्वको एउटा काउन्टीका चिनियाँ कम्युनिस्ट पार्टीका सदस्य रहेछन् । रातो खबरको भिजिटिङ कार्डमा रहेको कम्युनिस्ट पार्टीको झन्डा देखेपछि उनले भनेका थिए- हामी सबै कम्युनिस्ट पार्टीका सदस्य । हामी जनगणतन्त्र कोरिया (उत्तरकोरिया) जाँदैछौँ भन्ने थाहा पाएपछि उनले अलि त्रसित बनेजस्तो भाव प्रकट गरे । समाजवादबाट स्खलित चीन र सत्तासीन कम्युनिस्ट पार्टीका सदस्यले त्यस्तो भाव प्रकट गर्नु सामान्य थियो । मेरो जनयुद्धकालीन कथासङ्ग्रह 'नयाँ बस्ती' दिएँ । उनले नेपाली भाषा नबुझे पनि नेपालका बारेमा धेरथोर सुनेको बताए । माओप्रतिको हाम्रो लगाव र हामी माओवादी भएको सुनेपछि उनी हामीप्रति धेरै नै आकर्षित भएका थिए । शनिबार पनि उनैले ५०० युआनमा तियानमेन स्क्वायरसम्म जान, घुम्न र फर्किनका लागि ट्याक्सी व्यवस्था गरिदिएका थिए । हामी ढिला भएकाले माओ मेमोरियल हल, सङ्ग्रहालय, बजार आदि घुम्न/हेर्न नपाएको भनेपछि उनी पनि दुःखी देखिए । चिनियाँ कम्युनिस्ट पार्टी, सी जिङ पिङ, तेङ, जियाङ जेमिन, हुजिन्ताओ, चीनको आर्थिक विकास, राष्ट्रपति चयन प्रक्रिया, चीकपाका सदस्यलगायत विषयमा एक-डेढ घन्टा कुरा भएपछि माणिक लामा र उनीसँग तस्बिर खिचाइयो । उनले दिउँसो हामीलाई घुमाउन लैजाने चिनियाँ युवकलाई भोलि पनि घुमाउन लगिदेऊ भनेर अनुरोध गरे । आजको यात्रा माओको मेमोरियल हलदेखि ग्रेट हल अफ द पिपुल र ग्रेट वालसम्मको थियो । ५५० युआनमा मुस्किलले टुङ्गो लागेको बताउँदै उनले हाम्रो यात्राको सफलताको पनि कामना गरे । उनी आइतबार बिहानै श्रीमती र २ बालबच्चा भेट्न आफ्नो गाउँ जाँदै रहेछन् । उनले आफू पनि केही समयअघि श्रीमती र छोराछोरीलाई लिएर महान् माओको शव हेर्न गएको सुनाए । यो सुनाउँदा उनको अनुहार धेरै नै हँसिलो र मुग्ध देखियो ।

बिहान उठ्दा ६:४० बजिसकेको थियो । माणिक नित्यकर्म सकी गुनगुनाउन थालिसक्नुभएको थियो ।

हतारहतार तयार भएर खाजा खान होटेलमा झर्दा ७:३० भइसकेको थियो । हिजोका चिनियाँ युवक तयार भएर हामीलाई लिन 'ब्रेकफास्ट' गर्दै गरेको ठाउँमा आइपुगे । हामी कोदाको भक्कुजस्तै लाग्ने 'सी फुड', एउटा उसिनेको अन्डा र माडजस्तो अमिलो झोलको स्वाद लिँदै थियौँ, तमतम्याइँदो मुख पारेर ।

हामी कार चढ्दा ८ बज्न लागिसकेको थियो । हिजो यात्राका क्रममा चालक आफ्नो गाडीमै आराम गरेर बस्न चाहेको थियो, हामीले गाइडका रूपमा प्रयोग गर्दा अलि थकित देखिएको थियो । आज अलि कम फरासिलो देखेपछि माणिकलाई भनेँ- आज ड्राइभर अलि खुसी छैन । हुन पनि उसलाई मैले गाइड बनिदिन अलि निकै नै जोड गरेको थिएँ । पहिलो त ठाउँ पत्ता लगाउने समस्या, दोस्रो फोटो खिचिदिने मानिसको अभाव थियो ।

नभन्दै तियानमेन स्क्वायर काटेर १ किमिजति पर गाडी पार्किङ गरेर माथि उक्लिएपछि उसले रिसाएको लक्षण देखाउन थालिहाल्यो । हिजो हातैबाट झोला मागेर बोकिदिने मानिस आज माणिकले ब्याग दिँदा पनि लिन गाह्रो मानिरहेको थियो । हामी १ किमिजति फटाफट हिँडेर ग्रेट हल अफ द पिपुलको उत्तर दिशातिर दर्जनौँ लाम लगाएर उभिएका हजारौँ मानिसको हूलमा लाम लाग्यौँ । भीड हेर्दा लाग्थ्यो, हाम्रो देशमा पशुपति मन्दिरको 'दर्शन' गर्न भक्तजनहरू शिवरात्रीमा लाम लागिरहेका छन् । महान् माओका योगदानहरूको स्मरण र कदर गर्दै दैनिक दसौँ हजार मानिस माओको शव हेर्न यसरी लाम लागेको ४० वर्ष भइसकेको छ । माणिक र मैले लाममै हिसाब गर्‍यौँ, ५० करोडभन्दा बढी मानिसले दैनिक यसरी नै लाम लागेर माओको विशालकाय लम्पसार शरीरलाई हेरिसकेका छन् र यो कत्ति रोकिएको छैन । ८० वर्ष कटेका वृद्धवृद्धादेखि बालबालिकासम्म, अपाङ्गता भएकादेखि तरुनातन्नेरीसम्म सबै हातहातमा चीकपाको झन्डा बोकेर मोबाइलमा नेट खोलेर च्याट गर्दै माओको शव हेर्न आतुर भएर लाम लागिरहेछन् ।



सुरक्षा जाँच कडा छ । सैनिक महिला-पुरुषले पोसाक र शरीरका सबै भाग खानतलासी गरिरहेका छन् । झोला र क्यामेरा बोक्न प्रतिबन्ध भएकाले ड्राइभरले बाहिरै राखेका छन् । म भने कवि अतृप्त पाण्डेयको कवितासङ्ग्रह समयसित रुमाल छैन र मेरो सम्पादन/प्रकाशनको ग्रन्थ दोरम्बा हत्याकाण्ड : मुक्तिका लागि बलिदान माओको शव रहेको भवन आसपासको सङ्ग्रहालय/पुस्तकालयमा प्रदान गर्न हातैमा बोकेर लाम लागिरहेछु । पुस्तक बोकेकाले ममाथिको निगरानी अलि बढी भएको छ । सामान्य परीक्षण नभएर अलि विशेष परीक्षण भएको छ ममाथि अलि पर लगेर । म सफासँग भनिदिन्छु- नेपालबाट आएको साहित्यकार-पत्रकार हुँ । माओ हाम्रा महान् आदर्श हुनुहुन्छ र उहाँको विचार हाम्रो मार्गनिर्देशक विचार । यी दुई पुस्तक उहाँप्रति 'समर्पण' गर्न चाहन्छु । माओप्रतिको अगाध श्रद्धाका कारण ती पुस्तक बाहिर जाँच भएको स्थानमा छोड्न सक्तिनँ म, ढिलै गरेर भए पनि लगेरै छाड्छु । मूल ढोकामा फूलका गुच्छाहरू बिक्रीमा राखिएको छ । प्लास्टिकमा सजाइएका ३ वटा गुच्छा २० युआन तिरेर लिन्छु र २ वटा माणिकलाई दिन्छु । एउटा गुच्छा र २ थान पुस्तक च्यापेर भीडमा धकेलाधकेल गर्दै अघि बढ्छु । चिनियाँ सैनिक स्वयम्सेवकहरू माइकिङ गरिरहेछन् । तिनको सक्रियताले भनिरहेछ- झोला, क्यामेरा, मोबाइल केही नबोक र हल्ला नगर । धकेलाधकेल नगर । बिस्तारै जाऊ र मस्त निद्रामा रहेका माओको सुस्तरी 'दर्शन' गरेर फटाफट फर्किहाल ।

अब प्रतीक्षाको घडी आउनै लागेको छ । मूल ढोकाबाट भित्र पस्नासाथ महान् माओको विशाल र भव्यतम् सेतो प्रतिमूर्ति देखिन्छ कुर्सीमा थपक्क बसेको अवस्थामा । फूलका गुच्छाहरू त्यहीँ थपक्क मिलाएर राख्नुपर्छ । म गुच्छाहरूसँगै पुस्तक पनि त्यहीँ राख्छु । क. माणिक किम इल सुङ र किम जोङ इलको शव लमतन्न सुताएर राखिएको छ तर माओको शव त बसाएर पो राखिएको रहेछ भन्नुहुन्छ । मलाई भने माओको अनुहार हेर्ने धित मरेकै हुँदैन । सैनिकहरू- औँला मुखमा लगेर 'स्स्स्स' गरिरहेछन्, कोही पनि एक शब्द नबोल भनेर । त्यो प्रतिमूर्ति पार गरेर अघि बढेपछि बल्ल आइपुग्छ सिसाको बाकसमा लमतन्न सुताएर राखेको महान् माओकै साक्षात् प्रतिमूर्ति । मलाई घन्टौँ उभिएर शव हेरिहन र संसारका सबै साम्राज्यवादीहरु कागजी बाघ हुन् भनेर ललकार्ने कमरेड माओको शवसँग मौन संवाद गरिरहन मन छ । सेकेन्ड-सेकेन्ड पनि मेरा लागि अत्यन्त महत्वपूर्ण भइरहेका छन् । भीडले धकेलिरहेछ । सबै मौन-मौन हिँड्दै पलभरमै माओलाई धित मरुन्जेल हेरिरहेका छन् । छेउछाउमा मूर्तिवत् उभिएका सैनिकबाहेक भीडवरिपरि उभिएका सुरक्षाकर्मी 'स्स्स्स्स' गरिरहेका छन् । मानौँ उनीहरू भनिरहेका छन्, एक शब्द पनि ननिकाली, सियो खसेको पनि चाल पाइने गरी अघि बढ । तिमीले आवाज निकाल्यौ भने गहिरो निद्रामा मस्त सुत्नुभएका माओको निद्रा भङ्ग हुनसक्छ... । मलाई भने माओ जुरुक्क उठेर अमेरिकी, बेलायती, जापानी, फ्रान्सेली, भारतीय अर्थात् विश्वसाम्राज्यवादका नाइके, तिनका मतियारहरू र सबैखाले प्रतिक्रियावादलाई हपारेर फेरि एकपटक हायलकायल पारिदिए पनि हुने थियो भन्ने लागिरहन्छ । तर यो त केवल मेरो हवाईकल्पना न थियो । विश्व-सर्वहारावर्गका महान् नेता माओ विश्व-प्रतिक्रियावादलाई 'कागजी बाघ' शब्दले सम्बोधन गर्दै खिज्याउने, ह्याकुलाले मिच्ने र देश एवम् जनताका लागि सर्वस्व गुमाउने, छोरा र पत्नीलाई सहिद बन्नसक्ने बनाउने महान् व्यक्तित्व हुनुहुन्थ्यो । म कल्पना गरिरहेको थिएँ- माओसँग आँखा जुधाएर एकपटक गर्विला हात मिलाउन पाए पनि हुने नि ! यसरी तरङ्गित हुँदाहुँदै हामी माओको पैतालातिरबाट शिरतिर पुगिसकेका हुन्छौँ । माओको अनुहर हामीले तस्बिरमा देखेजस्तै धपक्क बलिरहेको देखिन्छ । हल्का सुस्ताएजस्तो । कल्पनामा डुबिरहेको छु म कसरी गद्दारहरुले महान् माओले निर्माण गरेको विचार र विशाल चीनको समाजवादलाई पोलीपकाई खाए ! माओ साँच्चै ब्युँतिएर एकपल्ट चीन र विश्वलाई नियाल्न सक्ने के भन्दा हुन् ? आफ्नै चीनको दुरवस्था देखेर अनि निर्माण हुँदाहुँदै प्रतिक्रियावादी र संशोधनवादीहरुको गठजोडले ध्वस्त बनाइएका समाजवादका काँचुलीहरु देखेर र नेपाल, भारतलगायत मुलुकमा ब्युँतिइरहेको समाजवादी क्रान्ति थाहा पाएर के सन्देश दिँदा हुन् !

म अनायासै 'महान् माओ लालसलाम !' भन्दै चिच्याएछु । नजिकै उभिएको सुरक्षाकर्मीले च्याप्प समातेपछि पो झसङ्ग हुन्छु ।

माओको शव अवलोकन गरी बाहिर निस्किने पूर्वी दिशातिर पुगेपछि त्यो भित्री गोजीको मोबाइल निकालेर कमरेड माणिकलाई कर गर्छु तस्बिरका लागि । यहीँबाट भए पनि ५/७ मिटर पर सुस्ताइरहेका महान् माओलाई पुनः लालसलाम गर्छु । माणिक कडा सुरक्षा निगरानी देखेर आत्तिनुहुन्छ तर मेरो ढिपीका सामु उहाँको केही जोर चल्दैन । भीडभित्रै लुकेर उहाँ एउटा तस्बिर खिचिदिएर हतारहतार ओझेल पर्नुहुन्छ । त्यसपछि हामी प्राङ्गणमा पुगेर माओको तस्बिर अङ्कित केही सामान किन्छौँ स्मृतिका लागि ।

माओको शव अवलोकनपछि माणिक सर र मबीच स्वाभाविक बहस निम्तिन्छ, शव अवलोकन उत्प्रेरणा हो कि होइन भन्नेबारेमा । म महान् मान्छेको शव, सालिक, तस्बिर, विचार, हस्ताक्षर, पोसाक, निर्माण अर्थात् चिनोले जहिले पनि अघि बढ्न प्रेरणा दिने बताउँछु तर माणिकको अलि पृथक धारणा छ- मरेपछि त ढुङ्गोसरह भइगयो नि जतिसुकै महान् भए पनि । म यसलाई भौतिकताभन्दा अलि फरक, भावना, विचार, आदर्श र सपनासँग जोडेर हेर्न अनुरोध गर्छु ।

बेइजिङ सहर घुम्दा प्रस्टै देखिन्छ चिनियाँहरूले यतिबेला माओलाई व्यापारको साधन र लोगो बनाएका छन् । हरेक सामानको विज्ञापनमा माओको तस्बिर छ होटेलदेखि सिगरेटका प्याकेटहरूसम्म ! विचार र व्यवस्थाबाट माओलाई जबर्जस्ती विस्थापित गरिएको छ । माओलाई लेनिनवादका सफल प्रयोगकर्ता, माओवादका प्रवर्तक, सर्वहारा, श्रमिक किसान-मजदुरवर्गका नेता, महान् मार्क्सवादी विचारक र नेताभन्दा पनि त्यही होटेलको म्यानेजरले भनेजस्तै 'गड' (ईश्वर) बनाइएको छ र केवल तस्बिर, शव र सालिकमा पूजा गरिएको छ । विचारबाट अलग राखेर माओको पूजा गर्नुको के अर्थ छ र सर्वहारा वर्गका लागि !

हामी समाजवाद आएका देशहरूको भ्रमणको आरम्भमा छौँ । चीनमा समाजवाद आएर प्रतिक्रान्ति भइसकेको छ तर पनि उसले अझै आफूलाई समाजवाद नै भनिरहेको छ । हामी अर्को समाजवादी मुलुक जनगणतन्त्र कोरिया (उत्तरकोरिया) को यात्रामा छौँ । हामी केही समयमै पूर्वसमाजवादी मुलुक सोभियत सङ्घ (हालको रुस) पनि जानेछौँ र महान् लेनिनले सफल रुपमा मार्क्सवाद लागू गर्नुभएको छ महान् स्टालिनले लेनिनवाद लागू गर्नुभएको भूमिमा पुगेर मालेमावाद जीवित छ भन्ने नारा लगाउँदै संसारभरबाट भेला भएका मार्क्सवादीहरूलाई सुनाउन चाहन्छौँ- नेपालबाट वैज्ञानिक समाजवाद उदाउँदैछ । यसैगरी हाम्रो यात्रा भियतनाम, क्युबा र बोलिभारियन समाजवादी देशहरूमा पनि हुनेछ । हामी त्यहाँ समाजवादका अवशेषहरुको अध्ययन गर्दै उनीहरुलाई नेपाली जनक्रान्तिको सन्देश सुनाउनेछौँ, एकीकृत जनक्रान्तिको सन्देश सुनाउनेछौँ । मार्क्सवाद, लेनिनवाद, माओवाद अमर र अजेय छन् भन्ने सन्देश दिनेछौँ ।

## मेडिकल कलेजका ...

हुन्छन् । उनीहरूलाई मेडिकल शिक्षा र डाक्टरको जति आकर्षण छ त्यत्तिकै शोषण-उत्पीडनको पनि चिन्ता भई नै हाल्छ ।

यो आन्दोलनमा मेडिकल कलेजका विद्यार्थीले के पनि साबित गरे भने उनीहरू डाक्टर पढ्ने विद्यार्थी मात्र होइनन्, देशका सचेत एवम् जागरुक युवा विद्यार्थी पनि हुन् । उनीहरूले मेडिकल शिक्षा र डाक्टरलाई जोड दिन्छन् तर परिआए सेतो ड्रेससँग विद्यार्थीअधिकार, जनता र देशका लागि कठिनाइहरू भोग्न पनि तयार छन् । उनीहरूको तीक्ष्ण दिमाग डाक्टर पढ्नका लागि मात्र हैन, मतिहीन सरकार, कठपुतली मन्त्री र अत्याचारी मालिकहरूसँग सङ्घर्ष गर्न पनि सक्षम छ भन्ने साबित भएको छ । यसबारेमा केही दिनपहिले चितवन मेडिकल कलेजका विद्यार्थीहरूको सङ्घर्षलाई आँखैले नियालेकी लेखक सरिता तिवारीले गरेको विश्लेषणात्मक लेख धेरै मार्मिक छ ।

देशमा कम्युनिस्ट नामधारी पार्टीको सरकार छ । शिक्षामन्त्रीमा शिक्षामा व्यापारीकरण र निजीकरणका विरुद्ध आन्दोलन गर्दै आएको विद्यार्थी सङ्गठन अनेरास्ववियुबाट आएका मान्छे गिरिराजमणि छन् । उनीहरूले अलिकति मात्रै पनि जनताको प्रतिनिधित्व गर्थे भने कसैले नभन्दै शैक्षिक क्षेत्रका बेथिति, व्यापार, माफियागिरी, लुटका विरुद्ध कदम चाल्नुपर्थ्यो, मेडिकल शिक्षालगायत शिक्षा क्षेत्रलाई सर्वसुलभ र जनताले पढ्न सक्ने बनाउनुपर्थ्यो । ल, आफ्नो मति खुलेन भने दुःखसुख पढिरहेका युवा विद्यार्थीहरूले सारा कठिनाइ उठाएर सङ्घर्ष गरेपछि उनीहरूका साथमा उभिँदै न्याय दिनुपर्थ्यो । मालिकहरूले मान्न अस्वीकार गरेर कलेज नै दिन तयार भए राष्ट्रियकरण गर्न अघि सर्नुपर्थ्यो । विडम्बना ! प्रजातन्त्रवादी गोविन्द केसीले राष्ट्रियकरणको आवाज उठाउँदासमेत कम्युनिस्ट भई टोपलेका मन्त्री गिरिराजमणि कलेज मालिकहरूसँग अँध्यारो कोठामा साँठगाँठ गर्दै सङ्घर्षमा सहभागी विद्यार्थीबिनै मालिकहरूका पक्षमा वकालत गर्छन् । मालिकहरूको उक्साहटमा विद्यार्थीलाई पुलिस लगाउन र लाठी बर्साउन हिँड्छन् । विद्यार्थीका छात्रावासमा पुलिसलाई पेस्तोल राख्न लगाएर हिंसा मच्चाउन उद्यत बन्छन् । कलेजभित्रै पुलिस पसाएर विद्यार्थीलाई कुट्न लगाउँछन् ! यो त कम्युनिस्ट नाम, झन्डा र लोगोकै हुनु बेइज्जती भयो । गिरिराजमणिको यो लाचारी, कमिसनखोरी, मालिकतावेदारी, दमनकारी रबैया पञ्चायतको भन्दा पनि तुच्छ देखियो । 'भ्रष्टाचार गर्दिनँ' भन्ने केपी सरकारको मन्त्रीको यो चालालाई कसले पत्याउँछ सदाचारी, ब्रह्मचारी छ भनेर !

विद्यार्थी सङ्घर्षमा देखिएको अर्को अनैतिक एवम् दुर्नियतपूर्ण शैली के देखियो भने विद्याथीहरू आफूमाथि भएको असैह्य शोषण-उत्पीडनका विरुद्ध सङ्घर्ष गरिरहेका छन्, कलेज मालिक, प्रहरी प्रशासन, मन्त्रीहरू र सरकारचाहिँ जबर्जस्ती राजनीतिक रङ भरेर आतङ्कराज खडा गर्न खोजिरहेको छ । कतिसम्म निचता र तुच्छता देखियो भने विद्यार्थीको कोठाबाट पेस्तोल भेटियो भन्ने, एकैछिनमा कोठाबाट होइन, छात्रवासबाट भेटियो भन्ने, कलेजले विद्यार्थीको होइन भन्ने अनि लाजै पचाएर पुलिसले कलेज प्रशासनकै हुनसक्छ भन्नेसम्मका प्रचार गरे । यस्तो निचता देखिँदा पनि सरकार र सरकारी पार्टीका मान्छेहरू चुपचाप छन् । सरकारको यस्तो मुढाग्रही र पूर्वाग्रही सोचाइलाई कसरी हेर्ने ? उनीहरूको यस्तो कुकर्मलाई मेडिकल विद्यार्थीहरूले कसरी हेर्लान् ?

कुनै समय थियो राणाशाही अत्याचारको विरोध गर्ने जोसुकै प्रजातन्त्रवादी मानिन्थ्यो, पञ्चायती अन्यायका विरुद्ध सङ्घर्ष गर्ने जोकोही बहुदलवादी र अराष्ट्रिय तत्व मानिन्थ्यो, जनयुद्धकालमा काङ्ग्रेस–एमालेको विरोध गर्ने जोकोही आतङ्कवादी मानिन्थ्यो र कठोर सजायको भागीदार बन्थ्यो । आज नेपाल कम्युनिस्ट पार्टीको समर्थक, उग्रवादी र राजद्रोही मानिँदैछ । केपी र गिरिराजलाई यत्ति त थाहा हुनुपर्ने हो, अन्याय र शोषण हुँदा सङ्घर्ष गर्न उग्रवादी र राजद्रोही हुनु पर्दैन अथवा न्यायको खोजीमा उत्रेका नागरिकलाई उग्रवादी र राजद्रोहीको आरोप लगाएर न्यायपूर्ण सङ्घर्षबाट रोक्न किमार्थ सकिँदैन । विद्याथीहरूलाई अति शोषण र अन्याय भएको छ । अन्यायका विरुद्ध सङ्घर्ष गर्नु जायज छ । उनीहरूले न्याय पाउनैपर्छ । न्यायको सङ्घर्ष गर्दा जुनकुनै आरोप लगाइए पनि उनीहरूले विद्यार्थीमाथि थोपरिएका अन्याय, शोषण र अत्याचारविरुद्ध सङ्घर्ष गर्नुपर्छ । न्यायपूर्ण सङ्घर्ष गर्ने विद्यार्थी हाम्रो पार्टीको हुनु पर्दैन तर विद्यार्थीको सङ्घर्षलाई हाम्रो पूर्ण समर्थन र साथ रहन्छ ।

हाम्रो दृष्टिकोण छ, कुनै मान्छे आफूमाथि अन्याय र अत्याचार हुँदा पनि बोल्दैन भने त्यो मान्छे बन्न लायक होइन, दास बन्न लायक हुन्छ । आफ्नो हित र अधिकारका लागि पशु मात्र बोल्न सक्दैन जब कि पशु पनि ज्यान जोगाउन छिन्निभिन्नी गर्छ, फाँ–फुँ गर्छ । त्यति पनि नगर्ने मान्छे पशुभन्दा पनि तल हुन्छ । सचेत विद्यार्थी जे गर्दा पनि कसरी चुपचाप टाउको झुन्ड्याएर मालिकका दास भएर बस्न सक्छन् ! उनीहरू कराउनु, उफ्रिनु, न्यायको आवाज बुलन्द गर्नु, सक्ने स्तरमा सङ्घर्ष गर्नु एकदमै स्वाभाविक र सही हो । केपी–गिरिराजको गिराइ, बिराइविरुद्ध युवा विद्यार्थी उठ्नै पर्दथ्यो । मेडिकल कलेजका विद्यार्थी उठेका छन् । उनीहरूलाई सारा न्यायप्रेमी नेपालीले सम्मान र सलाम गर्नुपर्छ ।

सामान्यतः सङ्घर्ष र क्रान्तिको मार्गमा सहजै कोही पनि अगाडि बढ्दैन । जब जनताको अधिकार, मुक्ति र देशका लागि बढ्नैपर्ने बाध्यता आउँछ, सङ्घर्ष र क्रान्तिबाहेक अर्को विकल्प रहँदैन तब न्यायप्रेमी र क्रान्तिकारीहरूले सङ्घर्ष र क्रान्तिको बाटो हिँड्नैपर्छ । जसले न्याय र सत्यका लागि कठिनाइ र खतरा उठाउन सक्छ अन्ततः उसैले अन्याय, शोषण, दमनलाई परिवर्तन गर्न सक्छ । विजय अन्यायी सत्ता र सरकारको हुँदैन, न्यायपूर्ण आन्दोलन गर्ने नागरिकहरूको हुन्छ ।

## देउवा–वली ...

महराले उक्त प्रस्ताव टेबल नै गरेनन् र हालसम्म मुल्तबीमा छ । महराका कारण तत्काल पारित नभएको खुलासा प्रम वलीले गरिसकेका छन् । उक्त प्रस्ताव पारित गर्ने कार्य सुनिश्चित गराउनकै लागि सम्भव भएसम्म सुवास नेम्बाङलाई सभामुख बनाउने अमेरिकी दूतावासको चाहना देखिन्छ । प्रचण्डले महन्थ ठाकुरलाई सभामुख बनाएर तीनवटा तीर एकैपटक हान्न चाहेको स्रोतको दाबी छ । ठाकुरलाई समाभुख बनाउँदा मधेसी मनोविज्ञान, अमेरिकी चाहना र वली गुटलाई रोक्ने तीनवटै स्वार्थ पूरा गर्न सकिने प्रचण्ड रणनीति छ । एमसीसीका पक्षमा नगएसम्म अग्निप्रसाद सापकोटा र देवप्रसाद गुरुङ सभामुख हुने सम्भावना देखिन्न । एमसीसीले सत्तारूढ पार्टीलाई राष्ट्रघाती र दलाल शक्तिमा पतन गराउने देखिन्छ ।

एमसीसी परियोजना ग्लोबल टेन्डर गरे पनि उक्त ठेक्का अमेरिकी कम्पनीले नै गर्न पाउनुपर्ने, परियोजनामा कार्य सम्पादन गर्दा सम्झौता र नेपालको कानुन बाझिएमा सम्झौता नै अन्तिम हुने (नेपालको कानुन अन्तिम नहुने) र सो परियोजना सम्पन्न गर्दा भारतको सहमति लिनुपर्ने प्रावधान छ । पछिल्लो प्रावधानले नेपाललाई भारतको सुरक्षा छाताभित्र कैद गरेको छ । नेपालको कानुन निष्क्रिय पारेको छ र ग्लोबल टेन्डर भन्ने तर अमेरिकालाई नै ठेक्का दिने निर्णयले नेपालको स्वतन्त्र निर्णयलाई कुण्ठित मात्र गरेको छैन, सुरक्षा खतरासमेत जोडिएको छ । पार्टीले अनुमोदन नगर्ने सम्भावना देखिएपछि सरकारका प्रवक्ता गोकुल बास्कोटाले पार्टीले अनुमोदन नगरे पनि सरकारले अनुमोदन गर्ने बताएका छन् । त्यसका लागि सभामुखको कारबाही र अनुकूल सभामुखको खोजी भइरहेको छ । उपनिर्वाचनको परिणामबाट पाठ नसिकेको सत्तारूढ पार्टीले एमसीसी पारित गर्‍यो भने देशद्रोही आरोपले उक्त पार्टीसँगै देशसमेत खाडलमा पर्नेछ । परराष्ट्रमन्त्री ज्ञवालीले सम्झौता भैसकेकाले पछि हट्न नसकिने बताएका छन् । प्रश्न उठ्छ, पछि हट्न नसकिने हो भने सदनमा पेस नै किन गर्नुपर्‍यो ? पार्टी र सदनको अनुमोदनपूर्व नीतिगत निर्णय किन गरिएन ? कतैबाट परिचालित र चुनावखर्च जुटाउने मनसायले भएगरेका देशद्रोही कार्यको जिम्मा देशले बोक्न सक्दैन । तर त्यसका विरुद्धको प्रतिरोध प्रभावकारी देखिएको छैन र महाकाली सन्धिझैँ षड्यन्त्रपूर्ण तरिकाले पारित गर्ने सम्भावना देखिन्छ ।

प्रम वली र उनको गुट भने एमसीसी जसरी पनि पारित गर्ने रणनीतिमा देखिन्छ । एमसीसी इन्डो-प्यासिफिक रणनीति (आईपीएस) को अङ्ग भएमा पारित नगर्ने र त्यस विषयमा अमेरिकी सरकारसँग बुझ्ने मध्यमार्गी बाटो अध्यक्ष दहालले लिएका छन् । पूर्वमाओवादी र माधवकुमार नेपाल पक्षमा रहेका धेरैजसो नेताहरू एमसीसीका विरुद्ध देखिएकाले विरोधको स्वरलाई मत्थर पार्न उक्त नीति लिएको हुनसक्छ । एमसीसी प्रस्ताव आईपीएसको अङ्ग हो कि होइन अमेरिकालाई बुझ्ने, सोध्नेभन्दा अध्ययनको विषय हो र आफ्नो प्रस्ताव पारित गराउनका लागि अमेरिकी सरकारले आईपीएसको अङ्ग होइन भन्नासाथ विश्वास गर्ने प्रश्न पनि होइन । त्यसो त अमेरिकी रक्षा मन्त्रालयले १ जुनमा नै एमसीसी प्रस्ताव आईपीएसको अङ्ग भनिसकेको अवस्थामा के बुझ्ने हो भन्ने प्रश्न उठेको छ ।

विभाजनको सम्भावना

काङ्ग्रेसको देउवा समूहद्वारा अगाडि सारिएको एमसीसी प्रस्ताव लागू गर्ने चरणमा वली नेतृत्वको सरकार बन्यो । एमाले र माकेको पार्टी एकता पश्चिमी रणनीतिअनुसार भएको भन्ने चर्चा भइरहेको बेला देउवा र वली दुवै समूह एमसीसी पारित गराउन कम्मर कसेर लागेका छन् । एमसीसी प्रस्तावकै लागि उक्त एकता भएको भन्ने अनुमानले थप बल पाएको छ । तर त्यो प्रस्ताव पारित भएमा अर्को महाकाली सन्धि हुनसक्छ । त्यो विवादले पार्टी विभाजित हुने सम्भावना छ ।

अमेरिकी सरकारले एमसीसीलाई सन् २०१७ बाट आईसपीएसको अङ्गका रूपमा समायोजन गरेको हो । सम्झौताको धारा ७, दफा ७, उपदफा १ ले नेपालको कानुन नै दाताले निष्क्रिय पार्ने प्रावधान रहेको छ । एमसीसी र आईपीएस एउटै हो कि होइन भन्ने बहस चलिरहँदा १४ मे २०१९ मा भएको दक्षिणएसियाली मामिला हेर्ने अमेरिकी उप-सहायक विदेशमन्त्री डेभिड जे रान्जको भनाइ उल्लेखनीय छ । उनले नेपालका लागि एमसीसी कार्यक्रम इन्डो-प्यासिफिक रणनीतिको अत्यन्त महत्वपूर्ण थालनी भएको बताएका थिए । त्यसैगरी १० फरवरी २०१९ मा भियतनाम भ्रमणका क्रममा अमेरिकी विदेश सहायकमन्त्रीले नेपाललाई प्रदान गरिने ५ सय मिलियन डलर अनुदान आईपीएसअन्तर्गत भएको भनाइ दोहोर्‍याएका थिए । त्यसैगरी सम्झौताको धारा ३, दफा ३.८ (क) मा सो परियोजनाको लेखा परीक्षण अमेरिकी लेखा परीक्षण कम्पनीले मात्र गर्न सक्ने उल्लेख छ जसमा १३ अर्ब नेपाल सरकारको समेत लगानी छ तर लेखा परीक्षणसमेत नेपालले गर्न पाउनेछैन । त्यसैगरी धारा ५, दफा ५.१ (क) मा अमेरिकी सरकारले चाहेमा कुनै पनि समयमा सो परियोजना भङ्ग गर्नसक्छ । त्यसरी प्रावधानले नेपालको स्वतन्त्र अस्तित्व नै समाप्त पारेको छ र सैन्य गठबन्धनमार्फत नेपालको आन्तरिक राज्य सञ्चालनसमेत अमेरिकी सरकारको मातहतमा पुर्‍याउनेछ । एमसीसी सम्झौताका विरुद्ध सदन र सडकबाट सशक्त प्रतिवाद गर्न नेकपाका प्रवक्ता प्रकाण्डले सोमबार विज्ञप्ति जारी गरेर आह्वान गरेका छन् । विज्ञप्तिको पूर्ण पाठ यसप्रकार रहेको छ-

"संयुक्त राज्य अमेरिकाद्वारा नेतृत्व गरिएको हिन्द-प्रशान्त रणनीतिको अंगको रुपमा रहेको ' मिलेनियम च्यालेञ्ज कर्पोरेशन' र नेपाल सरकारबीच भएको भनिएको सम्झौता यही हिउँदे अधिवेशनबाट पारित गराउने ओली सरकारको तयारीप्रति नेपाल कम्युनिस्ट पार्टीको गम्भीर ध्यानाकर्षण भएको छ । उत्तर-साम्राज्यवाद र एकाधिकार पुँजीवाद भयंकर आर्थिक, वैचारिक र राजनीतिक संकटबाट गुज्रिरहेको छ । त्यो संकट व्यापार युद्ध र सैन्य युद्धको रुपमा अभिव्यक्त भएको छ । त्यही साम्राज्यवादी शक्ति संघर्षमा दक्षिण एशिया र नेपाललाई प्रयोग गर्ने दुष्ट, कुत्सित नियतले अमेरिकाले नेपाललाई मोटो रकमको गुलियो विषमार्फत फसाउन एमसीसी सम्झौतामा फसाउने षड्यन्त्र गरिरहेको छ । यो सम्झौता राजनीतिक र सामरिक दुवै दृष्टिले नेपालको निम्ति खतरनाक छ । तसर्थ सदन र सडक सबैतिरबाट सो सम्झौताको विरुद्ध संघर्ष अघि बढाउन हाम्रो पार्टी सबै राजनीतिक पार्टी लोकतान्त्रिक शक्तिहरु बुद्धिजिवी, नागरिक समाज, देशभक्त र क्रान्तिकारी शक्तिहरु समक्ष अपिल गर्दछ । सो सम्झौता मार्फत नेपालमा सैन्य अखडा कायम गराउन ढोका खोलिदिने राष्ट्रघाती, देशद्रोही दलाल प्रवृत्तिको विरुद्ध आ-आफ्नो स्थानबाट प्रभावकारी प्रतिवेदन गर्नसमेत हाम्रो पार्टी सबैसँग अपिल गर्दछ ।"

## भारतमा धार्मिक ...

एकाधिकार पुँजीपति वर्ग र विदेशी शक्तिकेन्द्रको प्रयोग गरेर सरकार गठन गर्नासाथ एकपछि अर्को साम्प्रदायिक र भारतीय परम्पराका विरुद्ध जाइलागेको वर्तमान दुनियाँसामु छर्लङ्ग छ ।

भाजपा शक्तिमा आउनासाथ भारतीय कम्युनिस्ट पार्टी (माओवादी) लाई सन् २०१८ अगावै समाप्त पार्ने घोषणा गर्‍यो र वार्ताको आह्वान गरेर सम्पर्कस्रोतको काम गरिरहेका कमरेड आजादको हत्या गर्‍यो । दुस्मनको सूचनावाहकलाई आक्रमण नगर्ने हिन्दु पौराणिक परम्परालाईसमेत ख्याल गरेन । भविष्यको वार्ताप्रक्रियाको समेत अनैतिक रूपमा निषेध गर्‍यो । उसले नक्कली समाचार (फेक न्युज) विभाग नै गठन गरेर मिथ्या उत्तेजना खडा गर्ने र आक्रमण गर्ने रणनीति बनायो । भाजपाका विरुद्ध रहेका कलाकार, पत्रकार, लेखकहरूलाई आक्रमण गर्‍यो । लेखक, कलाकार हरूले सरकारद्वारा प्रदान गरिएका पदकसमेत फिर्ता गर्न बाध्य भए । आलोचकहरूमध्ये कैयौँलाई सरकार संरक्षित अपराधी समूहद्वारा हत्या गरियो । जवाहरलाल नेहरू विश्वविद्यालयका विद्यार्थीहरू, प्राध्यापकहरूमाथि दमन भयो । भाजपाको विरोध गर्नेहरूलाई राष्ट्रद्रोही भनियो । जसरी पञ्चायती शासनकालमा 'सबै नेपाली पञ्च, सबै पञ्च नेपाली' भनिन्थ्यो । कैयौँ भाजपाका आलोचक मारिए, कैयौँ देश छोडेर पलायन भए । चुनावको माध्यमबाट फासिवाद आयो । जसरी जर्मनीमा चुनावकै माध्यमबाट एडोल्फ हिटलरको उदय भएको थियो । भाजपाको मातृ सङ्गठन राष्ट्रिय स्वयम्सेवक सङ्घ (आरएसएस) दोस्रो विश्वयुद्धवरपर इटालीका नाजीहरूबाट दीक्षित भएर आएका थिए । झन्डै ७ दशकपछि नाजीवादको भारतीय आयाम मोदी सरकारका रूपमा उदय भएको हो जसले भारतमा नयाँ इतिहास लेख्न चाहन्छ । भारतीय उदारवादी परम्परालाई नष्ट गरेर हिन्दु उच्चजातीय, नश्लीय, साम्प्रदायिक भारतीय समाजलाई साम्प्रदायिक शक्तिको प्रतिरोध गर्न बाध्य गरिरहेको छ । त्यही दमन र प्रतिरोधको सङ्घर्षले भारतव्यापी आगो सल्किरहेको छ । दर्जनौँ मारिएका छन् । फोन, इन्टरनेट प्रयोग, सभा, जुलुस गर्न पाउने सामान्य नागरिक अधिकारसमेत कटौती गरिएको छ । घटनाहरूले भाजपारूपी फासिवादलाई उदाङ्गो पार्दै लगेको छ ।

भाजपाद्वारा 'नोटबन्दी' का नाममा गरिएको धूर्त कमिसनको खेलका कारण बैङ्किङ प्रणाली सङ्कटमा छ । भयानक आर्थिक मन्दी सुरु भएको छ । कास्मिरमाथिको हमलाका कारण सम्पूर्ण मुस्लिम जगत् चिढिएको छ । पाकिस्तानले भारतका लागि हवाई मार्ग बन्द गरिदिएको छ । व्यापार कटौती भएको छ । भारतकै कारण सार्क मृत अवस्थामा पुगेको छ । नेपालको ठूलो भूभाग अतिक्रमण गर्दै आएको भारतले गत कात्तिकदेखि औपचारिक रूपमा नेपाली भूमि कब्जा गरेको छ । त्यसकारण भाजपारूपी हिन्दु साम्प्रदायिक हावा सबैतिर विनासकारी प्रदुषणका रूपमा बहेको छ र सबैको निशानामा परेको छ । ८ वटा राज्यले केन्द्र सरकारको निर्णय लागू नगर्ने बताएका छन् ।

तीन साताअघि भारतका दुवै सदनबाट नागरिकता संशोधन विधेयक पारित गरियो । मतादेश सधैँ जनादेशको मातहत हुन्छ र जनादेशलाई मतादेशको घमण्डले आक्रमण गरियो भने अवस्था प्रत्युत्पादक हुने गर्छ । भाजपालाई बहुमत मतादेश भएको घमण्डले जे गरे पनि हुन्छ भन्ने सोचेर चौतर्फी आक्रमण गर्न खोज्दा मोदी सरकार दिल्ली विधानसभाको चुनावको मुखमा भयङ्कर डढेलोको भुमरीमा परेको छ । जनताको आवाज सुन्नुको सट्टा 'विनाशकाले विपरीत बुद्धि' भनेझैँ भुटान र नेपालको खुला सिमाना दुरुपयोग गरेर घुसपैठ भएको हावादारी प्रचारबाजी गरिरहेको छ ।

भारतको संशोधित नागरिक ऐनमा मुसलमानबाहेक अरू सबै धर्मावलम्बीलाई उनीहरू ३१ डिसेम्बर २०१४ अगाडि भारतमा शरण लिन आएका हुन् भने भारतको नागरिकता दिने प्रावधान छ । हिन्दु, बौद्ध र क्रिस्चियन समुदायलाई नागरिकता दिने मुस्लिमलाई नदिने र निरुत्साहित गरेका कारण मुस्लिम र विभेदविरोधी जनमत असन्तुष्ट भयो । राष्ट्रिय नागरिक पञ्जीकरण (एनआरसी) का कारण आसाम र त्रिपुरामा तीव्र विवाद थियो । पछिल्लो कानुनले त्यहाँ आगो झोस्यो । विदेशी मूलतः हिन्दुहरूलाई नागरिकता दिएर रोजगार, अवसर, व्यापार र जमिन खोस्ने र हिन्दु राष्ट्र बनाउने षड्यन्त्रका रूपमा यो कानुनलाई अर्थ्याइएको छ । भारतीय राष्ट्रिय काङ्ग्रेसका नेता राहुल गान्धीले विधेयक पारित हुनासाथ ' भारतको बलात्कार' भनेका थिए । घटनाहरूले गान्धीको भनाइमा धेरै भारतीय नागरिकको भावना प्रतिबिम्बित भएको ठानिएको छ । केन्द्र र राज्य सरकारबीच टकराव सुरु गराएको छ ।

नयाँ कानुनको विरोध गर्नेहरूका आआफ्नै स्वार्थ छन् । पूर्वोत्तर भारतमा बङ्गलादेशबाट आएका हिन्दु शरणार्थीले स्थानीय नागरिकको संस्कृति, आर्थिक जीवन र राजनीतिक हैसियतमा अतिक्रमण हुने त्रास छ । कास्मिरमाथिको आक्रमण, मुस्लिम जनतामाथि हुँदै आएको धम्की, असुरक्षा र पछिल्लो विभेदले देशव्यापी आक्रोश पैदा भएको छ । भारतमा २० करोडभन्दा बढी (झन्डै १८ प्रतिशत) मुस्लिम जनसङ्ख्या छ । विभेदकारी कानुनका कारण आसाम, त्रिपुरा, मुस्लिम समुदायको साथमा सबै न्यायप्रेपी तथा उदारवादी जनमत सडकमा उत्रिएको छ । बाबरी मस्जिद विवादमा सरकारले अदालतमा लामो तयारी गरेर आफूअनुकूल निर्णय गराएकाले मुस्लिम र उदारवादी तप्का सशङ्कित थियो । तर त्यसले तल्लो तहका र सबै लोकतन्त्रवादीको जनसमर्थन प्राप्त गरेन । तर पछिल्लो घटनाले सबै तहलाई छोयो । 'तीन तलाक' निर्णयलाई गैरकानुनी गर्दा मुस्लिम नेताहरूसँग छलफलसम्म गरिएको थिएन । मुस्लिम समुदायमा भन्दा जङ्गली आचरण, व्यवहार र संस्कार हिन्दु धर्ममा नभएका होइनन् तर भाजपाले त्यतातिर हेरेकै छैन जसका कारण 'तीन तलाक' समाज सुधारका लागि नभएर मुस्लिम समुदायलाई लखेट्ने मनसाय ठानिएको छ । १५ डिसेम्बरमा दिल्लीको जामिया मिलिया इस्लामिया विश्वविद्यालय र उत्तरप्रदेशको अलिगढ विश्वविद्यालयका विद्यार्थीको प्रदर्शनमा पुस्तकालय, ल्याब र छात्रावासमा समेत गोली प्रहार भएपछि विद्यार्थी आन्दोलनले देशव्यापी रूप धारण गरेको छ जसमा दलित र अल्पसङ्ख्यक समुदायको बाक्लो उपस्थिति देखिएको देखिन्छ । यसअघि दलित र आदिवासी समुदायमाथि सरकार संरक्षित आक्रमणको प्रतिशोध पनि मुखरित भएको छ ।

भारतमा नागरिकता नभएका, नलिएका करोडौँ नागरिक छन् । एनआरसीअनुसार हरेकले सरकारी निकायमा आफू भारतीय नागरिक भएको प्रमाण पेस गर्नुपर्छ । त्यसो गर्न नसक्ने विदेशी हुन्छ । त्यसो गर्दा करोडौँ मुस्लिम, दलित, आदिवासी र अल्पसङ्ख्यक अनागरिक हुने र विदेशी हिन्दुहरू नागरिक हुन जाने त्रास छ । देशव्यापी लागू गर्न खोजिएको त्यो प्रावधान आसामबाट लागू गर्ने निर्णय भारतका गृहमन्त्री अमित साहले घोषणा गरेका थिए । उग्र प्रदर्शनपछि उक्त कानुन लागू गरिए परिस्थिति नियन्त्रणबाहिर जानसक्ने देखिएकाले सरकार लचिलो बन्ने सङ्केत गरे पनि आन्दोलनकारी पक्षले पत्याएका छैनन् । आन्दोलनकारी नागरिकता ऐनभन्दा भाजपाको नियतसँग बढी चिढिएका छन् । एनआरसीका कारण विदेशी ठहरिएका हिन्दुलाई नागरिकता दिने र मुस्लिमलाई लखेट्ने नियतले यो कानुन बनाइएको आमविश्वास छ । हिन्दुहरूलाई नागरिकता दिने, अरूलाई लखेट्ने, अनागरिक बनाउने, हिंसा, अपमान, लुटपाट गर्ने कार्य चर्काएर अन्ततः भारतलाई 'हिन्दु धार्मिक राष्ट्र' बनाउने नियतका कारण भारतभरि आगो सल्केको छ । मङ्सिर २५ गते भारतीय राज्यसभाले 'नागरिकता संशोधन ऐन २०१९' पारित गरेपछि सल्किएको डढेलो दिल्लीको शीतलहरले निभाउन सकेको छैन । धर्मका आधारमा कुनै समुदायलाई नागरिकता दिने र कुनै समुदायलाई नागरिकता नदिने विभेदकारी ऐन मूल कानुन (भारतको संविधान, धारा १४) को प्रतिकूल रहेको मानिन्छ ।

आप्रवासी अतिक्रमणका विरुद्ध आसाममा सन् १९८० बाट विद्रोह भयो र सन् १९८५ मा विद्रोही र भारत सरकारबीच सम्झौता भयो । उक्त सम्झौताको बुँदा नम्बर ५.८ मा '२५ मार्च १९७१ र त्यसपछि आसाममा आएका विदेशीको पहिचान गरी त्यस्ता विदेशीलाई निकाला गर्न व्यावहारिक कदम चालिनेछ' भनिएको छ । अहिलेको कानुन उक्त 'आसाम सम्झौता' को बर्खिलाप भएका कारण पनि आसाम, त्रिपुरा, नागाल्यान्डलगायत राज्य र क्षेत्र आन्दोलित छन् । हालको ऐनले सन् १९७१ लाई बढाएर सन् २०१४ सम्म बनाएको छ । अघिल्लो ऐनमा भारतको नागरिकता पाउन ११ वर्ष तोकेकोमा हाल ६ वर्षमा झारेको छ । तर ती सबै फाइदा हिन्दुहरूले मात्र पाउनेछन् । भाजपा हिन्दु धार्मिक धनाढ्यहरूको प्रतिनिधि पार्टी हो । भारतमा हिन्दुहरू बहुमतमा रहेका कारण चुनावी परिणाम आफ्नो पक्षमा पार्न लगाएको हिन्दुवादी नारामा यसपटक भने 'विद्युत् सट' भएको छ । गोली, अश्रुग्यास, लाठी, कर्फ्यु, निषेधाज्ञा, पानीको फोहोराले पनि आगो निभाउन सकेको छैन ।

गान्धीका हत्यारा नाथुराम गोड्सेका आदर्श विनायक दामोदर मुखाकारको मान्यताबाट भाजपा र आरएसएस चलिरहेका छन् । नयाँ कानुनले आसाममा रहेका नेपाली र सिक्किमका गोर्खा मूलका आसामी पनि प्रभावित हुनेछन् । सिक्किममा पनि उक्त कानुनको विरोध सुरु भएको छ । भाजपा र मोदीले झोसेको धार्मिक साम्प्रदायिक आगोले भारतमा भयानक डढेलो लागेको छ । यो कुनै दिन निभ्ला तर त्यसको खाडल र खण्डहर लामो समयसम्म रहिरहने निश्चित छ ।



२०७६ पुस ९ गते बुधबार
Wednesday, 25 Dec 2019
हुलाक द. नं. ११/०७२/७३ काठमाडौँ जि.का. द. नं. १०७/०७१/७२
वर्ष ५, अङ्क २६, पूर्णाङ्क २२१
रातो खबर

# प्रजातन्त्रको अमेरिकी परिभाषा

**रमेश सुनुवार**

भीआई लेनिनले संशोधनवादको व्याख्या गर्दै भनेका थिए, 'मानिसहरूको स्वार्थमा धक्का लाग्ने भए ज्यामितिका स्वयम्सिद्ध तथ्यहरूलाई पनि संशोधन गरिन्थ्यो होला ।'

पुँजीवादीहरू दिनरात प्रजातन्त्रको गुणगान गर्छन् तर जब उनीहरूको स्वार्थमा धक्का लाग्छ, सबभन्दा पहिले उनीहरूले नै त्यसको उल्लङ्घन गर्छन् । उनीहरू स्वतन्त्रताको वकालत गर्छन् तर जब उनीहरूलाई नोक्सान हुन्छ, तब अनेक प्रकारका अङ्कुश लगाउन थाल्छन् । उनीहरू निर्वाचनलाई अन्तिम फैसला भन्छन् तर जब उनीहरू चुनावमा पराजित हुन्छन्, तब धाँधलीको आरोप लगाएर त्यसलाई अस्वीकार गर्छन् । उनीहरू हरेक देशको सम्प्रभुतालाई अक्षुण्ण मान्छन् तर जब उनीहरूलाई हानि हुन्छ, तब हस्तक्षेप गर्न थाल्छन् । उनीहरू मानवअधिकारलाई अपरिहार्य मान्छन् तर जब उनीहरूको हितमा आघात पुग्छ, तब नरसंहार गर्छन् । उनीहरू कानुनी शासनको पक्षपोषण गर्छन् तर जब उनीहरूको स्वार्थ सिद्ध हुँदैन, तब त्यसको व्याख्या आफ्नो अनुकूल गर्छन् । पुँजीवादीहरूको असली चरित्र यही हो ।

वर्तमान विश्वमा पुँजीवादको सर्वोच्च शिखर संयुक्त राज्य अमेरिका हो । त्यसकारण प्रजातन्त्रको ठेकेदार पनि उही हो । प्रजातन्त्रको एउटा परिभाषा छ, 'जनताद्वारा जनताका लागि जनताको शासन ।' तर अमेरिकाको आफ्नै परिभाषा छ, 'अमेरिकाद्वारा अमेरिकाका लागि अमेरिकाको शासन ।' अर्थात् अमेरिकाका लागि प्रजातन्त्र भनेको उसको स्वार्थ सिद्ध हुनु हो, उसको अनुकूल संसार चल्नु हो र सबैले उसको आदेश पालन गर्नु हो ।

अमेरिका कुनै पनि विवादको निर्णय बल प्रयोगद्वारा गर्छ । बल प्रयोग गर्नु प्रजातन्त्र हो कि होइन ? अमेरिका विश्वभरि नरसंहार गर्छ । नरसंहार गर्नु प्रजातन्त्र हो कि होइन ? अमेरिका अरू देशको सम्प्रभुतामाथि हस्तक्षेप गर्छ । अरू देशको सम्प्रभुतामाथि हस्तक्षेप गर्नु प्रजातन्त्र हो कि होइन ? हो भने अब प्रजातन्त्रको परिभाषा यस्तो हुने भयो, 'बलियोद्वारा बलियोका लागि बलियोको शासन ।' तर यो त पूरै निरङ्कुशतन्त्र भएन र ?

हो, अमेरिका प्रजातन्त्रका नाममा विश्वभरि निरङ्कुशतन्त्र लादिरहेको छ । ऊ प्रजातन्त्रका नाममा प्रजातन्त्रकै बदनाम गरिरहेको छ ।

अमेरिका विश्वभरि प्रजातन्त्र स्थापित गर्ने दाबी गर्छ तर ऊ सधैँ दुनियाँलाई गिद्दे दृष्टिले हेर्छ । उसको दृष्टि कहिले एसियाली देशमाथि पर्छ र कहिले अफ्रिकी देशमाथि, कहिले युरोपेली देशमाथि पर्छ र कहिले ल्याटिन अमेरिकी देशमाथि । जहाँ-जहाँ उसको दृष्टि पर्छ, त्यहाँ विनाश प्रायः निश्चित हुन्छ । सायद त्यसैकारण अमेरिकाले चीललाई आफ्नो राष्ट्रिय पक्षी बनाएको होला ! जस्तो कि कवि विक्रम सुब्बाले लेखेका छन्- 'जुनसुकै देशको जतिसुकै अग्लो पहाडबाट जतिसुकै सेतो परेवा उडाए पनि, दिउँसै चीलले परेवाको सिकार गर्छ र त्यो चील अमेरिकाको राष्ट्रिय पक्षी हो ।'

अहिले अमेरिकाको गिद्देदृष्टि ल्याटिन अमेरिकी देश भेनेजुएलामाथि परेको छ । भेनेजुएला त्यो देश हो जहाँ दुईवटा अमेरिकाविरोधी आन्दोलनहरू एकसाथ अगाडि बढेका थिए । तिनीहरूमध्ये एउटा बोलिभारियन क्रान्ति थियो र अर्को एक्काईसौँ शताब्दीको समाजवाद थियो । बोलिभारियन क्रान्ति साम्राज्यवादविरोधी आन्दोलन थियो र एक्काईसौँ शताब्दीको समाजवाद विश्वबाटै लोप भयो भनिएको समाजवादको नयाँ स्वरूपमा पुनर्जन्म थियो ।

बोलिभारियन क्रान्तिको सुरुआत उन्नाईसौँ शताब्दीमा भेनेजुएलाका सैनिक कमान्डर सिमोन बोलिभारले गरेका थिए । त्यसलाई बीसौँ शताब्दीमा राष्ट्रपति ह्युगो चाभेजले अगाडि बढाएका थिए । बोलिभारियन क्रान्तिको उद्देश्य थियो- सिङ्गो ल्याटिन अमेरिकी महादेशमा साम्राज्यवादलाई प्रवेश निषेध गर्नु । त्यसअनुसार चाभेजको पहलमा ल्याटिन अमेरिकी देशहरूको गठबन्धन भएको थियो र युनियन अफ साउथ अमेरिकन नेसन्स (UNASUR), कम्युनिटी अफ ल्याटिन अमेरिकन एन्ड क्यारिबियन स्टेट्स (CELAC) तथा बोलिभारियन एलायन्स फर द अमेरिकाज (ALBA) जस्ता सङ्गठनहरू बनेका थिए । त्यसैगरी उनीहरूको साझा बैङ्क (बैङ्क अफ द साउथ), साझा टेलिभिजन (Tele SUR) र साझा मुद्रा (sucre) बनेको थियो ।

बोलिभारियन एलायन्स फर द अमेरिकाज (ALBA) को निर्माण सन् २००४ को डिसेम्बर १४ मा क्युबा र भेनेजुएलाको सम्झौताबाट भएको थियो । त्यसपछि क्रमशः अन्य देशहरू त्यसमा सामेल भएका थिए । बोलिभिया २००६ मा सामेल भएको थियो भने निकारागुवा २००७ मा सामेल भएको थियो । त्यसैगरी होन्डुरस र डोमिनिका २००८ मा सामेल भएका थिए र एन्टिगुवा, बारबुडा, सेन्ट भिसेन्ट, ग्रेनाडिन र इक्वेडर २००९ मा सामेल भएका थिए । त्यसको निर्माण संयुक्त राज्य अमेरिकाद्वारा प्रस्तावित फ्रि ट्रेड एरिया अफ द अमेरिकाज (FTAA) का विरुद्ध भएको थियो ।

युनियन अफ साउथ अमेरिकन नेसन्स (UNASUR) को निर्माण सन् २००८ को मे २३ मा ब्राजिलमा भएको थियो तर त्यो वैधानिक रूपमा सन् २०११ को मार्च ११ मा अस्तित्वमा आएको थियो । त्यसको उद्देश्य ल्याटिन अमेरिकामा संयुक्त राज्य अमेरिकाको उपस्थितिलाई निषेध गर्नु थियो ।

कम्युनिटी अफ ल्याटिन अमेरिकन एन्ड क्यारिबियन स्टेट्स (CELAC) को निर्माण भेनेजुएलाको राजधानी काराकासमा सन् २०११ को डिसेम्बरमा भएको थियो । त्यसमा ३३ सार्वभौम राष्ट्रहरूको संलग्नता थियो र त्यसको स्थापना संयुक्त राज्य अमेरिकाको नेतृत्वमा स्थापित सङ्गठन अर्गनाइजेसन अफ अमेरिकन स्टेट्स (OAS) को विकल्पमा भएको थियो ।

बैङ्क अफ साउथको स्थापना सन् २००९ को डिसेम्बर २८ मा भएको थियो र त्यसको प्रस्ताव सन् २००६ मा ह्युगो चाभेजले गरेका थिए । त्यसको उद्देश्य ल्याटिन अमेरिकाबाट अन्तर्राष्ट्रिय मुद्राकोष (IMF) लाई विस्थापन गर्नु थियो र कगअचभ को प्रचलन डलरको सट्टामा ल्याइएको थियो ।

त्यसैगरी ह्युगो चाभेजकै नेतृत्वमा भेनेजुएलामा नयाँ समाजवादको यात्रा सुरु भएको थियो जसलाई उनले 'एक्काईसौँ शताब्दीको समाजवाद' नामकरण गरेका थिए ।

सन् १९९१ मा सोभियत सङ्घको विघटन भएपछि पुँजीवादीहरूले विश्वबाट समाजवाद सदाका लागि समाप्त भएको घोषणा गरेका थिए र समाजवादको भूतबाट सम्पूर्ण विश्व मुक्त भएको सपना देख्दै अमन-चैनको निद्रा सुतेका थिए । तर उनीहरूको त्यो निद्रा भङ्ग हुन धेरै समय लागेन । सन् १९९८ देखि पुनः ल्याटिन अमेरिकी देशहरूमा समाजवादको नयाँ लहर चल्न थाल्यो । त्यसको सुरुआत भेनेजुएलाबाट भएको थियो र त्यसको सूत्रधार थिए- राष्ट्रपति ह्युगो चाभेज ।

एक्काईसौँ शताब्दीको समाजवाद विगतको समाजवादको पुनरावृत्ति थिएन । त्यो त पुँजीवादी प्रजातन्त्र र विगतको समाजवाद दुवैको कमी-कमजोरीलाई दृष्टिगत गरी ल्याइएको नयाँ समाजवाद थियो ।

पुँजीवादी प्रजातन्त्रमा जनताको अधिकार भनेको चार वा पाँच वर्षमा एकपटक भोट दिनु हो । बाँकी सबै निर्णय निर्वाचित प्रतिनिधिहरूले गर्छन् । ती प्रतिनिधिहरूमध्ये अधिकांश पुँजीपतिहरू वा उनीहरूका पक्षपोषकहरू नै हुन्छन् । त्यसकारण यो सारमा पुँजीपतिहरूको शासन हो । यसरी पुँजीवादीहरूले सदियौँदेखि जनताको शासनका नाममा आफ्नो शासन चलाउँदै आएका छन् । यसको विपरित एक्काईसौँ शताब्दीको समाजवादले पुँजीवादीहरूको एकाधिकार हुने प्रतिनिधिमूलक प्रजातन्त्रको स्थानमा सबै जनता निर्णयप्रक्रियामा प्रत्यक्ष सहभागी हुने सहभागितामूलक प्रजातन्त्रको धारणा अगाडि ल्याएको थियो । त्यसबाट प्रजातन्त्रका नाममा जनतालाई मूर्ख बनाएर दुनियाँ लुट्ने पुँजीवादीहरूको अन्तिम बहाना र वर्तमान पुँजीवादी व्यवस्थाको अन्त्य हुन्थ्यो ।

त्यसैगरी विगतको राज्यनियन्त्रित समाजवादमा सम्पूर्ण निर्णय राज्यले गर्ने हुँदा जनता निष्क्रिय र अधिकारविहीन हुन्थे । फलस्वरूप त्यो जनताबाट अलग्गियो र जनताको व्यवस्था बन्नसकेन । त्यसको समाधानका लागि एक्काईसौँ शताब्दीको समाजवादले राजनीतिक शक्तिलाई विकेन्द्रीकरण गर्न विभिन्न जनपरिषद्हरूको व्यवस्था गरेको थियो । तिनीहरू थिए- सामुदायिक परिषद्, श्रमिक परिषद्, किसान परिषद्, विद्यार्थी परिषद् आदि । जनपरिषद्हरू स्वायत्त थिए र तिनीहरूलाई आफ्नो क्षेत्रको सम्पूर्ण निर्णय गर्ने अधिकार थियो ।

यसबाट के सिद्ध हुन्छ भने एक्काईसौँ शताब्दीको समाजवाद नयाँ स्वरूपमा समाजवादको पुनर्जन्म थियो । जस्तो कि ह्युगो चाभेजले भनेका थिए, 'हामीले समाजवाद पुनः आविष्कार गर्नुपर्दछ । यो त्यस्तो समाजवाद हुनसक्दैन जुन हामीले सोभियत सङ्घमा देख्यौँ ।'

त्यसकारण अमेरिकाको चिन्ता भेनेजुएलामा अगाडि बढिरहेका बोलिभारियनक्रान्तिरएक्काईसौँशताब्दीको समाजवाद हुन्, न कि त्यहाँको मानवीय सङ्कट । त्यहाँको मानवीय सङ्कटसँग त अमेरिकाको केही लिनुदिनु छैन । स्वार्थी पुँजीवादीहरूलाई मानवीय सङ्कटको चिन्ता कहिले भएको छ र ?

अमेरिकाको उद्देश्य बोलिभारियन क्रान्तिरएक्काईसौँशताब्दीकोसमाजवादको विरासतलाई ध्वस्त पार्नु हो । त्यसैकारण ऊ भेनेजुएलामा हस्तक्षेप गर्ने अनेक बहाना खोजिरहेको छ ।

भेनेजुएलाका सम्बन्धमा अमेरिकाले चालेको कदमका विरुद्ध नेपाल कम्युनिस्ट पार्टी (नेकपा) को एउटा चर्को वक्तव्य आयो । तर त्यो वक्तव्य सक्कली होइन, नक्कली हो । लेनिनले संशोधनवादको परिभाषा यसरी गरेका थिए, 'संशोधनवाद भनेको पुँजीवादीहरूलाई स्वीकार्य हुने गरी मार्क्सवादलाई बदल्नु हो ।' नेकपाका नेताहरूले अमेरिकालाई स्वीकार्य हुने गरी मार्क्सवादलाई बदलेका छन् । त्यसकारण अमेरिकाको हितमा समर्पित पार्टीबाट अमेरिकाविरोधी वक्तव्य आउँछ भनेर विश्वास गर्ने कुनै आधार छैन ।

आफ्नो देशमा भएको हस्तक्षेपका विरुद्ध लड्न नसकेर आत्मसमर्पण गर्नेहरू अरूको देशमा भएको हस्तक्षेपका विरुद्ध लड्छन् भनेर कसरी विश्वास गर्न सकिन्छ ? विगतमा अमेरिकाको डरले युद्धमैदान छोडेर भाग्नेहरू आज उही अमेरिकाका विरुद्ध लड्छन् भनेर कसरी विश्वास गर्न सकिन्छ ? साहसी योद्धा त युद्धमैदान छोडेर भाग्दैन, बरु बलिदान गर्न तयार हुन्छ । जस्तो कि हो चि-मिन्हले भनेका थिए- 'हामी साम्राज्यवादका विरुद्ध सय वर्षदेखि लड्दै आएका छौँ । फेरि आवश्यक पर्छ भने हजार वर्षसम्म लड्न तयार छौँ ।'

त्यो वक्तव्य सक्कली हो भने सरकारी नेकपाका नेताहरूले अमेरिकी साम्राज्यवादका विरुद्ध हजार वर्षसम्म लड्ने उद्घोष गरून्, त्यसलाई छिर्न नदिनका लागि सशक्त गठबन्धन बनाउने साहस गरून् । तब वक्तव्य सक्कली हो भन्ने कुरा प्रमाणित हुन्छ ।

सक्कली वस्तुसँग नक्कली वस्तु मिसाउनु हुँदैन । हीरासँग काँच मिसाउनु हुँदैन । सुनसँग पित्तल मिसाउनु हुँदैन । त्यसो गरियो भने सक्कलीको मूल्यमा नक्कली वस्तु बिक्ने खतरा हुन्छ । त्यसकारण सरकारी नेकपाको त्यो वक्तव्यका सम्बन्धमा यति भन्न सकिन्छ, 'नक्कलीदेखि सावधान !'

# एनसेलको टावर हटाउन घरधनीलाई नेकपाको पत्र

■ **रातो खबर संवाददाता**/कैलाली




नेपाल कम्युनिस्ट पार्टी जिल्ला सङ्गठन समिति कैलालीले बर्दगोरिया वडा नं. २ का मधु रिजाललाई पत्र काट्दै देशको अर्बौं राजस्व लुट्ने एनसेलको टावर हटाउन अनुरोध गरेको छ ।

जिल्ला पार्टीका तर्फबाट लेखिएको पत्रमा भनिएको छ, 'यहाँलाई अवगत नै छ, जनताको श्रम र पसिनामाथि ब्रह्मलुट मच्चाउने भ्रष्ट तथा दलाल सङ्घसंस्था, पात्रहरू र यसका संरक्षकहरूविरुद्ध हाम्रो पार्टी निरन्तर सङ्घर्षरत छ । सङ्घर्षकै क्रममा एक दर्जनको हाराहारीमा उच्च बलिदानसमेत भइसकेको छ । यस्तै भ्रष्ट, ठग र राष्ट्र नै लुट्ने दूरसञ्चार सेवा प्रदायक कम्पनी एनसेलले यो देशका भ्रष्ट नेता, कर्मचारी र न्यायाधीशसमेतलाई घूस दिएर अर्बौं रुपैयाँ करछली गरी नाङ्गो रूपमा लुटपाट मच्चाइरहेको कुराप्रति पनि तपाईं जानकार हुनुपर्छ ।'

पत्रमा अगाडि भनिएको छ, 'हाम्रो स्पष्ट बुझाइ के छ भने नेपालमा विद्यमान दलाल संसदीय व्यवस्था तथा यसैको संरक्षणमा भ्रष्ट, दलाल तथा देश लुटेराहरूको राज्यसत्ता कायम रहँदासम्म र यसलाई वैज्ञानिक समाजवादी व्यवस्थाले विस्थापन नगर्दासम्म शान्ति, स्थिरता र जनताको समृद्धिको कल्पना किमार्थ गर्न सकिँदैन । अतः तत्काललाई तपाईंको भवनमा जडान गरिएको एनसेल टावर यथाशीघ्र हटाउन लगाएर हाम्रो अनुरोधलाई सकारात्मक रूपमा ग्रहण गरी सहयोग गरिदिनुहुन अनुरोध गर्दछौँ ।'




**नेपाल आयल निगम लिमिटेडको खाना पकाउने ग्यास (एलपी ग्यास) प्रयोगकर्ताहरूलाई सुरक्षा सम्बन्धी अति आवश्यक जानकारी**

एल.पी. ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकोले यसको पर्याप्त सतर्कता र सावधानी अपनाउनु जरुरी हुन्छ । यसैले खाना पकाउने ग्यासको चुहावटले दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्ता वर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

**दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू**

१. सिलिण्डर ल्याउँदा लैजाँदा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्ट्याएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रबर पाइप, चुलोजस्ता उपकरणहरू गुणस्तर भएको मात्र प्रयोग गरौं । साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं । खाना पकाउँदा सँधै झ्यालढोका खुला राखौं र सुतीको कपडा लाएर मात्र खाना पकाउने गरौं ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं ।

**ग्यास चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू**

१. खाना पकाउने स्थानमा एल.पी.ग्यासको तिखो गन्त्र आइरहेको छ भने ग्यास चुहिएको छ भन्ने बुझ्नुपर्दछ । ग्यास लिग भएमा पहिले रेगुलेटरको र पछि चुलोको नव बन्द गरौं ।
२. ग्यास हावाभन्दा गह्रौं हुने भएकोले तल भुईंमा बस्छ त्यस्तो अवस्थामा झ्यालढोका सबै खुला गरौं र आगोको झिल्का निस्कने वस्तुहरू जस्तै ग्यास चुलो, सलाई, लाइटर, धुप आदि नबालौं । साथै बिजुलीबत्तीलगायत कुनैपनि वस्तु नचलाऔं ।
३. ग्यास लिग भइरहेमा सिलिण्डरबाट रेगुलेटर छुटाई भल्वमा सेफ्टी क्याप लगाएर घरबाहिर खुला ठाउँमा राखौं । र छिटो भन्दा छिटो नजिकको ग्यास विक्रेता वा सम्बन्धित ग्यास उद्योगलाई खबर गरौं ।

सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।

उपभोक्ताको हितमा
नेपाल आयल निगम लिमिटेड

नेपाल आयल निगम लिमिटेड
केन्द्रीय कार्यालय, बबरमहल
फोन : ४२६२९७०, ४२६३४८५

निर्देशक : **अनिल शर्मा**, प्रबन्धनिर्देशक : **भीमप्रसाद चापागाईं**, सम्पादक : **अशोकप्रसाद सुवेदी**, कार्यकारी सम्पादक : **प्रकाश डुम्रे**, प्रकाशक : **रातोखबर प्रकाशन गृह प्रा.लि.**, कार्यालय : बागबजार, काठमाडौँ, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौँ